# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २३ वैशाख २०८२
# मङ्गलबार
# बैठक सङ्ख्या- ६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१८ बजे प्रारम्भ भयो।

(१२:१८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य इन्दिरा देवी गौतम।

(१२:१९ बजे) माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू मनसुनसँगै भित्रने प्राकृतिक प्रकोपबाट यो वर्ष पनि हामी सबै त्रसित हुनुपर्ने स्थिति सिर्जना हुन थालेको छ। अझ मध्य वर्षात आउन बाँकी नै छ। विगतमा बाढी, पहिरो, कटान डुबान आदिमा परेका अव्यवस्थित बसोबास भएका र भूकम्पमा घर भत्किएर अझै अलपत्र परेका जनसमुदायहरूको भारी वर्षा अगाडि नै बसोबासको उचित व्यवस्थाको लागि संवेदनशील भएर सक्रिय पहलकदमीको लागि सम्बन्धित निकायको ध्यान जाओस् भन्न चाहन्छु। यसैगरी देशका विभिन्न भागमा निर्माणाधीन र मर्मत हुँदै गरेका सडकहरुमा यात्रुहरूले आवतजावतमा सास्ती भोग्दै आएका छन्। वैकल्पिक उपाय सहित मर्मत कार्यलाई अझ

तीव्रताका साथ अगाडि बढाई यातायातलाई सहज बनाउनका निमित्त सम्बन्धित निकायको ध्यान जाओस् भन्ने अनुरोध गर्दछु। धन्यवाद।

(१२:२० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलबासे ।

(१२:२० बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, राउटे समुदाय हाम्रो देशको लोपुन्मुख जाति हो। लोपउन्मुख जातिको संरक्षण गर्नु सरकारको दायित्व राउटे जाति दैलेख जिल्लाको गुराँस नगरपालिकामा दर्ता भएको जाति रहे पनि आसपासका जिल्लामा फिरन्ते जीवन बिताउने फिरन्ते जीवनमा रमाउने गर्दछ। सम्पूर्ण स्वास्थ्य बच्चाहरूको शिक्षा, सिकाई, पेशा, सिपको लागि व्यवस्थित बसाई बसाउन आवश्यक छ। पालिकाको भनाई अनुसार राउटे जातिका बालबालिका, एकल महिला सुरक्षा भत्ता दिनको लागि समस्या परेको जानकारी गराउनु भएको थियो। जन्मदर्ता, बिहे दर्ता, मृत्यु जस्ता दर्ता गर्नुपर्ने विषयहरुमा समस्या भएको नामहरू परिवर्तन गर्ने, जन्म मितिहरू फेरि राख्ने समस्याले हामीलाई अप्ठ्यारो परेको छ भन्दै हुनुहुन्थ्यो र विद्यालयमा लैजाने र व्यवस्थित गर्नका लागि म सरकारसँग अनुरोध गर्छु। हस् धन्यवाद।

(१२:२१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१२:२१ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले भर्खरै सरकारले ल्याएको नीति तथा कार्यक्रम ५६ पेज १५५ बुँदा छ तर त्यहाँ दलितको विषय सम्बोधन गरिएको छैन। २२ नम्बरमा भूमिहीन दलित मात्रै भनिएको छ दलितप्रति यो अलिकति पूर्वाग्रही भयो कि भन्ने मलाई लाग्छ र यो विषय सम्बोधन होस्। अर्को कुरा बनेपा बर्दिबास हुँदै पूर्व जाने बाटो जुन भकुन्डेबेसीदेखि नेपालथेथोक सम्मको खण्ड १८ किलोमिटर छ। १८ किलोमिटर वर्षा लागिसकेपछि सम्पूर्ण रुपमा बन्द हुने र यातायात आवागमन ठप्प हुने स्थिति छ। यो दुईवटा प्रदेशसँग जोडिएका करिब सवा करोड मान्छेहरूको राजधानीसँगको कनेक्सनसँग जोडिएको विषय भएको हुनाले म नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु र सम्माननीय अध्यक्ष मार्फत यो निर्माण कार्य तीव्र गतिमा (समय सकिएको।)

(१२:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जग प्रसाद शर्मा।

(१२:२२ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने हाम्रो राष्ट्रको नारा हो। अहिलेको सरकारले नीति तथा कार्यक्रमको बुँदा नम्बर ८३ मा अपाङ्गहरूको खेलकुदका निम्ति व्यवस्था गरेको छ। खुसीको कुरा हो तर अहिलेसम्मको इतिहासमा यो ओलम्पिकमा सहभागी भएको नेपाली खेलकुद क्षेत्र ओलम्पिकमा सहभागी भएको ६५ वर्ष भयो। पाराओलम्पिक भन्ने अपाङ्गहरु सहभागी हुन थालेको २५ वर्षको इतिहास छ। तर राज्यको यसमा लगानी पनि छैन र ध्यान पनि छैन। तर यसका बावजुद पनि तीनवटा पदकहरु ठुलठुला राष्ट्रिय झण्डा अन्तर्राष्ट्रिय रुपमा फहराउने गरी तीनवटा पदकहरु जितेको इतिहास छ। पलेसा गोवर्धन, प्रवाह आङदाग्वे र विक्रम बहादुर राणाले यी पदहरु जितेर आएका छन्। तसर्थ यो प्याराओलम्पिक क्षेत्रमा सम्मानीय अध्यक्ष मार्फत म सरकारको गम्भीरतापूर्वक ध्यान आकर्षण गर्न चाहन्छु राष्ट्रिय पाराओलम्पिक रङ्गशाला बनाउनुपर्यो। अपाङ्ग खेलाडीलाई यस क्षेत्रमा राज्यले लगानी गर्नुपर्यो र यस क्षेत्र (समय सकिएको।)

(१२:२३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तारामान स्वाँर।

(१२:२३ बजे) **माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अछामको जयगड बजार र साँपेबगर हाट बजारमा भएको आगलागीका घटनाका पीडितहरूलाई राहत दिने र पुनर्स्थापना गर्ने सम्बन्धमा सरकारले के गरिरहेको छ त्यस्तै दार्चुलाको महाकाली नगरपालिका वडा नम्बर ४ र ५ अन्तर्गत महाकाली नदी किनारमा रहेको नेपाली भूमिमा भारतले अतिक्रमण गरी तटवन्ध निर्माण गरीरहेको छ। त्यसलाई रोक्न सरकारले के पहल गरिरहेको छ भन्ने सम्बन्धमा सम्बन्धित माननीय मन्त्रीज्यूहरूले यस सदनमा जानकारी दिनका लागि सम्माननीय अध्यक्ष महोदय मार्फत माग गर्दछु। धन्यवाद।

(१२:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१२:२४ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- माननीय अध्यक्ष महोदय, हाम्रो देशमा बालसुधार गृह नौ वटा छन्। त्यसमा तीनवटा बालसुधार गृह नेपाल सरकार आफैंले सञ्चालन गरेको छ भने ६ वटा बालसुधार गृह युनिसेफको सहयोगमा सञ्चालित छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका प्रावधानहरूको पुनरालोकन गर्नुपर्ने देखिएको छ। अहिले बाल सुधार गृहमा १४०० बालबालिकाहरू भएको भनिन्छ र बालसुधार गृहमा भक्तपुरको एउटा घटना घट्यो जसमा कमल बस्नेतको निधन भयो उपचारको क्रममा यसैगरी नौबस्तामा विभिन्न बालसुधार गृहमा रहेका बालबालिकाहरु जो झडपमा परे पारिए र तिनीहरुलाई समेटेर अहिले १८ देखि ३२ वर्ष सम्मको बालबालिकाहरू बालसुधार गृहमा रहेका छन्। र त्यहाँ कुटपिट हुने झैझगडा हुने, हिंसा हुने भइरहेको छ र प्रशासन आफै पनि भित्र छिर्न सक्ने अवस्था छैन। बालबालिकाहरु भित्र के गरिरहेका छन् कसरी बसिरहेका छन् भनेर अनुगमन गर्न नसक्ने अवस्था भएको हुनाले म सम्मानीय अध्यक्ष मार्फत नेपाल सरकारलाई बालसुधार गृहहरूको अनुगमन गर्नको निम्ति अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१२:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य माया प्रसाद शर्मा।

(१२:२५ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, नलगाड न.पा. २ डाँडागाउँ जाजरकोटका रामबहादुर सुनार २०८१ असारदेखि दुवईको सेनेट फ्यासिलिटी रेजि रेजिमेन्ट भन्ने कम्पनीमा काम गर्न गएका चैत्र १९-२०८१ मा मृत अवस्थामा फेला परेका छन् र परिवारको हिसाबले कसैले मारेको भनेर भन्ने आशंका छ। आजसम्म यता स्वदेशमा ल्याउने भएको छैन र सबै ठाउँमा धाउनु पर्ने फोन एकले अर्कोलाई सार्ने स्थिति छ। उहाँको सब नेपालमा ल्याउनका लागि सरकारसँग माग गर्दछु। जाजरकोट जिल्लाको पश्चिम बेल्टमा रहेको जडीबुटी चोतरो, दालचिनी, कोइरालो, काउलो लगायतका अवैद्य रुपले खरिद गर्ने अथवा ल्याउने भएको छ। (समय सकिएको।)

(१२:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राधेश्याम पासवान।

(१२:२६ बजे) **माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय सिरहा जिल्ला लहान नगरपालिका वार्ड नम्बर १२ मा अवस्थित प्रसिद्ध ऐतिहासिक पौराणिक सांस्कृतिक स्थलको रुपमा परिचित शैलेशको फूलबारी रहेको हो।

वैशाख १ गतेका दिन हराम र सुनखरीको रुखमा वर्षको एक पटक फूल फुल्ने गर्छ र लाखौं सङ्ख्या त्यो दिन मेला लाग्ने गर्छ। अध्यक्ष महोदय जनमत पार्टीका अध्यक्ष सीके राउत र मधेस प्रदेशका मुख्यमन्त्री सतिश सिंहले सहलेस फुलबारीको नजिकमा अम्बेडकर पार्कको वैशाख १५ गते शिलान्यास गरिएको छ। राजा शैलेशको मौलिकता नष्ट गर्ने प्रयास मधेस प्रदेशका मुख्यमन्त्री र जनमत पार्टीका अध्यक्ष सिके राउतबाट भइरहेकोले यसलाई केन्द्रीय स्तरबाट संरक्षण सम्बर्धन प्रवर्द्धन गर्नको लागि अध्यक्षज्यू मार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शारदा देवी भट्ट।

(१२:२७ बजे) <u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्मानीय अध्यक्ष महोदय सुदूरपश्चिम ७ नम्बर प्रदेशकै सान गेटा मेडिकल कलेज विश्वविद्यालयको बारेमा केही कुरा उठेको देखिँदैन। नीति तथा कार्यक्रममा पनि खासै चासो गरेको देखिँदैन कतै सुदूरपश्चिमी सुदूरपश्चिमेली जनतालाई धोका हुने त होइन। अध्यक्षज्यू मार्फत नेपाल सरकारसँग छिट्टै सञ्चालनमा ल्याउनु जोडदार माग गर्दछु। धन्यवाद।

(१२:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शेखर कुमार सिंह।

(१२:२८ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रीक समाजवादी पार्टी नेपाल)</u>:- यो वर्षभन्दा आगामीका वर्षमा पनि मधेस प्रदेशमा जनता आवास कार्यक्रमको रुपमा संघीय सरकारबाट गइराखेको योजनामा करिब करिब न्यायको बराबर गएको छ। यसपालि यो जनता आवासको आयोजनामा सरकारले निश्चित रुपमा आगामी बजेटमार्फत नै सुव्यवस्थित गरेर त्यहाँ पठाईदिएदेखि जनता आवास बिल्कुलै असहाय जनताका लागि हो त्यो हुनैपर्छ। र हाम्रो कमलादेखि कोशी खण्डको राजमार्ग खण्ड नै वडा अव्यवस्थित रुपमा बनिराखेको छ। सम्बन्धित मन्त्रीज्यूलाई म आग्रह गर्न चाहिरहेका छु। यो बाटो छिटोदेखि छिटो सम्पन्न होस् भन्दै आफ्नो दुई शब्द यही ..

(१२:२९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा बि.सी.।

(१२:२९ बजे) **मानननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, वर्षायामसँगै जाजरकोट रुकुम लगायतका जनताहरूको देशभरिकै जनताहरू जस्तै उहाँहरूको पनि चिन्ता भएको छ। किनभने भूकम्पले हल्लाएको बस्तीहरू हामीले अझै पूरा गर्न सकिरहेका छैनौं र अस्ति भर्खर सानो आएको पानीले पनि हुम्ला जिल्लामा बाढीले ठूलो क्षति गरेको छ। यो धेरै क्षति भइसकेपछि गर्नुभन्दा पहिले यो क्षतिका बारेमा समयमै होसियार हुन सम्बन्धित निकायको ध्यान जानमा हार्दिक अनुरोध गर्न चाहन्छु। र यस्तै गरेर नेपालगञ्ज लगायतका विभिन्न देशका खुला सीमाहरु छन्। यो खुल्ला सीमाबाट दुव्यशनिहरुले ड्रगसहरु ओसारपसार गरेर तमाम धेरै नेपाली युवाहरूको जीवन बर्बाद भएकोले यतातिर कडा भन्दा कडा नाकाहरूमा कडा गर्नका निम्ति म अनुरोध गर्छु। धन्यवाद।

(१२:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८२ साल वैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८२/८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रम जारी रहन्छ। माननीय सदस्यहरू, छलफलमा भाग लिन माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य भगवती न्यौपाने समय १५ मिनेट त्यसपछि माननीय उर्मिला अर्याल।

(१२:३१ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी सरकारको नीति तथा कार्यक्रम २०८२/०८३ को छलफलकै क्रममा जुटिरहेका छौं। म सबभन्दा पहिला नीति तथा कार्यक्रमलाई स्वागत गर्न चाहन्छु, समर्थन गर्न चाहन्छु। हामीले विगतदेखिकै नीति तथा कार्यक्रमहरू हेर्दै आएका छौं तर यो अहिले सरकारको तर्फबाट प्रस्तुत भएको नीति तथा कार्यक्रम धेरै विगतको भन्दा धेरै नै वैज्ञानिक छ, यथार्थ धरातलमा टेकेर ल्याइएको छ, धेरै सान्दर्भिक छ। हामीले विगतदेखिको गर्दै बहस गर्दै आइराखेका थियौं। नीति कार्यक्रम त्यस्तो हुनुपर्छ, बजेट त्यस्तो ल्याउनुपर्छ सरकारले जुन कार्यान्वयन नै गर्न नसक्ने खालको ल्याउनु हुँदैन। लामो लामो कथा लेखेर ल्याउनु हुँदैन। निबन्ध लेखेर ल्याउन हुँदैन। अनेक खालका शब्दजालहरू बुनेर ल्याउन हुँदैन। वास्तविकता

भन्दा फरक ढंगले प्रस्तुत गर्न हुँदैन। हामीले विगतदेखि भन्दै आएको त्यही हो। कार्यान्वयन गर्न सकिने जति ल्याउनुपर्छ। अहिले जनताले बोलेका कुराहरू धेरै विश्वास नगर्ने किन भइराखेको छ जे बोलिन्छ त्यो गरिन्छ। भन्ने विश्वास सरकारकोतर्फबाट पनि त्यो विश्वास दिलाउन जरुरी थियो, छ। हामी सबैले बोलेका कुराहरु पुरा गर्नुपर्छ भन्ने विश्वास त्यो मनोविज्ञान सिर्जना गर्न जरुरी थियो। त्यसैले सरकारले पनि यो सरकारको आधिकारिक दस्तावेज हो। नीति तथा कार्यक्रम त्यसैले जे लेखिएको छ त्यो कार्यान्वयन गर्न सकिन्छ भन्ने आधारमा ल्याउनुपर्ने थियो। सरकारले त्यसै गरेको छ। यो निबन्ध लेखिएको छैन। यहाँ विगतमा जस्तो अनेक फुर्का झुण्डयाईएको छैन ।यो कविता जस्तो एकदम सुन्दाखेरि कविता जस्तो सुनिने खालको पनि छैन। यसमा अनेक खालका शब्दजालहरू बुनिएका छैनन्। त्यसैले गर्न सक्ने कुरा लेखिएको छ यो विगतको भन्दा केही सानो आकारको पनि छ। त्यसैले गर्दाखेरि पनि म यो नीति कार्यक्रमको समर्थन गर्न चाहन्छु। र यहाँ केही धेरै नयाँ कुराहरू पनि आएका छन्। धेरै नयाँ कुराहरुलाई समेटेर ल्याइएको छ। (क) देखि (ट) सम्मका केही नयाँ बुँदाहरू छन्। ती बुँदाहरूमा धेरै नयाँ कुराहरू पनि छन्। सबभन्दा पहिला मलाई लाग्छ हामी के सत्तापक्ष के प्रतिपक्ष हामी सबैले मुक्तकण्ठले प्रशंसा गर्छौं होला भन्ने मलाई लागिराखेको थियो। सबैले स्वागत गर्छौं होला भन्ने मलाई लागिरहेको थियो। त्यो (क) नम्बर बुँदामा नै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्ने विषय उल्लेख गरेको छ। प्रतिगमन पुनरुत्थानवादका विरुद्ध, अराजकताका विरुद्ध प्रतिवाद गर्ने विषय उल्लेख गरेको छ। हामी राष्ट्रिय सभामा सबै गणतन्त्रका पक्षधरहरू छौं। त्यसैले मलाई विश्वास थियो हामीले यसलाई मुक्त कण्ठले सम्मान गर्छौं। स्वागत गर्छौं भन्ने लागेको थियो। त्यसैले यो धेरै राम्रो विषय उठाएको छ र सान्दर्भिक पनि छ। त्यस्तै (ख) नम्बर बुँदामा उल्लेख गरेको छ संविधानको रक्षा गर्ने, संविधानलाई कार्यान्वयन गर्ने, संविधानको समीक्षा गर्ने संविधानमा देखिएका कमजोरीहरुलाई संशोधन गर्ने त्यो कुरा उल्लेख गरेको छ। हामीले बहस यो जुन दुई दलीय दुई दलको गठबन्धन भएको थियो। दुईटा ठूला दलको गठबन्धनको सरकार भएको थियो। केका निम्ति भएको थियो भनेर भन्दाखेरि संविधानको संशोधनलाई प्रमुख विषय मानेको थियो। त्यसैले आज यो आधिकारिक दस्तावेजमा सरकारको आधिकारिक दस्तावेजमा संविधान संशोधन गर्ने कुराले प्रवेश पाएको छ। त्यसैले अब बहसले पनि प्रवेश पाउँछ। संविधान संशोधन गर्ने भनेको होइन भनेर धेरै प्रश्नहरु उठेका थियो उठाइएको थियो। तर आज त यो आधिकारिक दस्तावेजमा नै आयो नि त्यसैले यो स्वागतयोग्य छ। अब हामी संविधान संशोधन केमा गर्न सक्छौं? संविधानमा देखिएका कमजोरीहरु कसरी करेक्सन गर्न सक्छौं? भन्ने विषयमा बहस गर्छौं बरु यसको सहमतिमा भनेर भनिएको छ सहमतिको कुरा गर्दै गर्दाखेरि मलाई लाग्छ सरकारले पनि स्पष्ट पार्ला। राजनीतिक प्रक्रियामा

सहमति खोज्ने हो तर संवैधानिक प्रक्रियामा संविधानको सवालमा दुई तिहाई कानुन पारित गर्दाखेरि बहुमतले पारित गर्ने हो त्यो प्रक्रिया त छँदै छ। त्यसैले सहमति भनेको सकेसम्म राजनीतिक प्रक्रियामा बाहिर नै सहमति गर्ने प्रयत्न गर्ने कुरालाई भनेको होला। यदि त्यसो भएन भने दुईतिहाइ बहुमतले पनि संविधान संशोधन गर्ने संवैधानिक व्यवस्था छँदैछ। त्यो विषयमा सरकारले स्पष्ट पार्ला। जे होस् यो स्वागत योग्य छ। त्यस्तै अर्को विषय ग नम्बरमा भनेको छ। स्वस्थ प्रतिस्पर्धा सहकार्य संवादलाई निरन्तरता दिँदै राजनीतिक स्थिरतालाई कायम गर्ने नीतिगत स्थायित्वलाई सुनिश्चित गर्ने कुरालाई उल्लेख गरेको छ। यो अत्यन्तै विशाल हृदयका साथ आएको छ। त्यसैले मलाई लाग्छ यो विषयमा पनि हामी सबैले मुक्तकण्ठले नै यसलाई स्वागत गर्नुपर्ने थियो जस्तो मलाई लाग्छ। यो सबैको सरोकारको विषय हो। हामीले सुझाव हामीले पनि पक्षले पनि दिनुपर्छ। तर रचनात्मक सुझाव दिने हो। त विरोध गर्नेको नाममा यो नीति कार्यक्रममा कहीँ विरोध गर्नपर्ने विषय छ जस्तो मलाई लाग्दैन। अझ मलाई यो नीति कार्यक्रममा भएको अर्को एउटा राम्रो पक्ष हामीले विकासको बारेमा धेरै बहस गर्यौंं। योजनाहरूको बारेमा, आयोजनाहरू बारेमा धेरै छलफल गर्यौं। किन  आयोजनाहरू सम्पन्न हुन सक्दैनन्? समयमै आयोजनाहरु किन सम्पन्न हुन सक्दैनन्? हामीले सोचेको जस्तो जनताले अपेक्षा गरेको जस्तो आयोजनाहरू समयमै किन सम्पन्न हुन सक्दैनन्? त्यो विषयमा आज यसले सम्बोधन गरेको छ। यो नीति कार्यक्रमले सम्बोधन गरेको छ। त्यसैले अब विकासको ढाँचा बदल्नुपर्छ। विकासको गति बदल्नुपर्छ, विकासको संस्कृति बदल्नुपर्छ। अब हामी यथास्थितिबाट मुलुकलाई समृद्ध बनाउन सक्दैनौं। जनतालाई सुखी बनाउन सक्दैनौं। जनतालाई सुखी बनाउन सक्दैनौं। त्यसैले हामीले अवलम्बन गर्दै आएको विकासको ढाँचामा कतै कमजोरी त छैन भन्ने कुरालाई यसले आत्मसात गरेको छ। त्यसैले मलाई लाग्छ कमजोरी छ। कैयौं योजनाहरू आज सङ्घको १८ हजार आयोजनाहरू मध्ये कतिपय आयोजनाहरु अलपत्र छन्। कतिपय आयोजनाहरु अनावश्यक छन्। कतिपय आयोजनाहरूलाई प्राथमिकता दिनु नपर्ने आयोजनाहरू प्राथमिकता दिइएको छ। हजारौं त्यस्ता आयोजनाहरु छन्। त्यो आयोजनाले गर्दाखेरि हामीले सोचेजस्तो विकास हुन सकेको पनि छैन। आर्थिक रुपमा मुलुकले एउटा सुदृत अर्थतन्त्र, सुदृढ बनाउन सकेको पनि छैन। त्यसैले गर्दा विकासको मोडल परिवर्तन गर्नुपर्दैन र? पर्छ भन्ने कुरालाई आज पहिलोपटक नीति कार्यक्रमले आत्मसात गर्यो। त्यसकारणले यो स्वागतयोग्य छ। त्यसैले यहाँ भनिएको छ अब हामीले केही आवश्यकता अहिले तत्काले आवश्यकता नभएकाहरुलाई स्रोतको आकलन गरेर स्थगन गर्ने। र कतिपय त्रुटिपूर्ण आयोजनाहरु छन्। ती त्रुटीपूर्ण आयोजनाहरूलाई खारेज गर्ने भनेर भनेको छ। त्यो धेरै राम्रो पक्ष हो। विकासमा संघ र प्रदेशको स्थानीय र प्रदेशको जुन एउटा दोहोरोपन छ। त्यो दोहोरोपनलाई हटाउने । एकीकृत परियोजना

बैंक लागू गर्ने भनेर भनेको छ त्यो आफैमा नयाँ छ। यो कुरा कार्यान्वयन हुँदाखेरि धेरै धेरै राम्रो हुन्छ विकासले पनि फड्को मार्छ। त्यसैले यस्ता यस्ता नयाँ विषयहरु छन् फजुल खर्चलाई अब रोक्नुपर्छ। कतिपय संरचनाहरु जो नावश्यक छन् तीनलाई खारेज गर्नु पर्छ। कतिपय संरचनाहरू गाभ्नुपर्छ। कतिपय संरचनाहरु हस्तान्तरण गर्नुपर्छ। यो कुरा यहाँ उठेको छ त्यसैले गर्दा अहिलेसम्मका अव्यवस्थाहरु, अहिलेसम्मका भद्रगोलहरु, अहिलेसम्म यथास्थितिमा चल्दै आएका कुराहरुको अन्त्य जरुरी छ यो कुरा यहाँ उल्लेख छ।

त्यस्तै हामीले बहस गर्दै आइराखेका छौं युवाहरूलाई रोजगार दिनुपर्यो। युवाहरुलाई रोजगारको अवस्था भएन। राष्ट्रिय पुँजीको विकास गर्न पर्यो, उत्पादन बढाउन पर्यो, उत्पादकत्व बढाउन पर्यो, शिक्षा नीतिमा परिवर्तन गर्नुपर्यो, पाठ्यक्रममा व्यापक सुधार गर्नुपर्यो, यो विषय धेरै पटक भनेका छौं। आज युवाहरूलाई रोजगार दिने विषय आएन नि। अर्थतन्त्र अस्तव्यस्त छ सुदृढ गर्ने कुरा आएन नि भनिएको छ। तर अर्थतन्त्रकै कुरा गर्ने हो भने त्यस्तो छैन फरक छ हिजोको भन्दा फरक छ। हामीले डेटा हेर्ने हो, डेटा प्रमाण हो। त्यो डेटा हामीले मनगणन्ते हिसाबले होइन। हामीले राष्ट्र बैंकको डेटालाई आधार बनाउने हो। हामीले तथ्यांक कार्यालयको डेटालाई आधार बनाउने हो। महालेखा परीक्षणको डेटालाई आधार बनाउने हो। त्यो डेटालाई आधार बनाएर हेर्दा आज जिडीपी पनि बढेको छ। हिजो हिजोको सरकारले योभन्दा अगाडिको सरकारले लगभग ३% जस्तो आर्थिक वृद्धिदर हिजोको सरकारको पालामा रहेको वृद्धिदर आज लगभग ५ प्रतिशत पुगेको छ। मुद्रास्फ्रीती हिजो ८% थियो। आज अहिलेसम्म आइपुग्दाखेरि ५% भन्दा तल झरेको छ। व्यापार बढेको छ। त्यसैले डेटाले के भन्छ भन्ने कुरालाई हामीले हेर्ने हो अर्थतन्त्र उकालो लागेको छ, यसले यो भन्छ। त्यस्तै ग्रे लिस्टको कुरा पनि उठेको छ। ग्रे लिष्ट २४ घण्टामा भएको हो? ग्रे लिष्ट यही नौ महिनामा भएको हो? नेपाल ग्रेलिस्टमा परेको पर्ने आधारहरु त्यही हो? म त भन्छु बसौं तथ्याङ्क हातमा लिएर बहस गरौं। ग्रे लिस्टमा पर्ने कारणहरूमा खोज्दै जाँदाखेरि जनयुद्धमा भएका कमजोरीहरुसम्म पुग्छ कुरा। त्यस पछाडिका पटकपटकका सरकारहरुले गरेका सबै कुराहरू हेरौं न डेटा लिएर, तथ्याङ्क लिएर बहस गर्न बसौं। हिजो केपी ओलीको नेतृत्वको सरकार हुँदाखेरि पनि हिजो केपी ओलीले तीन वर्षसम्म नेतृत्व गर्दाखेरि हिजो आर्थिक वृद्धिदर झण्डै ८% मा पुगेको थियो। १० वटा उदयमान आर्थिक विकास गर्ने १० वटा उदयमान देशभित्र नेपाल पनि परेको थियो। ती सबै कुराहरू बिर्सन मिल्छ र त्यसैले म अर्थतन्त्र यद्यपि हामीले अझ सुदृढ बनाउनु पर्ने छ। तर पनि एकदमै बर्बाद भयो हिजोभन्दा खत्तमै भयो। आज अस्तव्यस्त नै भयो। जे ढंगले भनिएको छ त्यस्तो होइन। त्यसैले अर्थतन्त्रलाई सुदृढ गर्नका निम्ति अब हामीले डिजिटलको प्रयोग अनिवार्य छ। कर

प्रणालीलाई रूपान्तरण गर्न अनिवार्य छ। यो कुरा नीति कार्यक्रममा आएको छ। युवाहरूलाई जेन्जी पुस्ता भनेको १९९६ देखि २०10 सम्म जन्मिएकालाई जेन्जी पुस्ता अथवा generation “z” भनेर भनिन्छ। त्यो पुस्तालाई प्राथमिकता दिने भनेर भनेको छ। स्टार्टअपमा जोड्ने भनेको छ सरकारी सेवामा इन्टरनेटको प्रयोग गर्ने भनेको छ। यो भनेको आफैमा नयाँ होइन र? त्यसैले बिजनेस प्लानलाई हेर्ने हिजो हिजो के.पी ओलीको नेतृत्वको सरकारले युवाहरुलाई बिना धितो ऋण उपलब्ध गराउने भनेर भन्दै गर्दाखेरि युवाहरुले ऋण लिनुभयो तर ऋण लिएर जे उद्देश्य राखेर जे उद्देश्यले फर्म भर्नुभयो त्यो भन्दा फरक काम गर्नु भो। कोही ऋण लिएर विदेश जानुभयो कोहीले कामै गर्नुभएन। त्यसो भएको हुनाले अहिले बिजनेस प्लान के हो त्यो प्लानलाई हेरेर स्टार्टअपमा जोड्ने प्रायीरिटी दिने भनेर भनिएको छ। त्यसैले युवाहरूलाई महत्व दिएको छ कि छैन पढ्दै कमाउँदै बढीमा २० घण्टासम्म न्यूनतम पारिश्रमिकको न्यूनतम ज्यालाको सुनिश्चितता गरेर पढ्दै कमाउँदै गर्ने त्यो एउटा परिस्थिति निर्माण गर्ने कुरालाई प्रतिबद्धता जनाएको छ। यो हामीले पनि धेरै पटक उठाएको विषय तर म फेरि अनुरोध गर्न चाहन्छु यो कार्यान्वयनमा लैजान जरुरी छ। त्यसैले यो नीति तथा कार्यक्रम कार्यान्वयन हुँदा आज शिक्षामा हामीले सामुदायिक विद्यालयमा पाठ्यक्रम परिवर्तन गर्नुपर्छ। दुई खालको जनशक्ति उत्पादन गर्ने शिक्षा आफैमा ठिक हुँदैन। त्यसैले गरिबले पढ्ने शिक्षा एउटा गरिबको छोराछोरीले धनीका छोराछोरीले पढ्ने शिक्षा अर्को हुनुहुँदैन भनेर भन्दै गर्दा सामुदायिक विद्यालयमा पाठ्यक्रम परिवर्तन गर्ने सिकाई र अध्यापन प्रणाली परिवर्तन गर्ने कुरा उठेको छ। यसले प्रतिबद्धता जनाएको छ। यसले अन्त्य गर्ने। यो परिकल्पना गरेर यो नीति तथा कार्यक्रम आएको छ। त्यसैले गर्दा यो स्वागतयोग्य छ कृषिमा आज २४% - २५% हाम्रो जिडीपीमा योगदान गर्छ कृषि क्षेत्रले। त्यसैले कृषि अनुसन्धानमूलक हुनुपर्छ। हाम्रो देश आफैमा विशिष्ट हावापानी भएको देश हो। त्यसैले कृषि अनुसन्धानमुलक हुनुपर्छ कहाँ के उत्पादन गर्न सकिन्छ उत्पादन बढाउनुपर्छ कृषिमा युवाहरुलाई जोड्नुपर्छ। त्यो कुरा यहाँ आएको छ। अब प्राङ्गारिक मलको कारखाना हामीले खोल्नुपर्छ। अब विषादी आयत गर्ने कुरालाई नियमन गर्नुपर्छ। माटोको गुणस्तर घटाउने ह्रास हुनेगरी हामीले विषादीको प्रयोग गर्नु रासायनिक मल (.....समय सकिएको।)

(१२:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य उर्मिला अर्याल समय ७ मिनेट यसपछि माननीय सदस्य कृष्ण प्रसाद पौडेल।

(१२:४७ बजे) **माननीय श्री  उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, मूलत नीति कार्यक्रमको सन्दर्भमा राखिएको विचार र सुझावमा क मा थोप्ला केही पनि परिवर्तन गर्न पाइँदैन। त्यसकारणले जहिले पनि हरेक वर्ष हामी नीति कार्यक्रम छलफल गर्छौं। त्यो नीति कार्यक्रमलाई अझ समृद्ध बनाउने किसिमले छलफल गरेर अझ त्यसलाई समृद्ध बनाउने परिपाटी भएको भए यस्को सान्दार्भिकता बढी हुन्थ्यो तर त्यो केही पनि गर्न नपाउने जुन परिपाटी छ त्यो परिपाटीले यो छलफलहरु पनि हामी के भनेदेखि अर्को वर्षलाई सुझाव होला भने फेरि अर्को वर्षमा अर्को सन्दर्भ फेरिसकेको हुन्छ। त्यसकारणले यो गरिएको नीति कार्यक्रम दिएका सुझाव र नीति कार्यक्रमलाई आफै समृद्ध र उन्नत बनाउन भएका पहल बक्स राष्ट्रिय सहमति निर्माण गर्न सक्ने गरी अनौपचारिक छलफल विमर्श सबै दलहरुसँग गरेर यसलाई अझै समृद्ध बनाएर ल्याउन सकिन्थ्यो तर हामी राष्ट्रिय मुद्दाहरुमा साझा सहमतिका आधार तय गरी अगाडि बढ्ने कुरामा कन्जुसाई गर्दैछौं। यो परम्परा तोडेर नयाँ हिसाबले अगाडि बढ्नुपर्ने देखिन्छ। नीति कार्यक्रमको छलफलमा भाग लिने छलफल गर्ने तर त्यसमा आएका राम्रा सुझावहरु विभिन्न क्षेत्र राजनीतिक दलहरु जुन सुझाव आउँछ दलहरुबाट विभिन्न क्षेत्रबाट जुन सुझावहरु आउँछन् हामीले दिएका सुझावहरुलाई समावेश नगरी जस्ताको तस्तै पास गर्ने परिपाटीले व्यर्थको बहसको मात्र अहिले मात्र बनेको छ। त्यसकारणले यो नीति कार्यक्रमको औचित्यता जबसम्म हामी सबैको एउटा सुझावसहित अझ समृद्ध बन्दैन भने यो औचित्यहीन जस्तो मलाई लाग्छ। नीति कार्यक्रम ल्याउनु भन्दा अगाडि नै विभिन्न सरोकार सरोकार समूह दलहरूबीच एउटा छलफल र सुझावहरूलाई लिएर नीति कार्यक्रम ल्याउन सकिन्थ्यो होला तर हामी परम्परावादी भएर बसेका छौं हाम्रा सुझावका कुनै तुक छैन अनौपचारिक रुपमा सबै दल र सरोकार समूहसँग छलफल गरेर सर्वस्वीकार्य नीति तथा कार्यक्रम ल्याउने परम्परा पसलमा अनुरोध गर्दछु। सुशासनको क्षेत्रमा भएका राम्रा कामहरू गर्नेप्रति दुराशय राख्ने कुलमान घिसिङ जो उज्यालो नेपालका नायक हुन्। उनलाई  हटात हटाएर नयाँ जुन किसिमले लिएर आएको छ त्रिविका V.C. जसले राम्रो काम गरिसकेपछि शिक्षा मन्त्रीनै को कुरा गरौं यस्तो यस्तालाई चाहिने हटाउने, दुरासययुक्त तरिकाले व्यवहार गर्ने, दण्डित गर्ने नेपाल अहिले फाइनेन्सियल एक्सन टास्क फोर्सको ग्रे लिस्टमा परेको छ।यो ग्रेलिस्टमा परेकोमा पहिले पनि परेको थियो एकचोटि भन्ने कुरा छ तर अहिले सरकारको नीति कार्यक्रममा दुई वर्षमा यो ग्रेलिस्टबाट हट्ने टार्गेट राखिएको छ। यो गलत भएको छ सरकारले न्यूनतम समय एक वर्षभित्र नै अधिकतम एक वर्षभित्र नै निस्कने प्रयास गर्नुपर्दछ। अझ गलत आर्थिक वृद्धि नियन्त्रण, लघुभित्र ठगीको खोजी र त्यसको निराकरण गरिवी निमुखा तथा सीमान्तकृत आधारभूत तहका जनताका छोरा-छोरी पढ्ने स्कुल र विश्वविद्यालयका शिक्षक

अध्यापकहरूको मनोबल उच्च राख्ने शिक्षा अस्तर गुणस्तरीय र सुलभ हुनुपर्ने कुराहरुमा सरकार चुकेको छ। यसमा कम ध्यान दिएको छ।विश्वविद्यालयका जमिन सम्पदा खुम्चिदै गएको म त्यो विश्वविद्यालयमा पढेको विद्यार्थी हुँ। त्यहाँको कति जमिन थियो कति सेरोफेरो थियो भन्ने कुरा म प्रष्ट देख्छु।म पछि जाँदा मेरो आँखाबाट आँसु आएको छ। त्यति राम्रो गार्डेनहरु थियो सबै व्यवस्थित थियो।त्यो सबै परिसर खुम्चिदै खुम्चिदै अहिले दलालहरूको हातमा त्रिवीको जग्गाहरू परेको छ। सरकारले त्यतापट्टि कुनै सम्बोधन गरेको छैन नीति कार्यक्रममा सुशासनका पक्षमा भएका कामहरु विद्युतमा भएको ठूलो परिवर्तन लोडसेडिङ मुक्त बनाउने कुलमानलाई निष्कासन र हाल आएर नाफामा रहेको विद्युत प्राधिकरणमा अरबौं घाटामा जाने बकबक हालका नियुक्त एमडीबाटै सुन्न पाइएको छ, सुन्नु परेको छ। राष्ट्रिय गौरवका आयोजनाहरू प्राथमिकतामा नपर्नु, फास्टट्र्याकहरु जस्ता चिज छोडेर भ्यु टावरलाई प्राथमिकता दिने जुन प्रचलन रहेको छ त्यो नि वास्तवमा यो विकासमुखी छैन। गाँजा उत्पादन कार्यक्रम र त्यसबाट औषधि उत्पादन प्रधानमन्त्री छोरी कार्यक्रमलाई हटाइएको छ। निजामति सेवा ऐनमा ढिलाई, विदेशबाट फर्केका रिटर्नी उद्यममा जोड्ने कार्यक्रम हटाउने, रेमिटेन्समा देश चल्ने तर उनीहरु प्रति ध्यान नजाने। सुकुम्बासी रु. ५ लाख सुकुम्बासीको समस्या समाधान गर्न जग्गा दिने कुरा हटाउने र तिनको व्यवस्थानको कुरा हटाउने यो गलत भएको छ। खाद्य, फलफुल उत्पादन, प्रसोधन रैथाने बाली उत्पादन संरक्षण गर्ने जस्ता कार्यक्रम हटाउने काम भएको छ।आत्मनिर्भर अर्थतन्त्रको लागि पूर्वाधार निर्माण रैथाने बालीहरूको उत्पादनमा आधारित उद्योगहरूको स्थापना आर्थिक गतिविधिलाई प्राथमिकता दिनुपर्ने हुन्छ। विगतमा राम्रा कामहरू कार्यक्रम गण्डकी त्रिभुज, प्रधानमन्त्री छोरी कार्यक्रमहरू, ब्रोडबेस्टिक कार्यक्रमहरू हटाइएको छ।आत्मनिर्भर अर्थतन्त्रको विकासको लागि सबै प्रदेश विशेष आर्थिक क्रियाकलापलाई समृद्ध बनाउने कार्यक्रम छैन। हाम्रो देश संघीयतामा भइसकेपछि हामीले प्रदेश विशेष किसिमले पनि हामीले आफ्नो टार्गेटहरु र लक्ष्यहरू दिनुपर्थ्यो त्यो नीति कार्यक्रम चुकेको छ। आत्मनिर्भर अर्थतन्त्रमा सरकार कार्यक्रम रूपले चुकेको छ। Make in Nepal, made in Nepal जस्ता कार्यक्रमहरू दुरासययुक्त सोचले हटाइएको छ। प्रदेश विशेषता अनुसारको समृद्धिको आधार तय गर्न कार्यक्रमिक रुपले सरकार चुकेको छ। प्रदेशमा विशेष प्याकेज कार्यक्रम चाहिन्छ। गैरसरकारी संस्थाहरूको समुचित स्रोत परिचालन र सञ्चालनलाई प्रभावकारी बनाउने र दुर्गम क्षेत्र र सीमान्तकृत समुदायमा परिलक्षित गर्नुपर्ने हुन्छ। आवास विहीनहरूको यकिन तथ्याक सहित आवास सुविधा उपलब्ध गराउने। हेपिएका पिछडिएका र समाजका सबैभन्दा तल्लो तहमा रहेका गरिब सीमान्तकृत समुदाय डोम, चमार, सार्की, दलित, अल्पसंख्यक राउटे, चेपाङको लागि विशेष योजना र कार्यक्रम उल्लेख पर्ने देखिन्छ। सीमा सुरक्षा र सीमा अपराध दिनानुदिन

भइरहेको देख्छु। म त्यहाँ पर्साको त्यो ठाउँमा ठोरी नजिकै जहिले पनि उताको भारतीय पुलिसले यहाँको नेपालको प्रहरी निरीह भइरहेको देख्छु। र अन्त्य पनि (....समय सकिएको। )

(१२:५४ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माईक काटि सक्यो अब सिद्धियो समय। माननीय सदस्य कृष्ण प्रसाद पौडेल समय ९ मिनेट। यसपछि माननीय सदस्य उदय बहादुर बोहरा।

(१२:५५ बजे) <u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काङ्ग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रमका बारेमा यस गरिमामय सदनमा आफ्ना केही विचारहरू राख्न चाहन्छु। लोकप्रियतावादी, उग्रदक्षिणवादी, अनुधारवादी, पार्टी प्रवृत्ति र पात्रद्वारा नेपाली समाजमा यदाकदा प्रकट हुने गरेका नकारात्मक सोचको दोहन गरी मुलुकमा केही भएन केही हुन सक्दैन भन्ने भाष्य निर्माण गर्दै संविधानको मर्म र भावना समानुपातिक, समावेशी, सहभागितामूलक संघीय लोकतान्त्रिक गणतन्त्रका प्रति वित्रिष्ना फैलाउँदै धमिलो पानीमा माछा मार्ने प्रवृत्ति यदाकदा देखिन थालेको वर्तमान सन्दर्भमा सरकारको नीति तथा कार्यक्रममा स्पष्ट रुपमा संविधानको मर्म र भावनाको रक्षा गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृत र दर्बिलो बनाउने र संविधानमा देखिएका strength र weakness को बारेमा सघन विश्लेषण गरी सबै राजनीतिक दलहरूको सहमति, सहकार्य र समन्वयमा संविधानमा सुधार गर्ने जस्ता कुराहरु नीति तथा कार्यक्रम आएको हुनाले यस गरिमामय राष्ट्रिय सभामा हामी सबैजना लोकतन्त्रकाप्रति, गणतन्त्रकाप्रति अनेकौं दुःख, कष्ट पीडा सहेका सबै साथीहरू माननीयज्यूहरू भएको हुनाले मलाई के विश्वास छ भने यो नीति तथा कार्यक्रम राष्ट्रिय सभाबाट सर्वसम्मत रुपमा पास हुने कुरामा पूर्ण विश्वस्त हुँदै म र मेरो पार्टीको तर्फबाट यो नीति तथा कार्यक्रमको समर्थन गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, राजनीतिक स्थायित्व र नीतिगत स्थायित्व कायम गर्दै अर्थतन्त्रलाई थप गतिशील र सुद्धृढिकरण गर्नका लागि विकासको ढाँचा गति र संस्कृति बदल्ने उच्च फराकिलो र दिगो आर्थिक वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने, उत्पादन उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, कृषिलाई आधुनिकरण, वैज्ञानिकरण, यन्त्रीकरण गर्ने त्यस्तै IT ऊर्जा पर्यटन क्षेत्रलाई प्रोत्साहन गर्दै आयात प्रतिस्थापन गरी मुलुकलाई आत्मनिर्भर अर्थतन्त्रको बाटोमा उन्मुख गर्ने लक्ष्य यस नीति र कार्यक्रमले लिएको कुरा सबैमा जानकारी नै होला अथवा छ यो। आर्थिक, सामाजिक विकासको गतिलाई तीव्र पार्न निजी क्षेत्रलाई थप प्रोत्साहन गरी लगानी

मैत्री वातावरण सिर्जना गर्न भर्खरै दुवै सदनबाट पास भएका विधेयकले समेत थप उत्प्रेरकको भूमिका निर्वाह गर्ने कुरा घाम झै छर्लङ्ग छ।

सम्माननीय अध्यक्षज्यू, शिक्षा, विकासको पूर्वाधारको पनि पूर्वाधार हो। तसर्थ शिक्षा, नीति आर्थिक विकास, वृद्धि र समृद्धिसँग कोरिलेटेड हुनु आवश्यक छ। दुर्भाग्य हाम्रो शिक्षा नीति हाम्रो मुलुकको आर्थिक विकास वृद्धि र समृद्धिसँगको रिलेटेड छैन। irrelevant छ। त्यसकारणले यो नीति तथा कार्यक्रममा हाम्रो करिकुलम विद्यालयदेखि विश्वविद्यालयकोसम्मको करिकुलम समय सापेक्ष रुपमा परिवर्तन गर्ने कुराहरू उल्लेख हुनु राम्रो पक्ष हो। र हाम्रो जुन करिकुलम छ त्यो irrelevant भएको कारणले हाम्रा शैक्षिक संस्थाहरू यो बेरोजगार उत्पादन गर्ने कारखाना हुन् कि भन्ने वर्तमान कन्टेस्टमा यो करिकुलम चेन्ज गर्ने, शिक्षाको नीति चेन्ज गर्ने जुन कमिटमेन्ट जुन नीति तथा कार्यक्रममा आएको छ। यसलाई म के निवेदन गर्न चाहन्छु भने सरकारले स्ट्रोङ कमिटमेन्टका साथ मुलुकको लागि कस्तो शिक्षा चाहिन्छ आज धेरै युवाहरु, करिब एक सवा लाख युवाहरू, नेपालका अब्बल विद्यार्थीहरू पढ्नको लागि उच्च शिक्षा अध्ययन गर्नको लागि विदेशमा गएको छ। विद्यार्थी मात्रै गएका छैनन्। खरबौं रुपैयाँ पनि बाहिरहेको छ। यी कुराहरुलाई मध्यनजर राखेर सरकारले युवाहरुले रोजेको, खोजेको, चाहेको विषय नेपालमै पढ्न पाउने त्यस्तै नीति तथा कार्यक्रममा कमाउँदै पढ्दै, पढ्दै कमाउँदै नीति पनि छ यसले पनि मूलुकको शिक्षामा केहीन केही सकारात्मक कुराहरु ल्याउला र यो नीति तथा कार्यक्रममा शैक्षिक फाँटमा देखापरेका विकृति, विसंगति र चुनौतीहरुलाई समाधान गर्न नीतिगत र कानुनी प्रबन्ध गर्ने जुन व्यवस्था छ यो उपयुक्त छ त्यस्तै हाम्रो भौगोलिक विकटता को कारणले आज हिमाली जिल्लाहरुमा र उच्च पहाडी जिल्लाहरूमा विद्यार्थी विद्यालयहरूमा कम पनि छन्। त्यसकारणले नीति तथा कार्यक्रममा के महत्वपूर्ण कुरा आएको छ भने स्थानीय तहको समन्वय र सहकार्यमा त्यस्ता हिमाली र पहाडी जिल्लाहरूमा आवासीय विद्यालयहरू स्थापना गर्ने कुरा पनि नीति तथा कार्यक्रममा राम्रो देखिएको छ। त्यस्तै स्वास्थ्य क्षेत्रलाई थप गुणस्तरी र पहुजयोग्य बनाउने सरकारी निकायबाट सञ्चालित कार्यक्रमहरूमा हुने फजुल खर्च रोक्नका लागि अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने, हस्तान्तरण गर्ने विषय पनि नीति कार्यक्रममा उल्लेख छ। यहाँ म के क्लियर गर्न चाहन्छु भने हामीले फजुल खर्च रोक्ने भनेको आम्दानी गर्ने हो। हामीले हाम्रो राजस्वले वर्तमान खर्च धान्न सक्दैन। हाम्रो सोशल सेक्युरिटी फण्ड, तलब, ब्याज हाम्रो विकास बजेट भन्दा बढी तथ्य र तथ्याङ्कले देखाइरहेको छ। त्यसकारणले त्यो फजुल खर्च रोक्ने कुरामा म सरकारलाई अझै मोर कमिटेड, more will power होस् भन्ने निवेदन गर्न चाहन्छु। "सबैसँग मित्रता, छैन कसैसँग शत्रुता" को मान्यता अनुरूप

अन्तर्राष्ट्रिय सम्बन्धलाई थप सुदृत र सन्तुलित बनाउने लगायतका कार्यक्रमहरु नीति तथा कार्यक्रममा भएकोले देशमा केही भएको छ, केही भइरहेको छ, केही हुँदैछौं, केही गर्दैछु भन्ने विश्वास र भरोसा आम नागरिकलाई दिने खालको नीति कार्यक्रम भएको म निवेदन गर्न चाहन्छु।

सम्मानननीय अध्यक्षज्यू, नेपालको वर्तमान आर्थिक अवस्थालाई हामीले विचार गर्ने हो भने हाम्रो रेमिटेन्स बढेको छ। विगत ८ महिनामा  १० खराब भन्दा बढी छ। विदेशी विनिमय २४ खराब भन्दा बढी छ। चालु खाता एक खरबभन्दा बढी छ। शोधानान्तर स्थिति ३ खरबभन्दा बढी छ। आयात निर्यात दुवै बढेको देखिएको छ। तर यी बाह्य सूचकहरू जति सकारात्मक छन्, ती सकारात्मक सूचकहरूको लाभ आम नागरिकहरुले प्राप्त गर्न सकेका छैनन्। जबसम्म उपभोग माग उत्पादन रोजगारी र लगानीको चक्र बलियो हुँदैन तबसम्म अर्थतन्त्रका बाह्य सूचकहरु किताबका माछा जस्तै हुने भएकोले हामी यस्तो अवस्थाको अन्त्य गरेर आम नागरिकको क्रय शक्ति बढ्ने बजारमा बस्तु तथा सेवाको माग सिर्जना हुने, रोजगारी विरुद्ध हुने जस्ता कार्यहरू अपरिहार्य हुन्छ। जननायक बीपी कोइरालाले भन्नुभएको थियो small is beauty. नेपालको वर्तमान सन्दर्भमा आर्थिक गतिविधिलाई थप गतिशील र जीवन्त बनाउनको लागि बैंकमा थुप्रिको छ खर्बभन्दा बढी लगानी योग्य पुजीलाई जननायक बीपीले भनेजस्तै स्थानीय स्रोत र साधनमा आधारित मझौला, ...... र साना रोजगार सिर्जना गर्ने खालका उद्योगहरू स्थापना गरी मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउने खालको बजेट निर्माणका लागि म माननीय अर्थमन्त्रीज्यूलाई हार्दिक निवेदन गर्न चाहन्छु। र यो नीति तथा कार्यक्रम पछि बजेट आउँदाखेरि वि पी ले भनेको small is beauty नेपालको भौगोलिक अवस्था हिमाल, पहाड, तराईको अवस्थालाई मध्यनजर राखेर साना उद्योगहरू स्वरोजगार क्रिएट गर्ने खालका उद्योगहरू ल्याउन म माननीय अर्थमन्त्रीज्यूलाई पनि हार्दिक निवेदन गर्दै मेरो भनाइ यहि अन्त्य गर्दछु।

(१३:०४ बजे) **सम्मानननीय अध्यक्ष**:- माननीय सदस्य उदय बहादुर बोहरा समय ७ मिनेट। यसपछि माननीय सदस्य पूजा चौधरी।

(१३:०४ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्मानननीय अध्यक्षज्यू, हामी २०८२/०८३ को नीति तथा कार्यक्रमको छलफलमा छौं। र यो छलफल गरिरहँदा मुलुकमा बढ्दो भ्रष्टाचार, कुशासन, महङ्गी, बेरोजगारी,

बेथितिले जनता निराश छन्। र बाहिर सुन्निने गरेका कथित प्रतिगमनका चिच्याहट निराशाका प्रतिबिम्ब हुन्, यसैका परिणाम हुन्। हामीले यतातिर गम्भीर भएर सोच्ने कि नसोच्ने? अध्यक्षज्यू पछिल्लो दृष्टान्त यो राज्यका हरेक महत्वपूर्ण निर्णय प्रक्रियामा बिचौलियाको चलखेल र प्रभाव पहुँच, नातावाद, कृपावाद बढिरहेको छ। कमिसनको जालो घृणा र भर्त्सना योग्य छ। पछिल्लो दृष्टान्त यसको दृष्टान्त विद्युत प्राधिकरणको एमडी प्रकरण, त्रिभुवन विश्वविद्यालयको भिसी प्रकरण र सरकारले हालसम्म नियुक्ति गर्न नसकेको राष्ट्र बैंकको गवर्नर यो नै काफी छ। भित्री चिज त धेरै चिज छन्। त्यसो भएको हुनाले योभन्दा भयावह समस्या र काण्डहरू के कति छन् हामी सबै जानकार छौं यसमा मैले बताइराख्नु पर्छ जस्तो मलाई लाग्दैन।

सम्माननीय अध्यक्षज्यू, यस्तै हर्कतले यो कुशासनका कारण देश Financial Task Force को ग्रे लिष्टमा पर्छ। अझै पनि हाम्रो विवेक फेरेन भने, बुद्धि पलायन भने यो black लिस्टमा जाने लगभगै खतरा छ। त्यसो भएको हुनाले यसमा हामी सबैले मैले सरकार मात्रै भन्दैन अरु प्रतिपक्ष राजनीतिक दल सबै सचेत हुन मैले जरुरी देख्छु।

सम्माननीय अध्यक्षज्यू, वर्तमान दुईतिहाइको बलियो सरकारबाट मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने विकास निर्माणको ठोस कार्यदिशा अगाडि सार्ने सुशासनको लागि आम जनतालाई प्रत्याभूति हुने जुन सरकारले दिनुपर्ने एउटा प्रत्याभूति हो। त्यो आम नागरिकलाई निराशाबाट आशावादी बनाउने काम सरकारले नागरिकको आशा जगाउन सक्या देखिँदैन। त्यसो भएको हुनाले यसमा खास गरेर यो नीति तथा कार्यक्रममा यी सबै नसमेटियता पनि आर्थिक वर्षको बजेटमा सरकारले यी सबै चिजलाई समेटेर ल्याओस् म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई आह्वान गर्न चाहन्छु, आग्रह चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यसमा मेरा केही विरोध होइन। मैले केही सुझाव राख्न चाहन्छु। जस्तै बुदाँ नम्बर १३ मा निर्वाहमुखी कृषिको कुराहरू आइराख्या छ। र मुलुकको कुल ग्राहस्थ उत्पादन अर्थात् GDP मा सबैभन्दा धेरै २५.१६ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा आशा जगाउने खालको ठोस नविनतम कार्यक्रम देखिएको छैन। त्यसो भएको हुनाले प्रमुख रूपमा सरकारको ध्यानमा यतातिर केन्द्रित गर्न चाहन्छु। दोस्रो शिक्षा ऐन आउँदैछ। यो स्वागत योग्य कुरा हो। शिक्षा ऐन मात्रै आएर भएन हाम्रो शिक्षा प्रणालीमै खोट छ। यो प्रणालीमै व्यापक सुधार जबसम्म गरेर हामी जाँदैनौं तबसम्म यो अहिले पाठ्यक्रम परिवर्तन गरे पनि पाठ्यक्रम मिलान गरे पनि यो शिक्षाले हामी निश्चित गन्तव्यमा पुग्न सक्दैनौं देशलाई हामीले निश्चित गन्तव्यमा लग्नसक्दैनौं। त्यसो भएको हुनाले यतातिर सरकारको ध्यान जान जरुरी छ।

स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउने कुराहरु आइरहेको छ। र सबै खाले बिरामीको निःशुल्क उपचार गर्नको लागि शिक्षामा एउटा ठोस कार्यक्रम आउन जरुरी छ। दोस्रो यो पर्यटन क्षेत्रमा राम्रो मुनाफा विदेशी मुद्राको राम्रो आयआर्जन गर्ने राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सलाई सरकारले कुनै पनि सरकारले राम्रोसँग दृष्टि पुऱ्याउने नसकेको देखिन्छ। त्यसकारण नेपाल एयरलाइन्स लगायत पर्यटन क्षेत्रका अन्य क्षेत्रहरुलाई पनि सरकारले उपयुक्त तरिकाले ध्यान दियोस् र अर्को यो (ग) मा संविधानको पुनरावलोकन गरेर संशोधन गर्ने कुरा आएको छ। यो साँच्चिकै यो सरानीय छ तर यसको प्रक्रिया कहिलेदेखि सुरु गर्ने? यसको टाइम Duration के हो? कि यो सत्ता आरोहणको भऱ्याङ जस्तै सातबुदे जस्तै यो कतै बिलाएर जाने त होइन? त्यसो भएको हुनाले यो निश्चित समय दिएर यसको व्यापक रुपले छलफल गरिनुपर्छ। सर्वसम्मत तरिकाले, सर्वदलीय तरिकाले र यसको एउटा आयोग वा कमिटी छिटोभन्दा छिटो गठन गर्नुपर्छ। यो मलाई यो मैले सरकारलाई सुझाव गर्न चाहे। सम्माननीय अध्यक्षज्यू, अर्को यो गाँजा उद्योग गत वर्षको कार्यक्रम नीतिमा आएको थियो। यो असाध्यै मान्छेहरू धेरै खुसी पनि थिए। जुन एक किसिमले खेर गइरहेको जसले डलरको लागि, डलर कमाउनको लागि ठूलो टेवा दिने गाँजा खेतीलाई अहिले कतातिर हरायो त्यो देखिएन यो फेरि पनि यसलाई वैधानिक मान्यता दिनको लागि यो गाँजा खेतीलाई प्रोत्साहन गरियोस्। सरकारले आफ्नो नीति कार्यक्रम भित्र पारोस् भन्ने म अनुरोध गर्दै बिदा हुन्छु। धन्यवाद।

(१३:११ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य पूजा चौधरी समय ७ मिनेट यसपछि माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:११ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u> :- सम्माननीय अध्यक्षज्यू, यस आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमका विषयमा छलफल गरिरहँदा म पनि आफ्ना केही सुझावहरू राख्न गइरहेकी छु। कृषि क्षेत्रमा उद्यम गर्न चाहनेहरूलाई पाइलट प्रोजेक्टको व्यवस्था गर्ने र प्रधानमन्त्री कृषि आधुनिककरण परियोजना पुन संरचना गर्ने भनिएको छ। तर हाम्रो देश कृषि प्रधान देश हुँदाहुँदै पनि यहाँ कृषिजन्य वस्तुको आयातले देशको अर्थतन्त्र दिन प्रतिदिन खस्किदो अवस्थामा छ। हरेक वर्ष कृषि उत्पादनको र युवाहरूलाई कृषिमा आकर्षित गर्नका लागि नयाँ कार्यक्रमहरू ल्याए पनि न युवाहरुलाई कृषिमा आकर्षित गर्न सकियो। न त कृषि उत्पादनमा वृद्धि नै गरेको पाइयो। कृषि प्रधान देश भनिएता पनि हाम्रो देशमा कृषि पेशा मर्यादित र सम्मानित पेशा बन्न सकिरहेको छैन स्वदेशमै रोजगारी

सिर्जना गर्ने गरी युवाहरूको विदेश पलायन रोक्ने नीति राम्रो छ तर कामका लागि विदेश जाने धेरैजसोस युवाहरू स्नातक पास छैनन्। अझ भनौ मधेस प्रदेशका सबभन्दा बढी युवाहरू खाडी मुलुक रोजगारीको लागि जान बाध्य छन्। तर यस नीति तथा कार्यक्रममा स्नातक पास गरेकाहरूलाई मात्र २० घण्टाका दरले भत्ता दिएर इन्टर्न गर्न दिने उल्लेख छ। यसले स्नातक नगरेका युवाहरूलाई स्वदेशमा बस्ने वातावरण हुँदैन। यस्तो अवस्थामा उनीहरू विदेश पलायन हुन बाध्य हुन्छन्। सार्वजनिक सेवालाई प्रभावकारी बनाउन त्यसले सेवाको विस्तार गर्नु राम्रो हो। सरकारी र सार्वजनिक सेवामा नागरिकको पहुँच सहज बनाउन अधिकांश सेवाहरूलाई नागरिक रूपमा जोडिएको नीति तथा कार्यक्रममा छ। नागरिक सेवा पहुँचलाई सजिलो र छिटो बनाउन विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवा एकै स्थानबाट प्रदान गर्न नागरिक एप्लाई मुख्य डिजिटल उपकरणको रूपमा भएसम्म सबै सेवा अनलाइन गर्ने अहिलेको डिजिटलाइजेसनको जमानामा छिटो छरितो उपाय हो। तर संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म बुझेर संघ प्रदेश र स्थानीय तहका सरकारहरूको काम कारबाहीमा प्रभावकारिता ल्याउने समन्वय र सहकार्य अभिवृद्धिको कुरा गरिए पनि संघीयता कार्यान्वयनका क्रममा देखिएको अधिकार क्षेत्रका विवाद अझ पनि चुनौतीपूर्ण छ। निजामती ऐन, प्रहरी ऐन, शिक्षा ऐन कहिलेसम्म राज्य व्यवस्थाले कार्यान्वयन गर्ने हो अन्योल नै छ। ऐन जनताले माग्ने हो कि राज्य व्यवस्थाले दिने हो यसप्रति म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु। फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने वा पूर्ण संरचना गर्ने नीति तथा कार्यक्रम सिमितमै देखियो। भ्रष्टाचार नियन्त्रणमा कुनै स्पष्टता देखिएन उच्च तथा दिगो आर्थिक विकासका लागि भौतिक पूर्वाधारको क्षेत्रमा सार्वजनिक तथा नीति लगानीलाई प्रवर्द्धन गरिने यस नीति तथा कार्यक्रममा छ। तर अहिले वर्षायाम नजिकिँदै गर्दा बाढी पहिरोले हुने धन जनको क्षति रोक्न कुनै ठोस नीति भने देखिएन। दैवी प्रकोपले भत्किएका संरचनाहरुलाई पुननिर्माणको लागि पनि कुनै कार्यक्रम समावेश भएको देखिएन। निरोगी नेपाल अभियान अन्तर्गत सबै नागरिकहरुलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने कुरा स्वागत योग्य छ। तर संक्रामक रोग र महामारीको रोकथामका लागि अपनाइने निगरानी प्रणाली चुनौतीपूर्ण छ। साथै जलवायु परिवर्तनले निम्त्याउन सक्ने स्वास्थ्य समस्याहरुलाई पनि बेलामै समाधानका लागि क्लाइमेट हेल्थ रेजिलियन युनिट विकास गर्ने भनिएता पनि जलवायु परिवर्तनले हाम्रो स्वास्थ्यमा पर्ने असरहरुलाई कम गर्ने वा समाधान गर्ने कार्यक्रममा कमी पाए “prevention is better than cure” भने जस्तै यसका असरहरुलाई कम गर्न पहिला नै सचेत हुन जरुरी देखिन्छ। चुरे संरक्षणलाई राष्ट्रपति चुरे तराई मधेश संरक्षण परियोजनाको पूर्ण संरचना यस नीति तथा कार्यक्रममा छ। हरेक वर्ष सरकारले चुरे संरक्षणको लागि बजेट छुटाए पनि यो

वर्ष पनि नीति तथा कार्यक्रममै सिमित नहोस् भन्न चाहन्छु। नत्र यसले मानव जीवनमा पर्ने असरहरुलाई नकार्न सकिन्न त्यस्तै भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी भनिए पनि भूमिहीनमा दलित मात्रै पर्छ र? साथै यस नीति तथा कार्यक्रममा नसमेटिएका पनि दलित, आदिवासी, जनजाति, थारु, मुस्लिम सबैको लागि स्पेसल प्याकेजको व्यवस्था गर्न यस बजेटमा राखिदिनु हुन विनम्र अनुरोध गर्दछु। साथै यस नीति तथा कार्यक्रममा धेरै कुराहरू समेटिएको छ र देश र जनताको हितमा छ। त्यसैले समयको पाबन्दीले गर्दा मैले केही सुझावहरु मात्र राखेकी हुँ। र कार्यान्वयन नभएका काम कारबाहीलाई छिटो कार्यान्वयन गर्न निवेदन गर्न चाहन्छु। धन्यवाद।

(१३:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य इन्दिरा देवी गौतम समय ८ मिनेट। यसपछि माननीय सदस्य गंगाकुमारी बेलबासे।

(१३:१७ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, यही वैशाख १९ गते सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय संसदको संयुक्त सदनमा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमका सम्बन्धमा मेरा थोरै विचारहरू राख्न चाहन्छु। अध्यक्ष महोदय, संविधान जारी भएयता दोस्रो निर्वाचन सम्पन्न भएपश्चात बनेका सरकारका नीति तथा कार्यक्रमहरूमध्ये अहिले हामी तेस्रो वर्षको नीति तथा कार्यक्रम माथि छलफल गरिरहँदा विगतका नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा गर्नु राम्रो हुनेछ। समीक्षा गरिरहँदा लोकतान्त्रिक प्रणालीको संस्थागत विकास र सुदृढीकरण संविधानको सर्वोच्चताको सुनिश्चितता तथा कानुनी राज्यको प्रत्याभूतिको मामलामा उल्लेख्य सफलता प्राप्त गरेका छौं। यद्यपि व्यवस्था विरोधी तत्त्वहरू समाजमा विद्यमान विभिन्न किसिमका असन्तुष्टि र निराशाबाट फाइदा उठाउँदै मुलुकलाई प्रतिगमन तर्फ धकेल्ने कोसिस पनि गरिरहेका छन्। लोकतान्त्रिक प्रणाली र आर्थिक विकासको बाटोमा मुलुकलाई सँगसँगै लैजान सकिन्छ र लानुपर्छ भन्ने मान्यताबाट निर्देशित हामीले अबको ध्यान विकास समृद्धि तर्फ केन्द्रित गराउन आवश्यक छ। यस कुरालाई मध्यनजर गरी नीति तथा कार्यक्रमले बिग्रँदो अर्थतन्त्रलाई सही दिशातर्फ उन्मुख गराउनुका साथै शासकीय सुधारको क्षेत्रमा पनि भ्रष्टाचार र अनियमितता जस्ता कुरालाई न्यून गर्दै सुशासनको प्रत्याभूति दिलाउने कुरामा यो नीति तथा कार्यक्रमले सही दिशा समातेको छ भन्ने मलाई लागेको छ।

अध्यक्ष महोदय, देश आर्थिक संकटबाट गुज्रिरहेको वर्तमान अवस्थाबाट शंकटग्रस्त अर्थतन्त्रलाई सुधार गर्दै देशलाई समृद्धितर्फ डोर्याउने र जनतामा विश्वासिलो भरपर्दो आशा जगाउने किसिमको नीति तथा कार्यक्रम हुनुपर्छ भन्ने हाम्रो मान्यता रहिआएको छ यसर्थ प्रस्तुत नीति तथा कार्यक्रमले उल्लेखित अवस्थामा सुधारको प्रत्याभूति गराउँदै जनतामा भरोसा जगाउने छ भन्ने मेरो विश्वास छ। यो नीति तथा कार्यक्रम परम्परागत सेरोफेरोबाट बाहिर निस्कन सकेन भन्ने केहीलाई लागेको सुनिन्छ। तर मेरो विचारमा यो नीति तथा कार्यक्रमले संविधान जारीपछिको पहिलो निर्वाचित सरकारले सुरु गरेका आर्थिक विकास र समृद्धिका लागि रूपान्तरणकारी योजनाहरुलाई निरन्तरता दिन खोजेको छ भन्ने मलाई लागेको छ। त्यसैगरी त्यसयता सुरु गरिएका थुप्रै उपयुक्त राम्रा कार्यक्रम तथा नीतिहरुलाई अगाडि बढाउने प्रतिबद्धता प्रस्तुत नीति तथा कार्यक्रममा प्रष्ट देखिन्छ। राजनीतिक स्थायित्वले मात्र नीतिगत निरन्तरताको सुनिश्चितता हुने हुँदा राजनीतिक स्थायित्व कायम गर्दै सुशासन, विकास र सामाजिक न्याय सहित समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्ने तर्फ नीति तथा कार्यक्रमले ध्यान दिएको मैले पाएको छु। नीति तथा कार्यक्रममा छलफल गरिरहँदा वर्तमान सरकार सरकार गठन हुँदा घोषणा गरिएको ७ बुँदे सहमतिलाई कार्यान्वयन गरिने प्रतिबद्धतासँगै विकास निर्माणका क्रममा देखापरेका कमी कमजोरीलाई सुधार गर्न विकासको ढाँचा गति र संस्कृति फेर्ने प्रतिबद्धताले नागरिकमा आशाको संचार जगाउने विश्वास गर्न सकिन्छ। विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका महत्त्वपूर्ण पूर्वाधार आयोजनाको पुनः प्राथमिकीकरण गर्ने अनावश्यक सार्वजनिक संरचना खारेज वा पुनसंरचना गरिने उल्लेख भएको हुँदा यसबाट विकास निर्माणमा तीव्रता आउने विश्वास गर्न सकिन्छ। सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ मा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने घोषणासमेत गरेको छ। उक्त प्रतिवेदन कार्यान्वयनबाट सकारात्मक दिशामा अगाडि बढ्दै गरेको अर्थतन्त्रलाई अझ तीव्रताका साथ अगाडि बढाउन सुनिश्चितता गर्नेछ भन्ने विश्वास गर्न सकिन्छ। १६ औं योजनाका नविनतम घोषणा कार्यान्वयन गर्ने र सन् २०३० भित्र दिगो विकासको लक्ष्य पूरा गर्ने गरी काम गर्ने उद्देश्य नीति तथा कार्यक्रमको राम्रो पक्ष रहेको छ। संविधानका सबल पक्षलाई सुदृढ गर्न र कार्यान्वयनको क्रममा देखिएका कमी कमजोरी सच्याउन राजनीतिक दलहरु बीच आपसी सहकार्य र सहअस्तित्वको नीति अपनाई सहमतिको आधारमा संशोधनको प्रक्रिया अघि बढाउने प्रतिबद्धता यस नीति तथा कार्यक्रमले गरेको छ। नीति तथा कार्यक्रममा सरकारी खर्चमा विनियोजन कुशलता वृद्धि गरी उच्च प्रतिफलयुक्त आयोजनामा लगानी केन्द्रित गरिने र रोजगारी सिर्जना र विस्तारका कार्यक्रमहरु प्रस्तुत हुनुले पुँजीगत खर्च वृद्धि र विकासका आयोजनाहरुमा आवश्यक रकमको उपलब्धता सहज हुनेछ भन्ने विकास आयोजनाले तीव्रता पाउने छ। तथापि

हरेक वर्ष प्रस्तुत गरिने नीति तथा कार्यक्रमहरूमा यी विषयहरू दोहोरिने गरेकाले कार्यान्वयनमा विश्वास गर्न नसकिने अवस्था आउन सक्ने भएको हुनाले यसतर्फ सरकार गम्भीर हुन आवश्यक छ। प्रस्तुत नीति तथा कार्यक्रमले कृषि अर्थतन्त्रलाई उच्च प्राथमिकता दिएको कुरा रसायनिक मल खरिदमा गरिएको नीतिगत सहजीकरणले पनि जनाउँछ। रसायनिक मलको मूल्य आपूर्ति वितरण प्रक्रियालाई परिमार्जन गरी कृषि मल कारखाना स्थापना गर्ने जस्ता कार्यक्रमलाई प्राथमिकता दिई रसायनिक मल खरिदमा विगतमा देखिएको बेतिथिहरूलाई हटाई पर्याप्त बजेटको व्यवस्था गरी सोही अनुसार कार्यान्वयन भएको अवस्थामा कृषिजन्य उत्पादनमा महत्त्वपूर्ण योगदान पुग्नेछ भन्ने मलाई लागेको छ।

सम्माननीय अध्यक्ष महोदय, विगतमा जस्तै गरिनेछ र हुनेछ भन्ने शब्दावली प्रयोग गरिएको छ। विगतमा ती कुराहरुलाई बजेटमा समावेश गर्न नसकिएको तितो अनुभव हामीसँग छ। नीति तथा कार्यक्रममा प्राथमिकताका साथ उल्लेख हुने तर बजेटमा त्यसअनुसार प्राथमिकता नदिने परम्परालाई तोड्दै उल्लेखित क्षेत्रलाई आगामी बजेटमा पनि समावेश गर्ने तर्फ सरकारको गम्भीर ध्यान जाओस् भन्न चाहन्छु। अन्त्यमा नीति तथा कार्यक्रमका आधारमा आगामी बजेट आउनेछ र त्यसको कार्यान्वयन पनि प्रभावकारी हिसाबबाट हुनेछ। यसबाट मुलुकमा निराशाको ठाउँमा आशा र शिथिलताको ठाउँमा उत्साह जगाउनेछ भन्ने विश्वास लिएको छु। यो स्पष्ट खाका कोरेको विकास र समृद्धिको सपना साकार पार्ने उद्देश्य सहित प्रस्तुत नीति तथा कार्यक्रमको म स्वागत र समर्थन गर्दछु। हस् त धन्यवाद।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गंगा कुमारी बेलवासे। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१३:२५ बजे) <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय नेपाली जनताको लगानी विद्युतमा गर्ने भनेर अहिले सरकारले एउटा नीति ल्याएको छ। हिजोसम्म प्राधिकरण १८ घण्टा लोडसेडिङ गर्ने अवस्थामा थियो। त्यसपछाडि निरन्तर प्रगति गर्दै नाफामा रहेको विद्युत प्राधिकरणबाट कुलमानलाई हटाउने जुन लगातारको प्रपंच भयो र हटाइयो र अहिले ५ करोड घाटामा छ भनेर सार्वजनिक गरेर श्वेतपत्र जारी गरिएको छ। यो हिसाबले नेपाली जनताले विद्युतमा कसरी लगानी गर्न सक्छन् कसरी विश्वास जित्न सक्छ सरकारले? यस्ता प्रश्नहरू उब्जिएको छ। यो भन्दा केही समय अगाडि नीति कार्यक्रम ल्याउनकै लागि बजेट ल्याउनका लागि सजिलो होस् भनेर अध्यादेशबाट थुप्रै कानूनहरू संशोधन गरिएको छ। सरकार कसको पक्षपोषण

गरिराखेको छ भन्ने कुरा प्रश्न उब्जिएको छ। जनताको पक्षमा छैन, गरिबहरूको पक्षमा छैन, दुखीहरूको पक्षमा छैन, अल्पसंख्यकको पक्षमा छैन, महिलाको पक्षमा छैन, बालबालिकाको पक्षमा छैन, दलितको पक्षमा छैन, सम्बोधन यसो गरिएको छ एकलाईन कार्यक्रम छैन। कार्यक्रम नभएपछि विश्वास छैन हाम्रो। त्यसो भएको हुनाले सरकार यो ढंगले अगाडि बढिरहेको छ र नेपाली जनताको विश्वास सरकार प्रति छैन भन्ने कुराहरु म राख्न चाहन्छु। पानी ताल बनाएर खानेपानीको व्यवस्था गरिने छ भनेर सरकारले ल्याएको थियो मेरो यसमा संशोधन छ। हिमाली स्प्रिङ वाटर बिक्री गरेर पैसा आम्दानी गर्नुपर्छ उद्योग पहाडमा हिमालमा खोल्नुपर्छ भन्ने कुरा मैले राखेको छु। भरणकोलागि व्यवस्था गरिनेछ भनेको छ। तालको विभिन्न ठाउँमा ठूलठूला अहिले हामीले चिन्ने एउटा भरतताल छ। त्यस्तै ठुलठुला ताल बनाएर त्यहाँबाट पर्यटकीय आम्दानी पनि गर्ने आय आर्जन पनि गर्ने र पानीको भरणलाई पनि व्यवस्था गर्ने गरि व्यवस्था गर्नुपर्छ भन्ने कुराहरु म राख्न चाहन्छु। चालु रहेका गौरवका योजनाहरुमा धेरै लगानी छिटो लगानी गरेर छिटो सिध्याउने र सरकार कुन ढंगले अगाडि जान खोजेको त्यो ढंगले जानका लागि सरकार जाओस् र गौरवको योजनाहरु छिटो सिध्याउँ भन्ने कुराहरु म राख्न चाहन्छु। त्यस्तै गरेर निरन्तरको माग पछाडि गाँजालाई कानुनी व्यवस्था गरेर औषधि उत्पादन औषधि प्रयोग बिक्री वितरण विदेशी मुद्रा आर्जन गर्नका लागि विधेयक ल्याउने भनेर अघिल्लो सरकारले नीति कार्यक्रममा ल्याएको थियो। सरकारले त्यो गर्न सकेन त्यो गरेन र अहिले नीति कार्यक्रममा पनि राखेन। त्यस्तो पूर्व मेचीदेखि पश्चिम महाकालीका हिमाली र पहाडी क्षेत्रमा उत्पादन हुने जसको कपडा लगाइराखेका छौं। जसको ब्याग भिरिराखेका छौं जसको कोट लगाइराखेका छौं र हाम्रो नेपालको आफ्नो उत्पादन हामीले भनेर गाँजाका लुगाहरु लगाइराखेका छौं। गाँजाको पात काम लाग्छ जरा काम लाग्छ त्यसको नशा काम लाग्छ र त्यसबाट उत्पादन हुने औषधिजन्य वस्तु काम लाग्छ। त्यसमा कुनै नीति सरकारले लिइराखेको छैन यो यसलाई अगाडि बढाउनुपर्छ होइन भने हामी गैर हाम्रो यो सरकारी विधेयक होइन गैर विधेयकबाट पनि हामीले यसले अगाडि बढाउने छौ भन्ने कुराहरू म राख्न चाहन्छु। र विदेशी मदिरालाई कम गर्दै बिक्री वितरणलाई कम गर्दै नेपाली कच्चा पदार्थबाट उत्पादन हुने मदिराको ब्राण्डिङ गरियोस् भन्ने कुराहरू पनि म राख्न चाहन्छु।

यस्तै गरेर ८१ मा थप संशोधन गरी वैकल्पिक हेरचाह गर्नुपर्ने बालबालिकाहरूका लागि यहाँ सबै ठाउँबाट राष्ट्रपति हटाइएको छ। राष्ट्रपतिकै संरक्षकत्वमा बालबालिका संरक्षण गर्न सातवटै प्रदेशमा सञ्चालन गर्नका लागि व्यवस्था गरियोस् भन्ने कुराहरु राख्न चाहन्छु। उमेर रुचि अनुसारको शिक्षा दीक्षा सीप विकास गर्ने व्यवस्था मिलाइयोस् भन्ने कुराहरु म राख्न चाहन्छु। बालिका सशक्तिकरण कार्यक्रम ल्याउनुपर्दछ शारीरिक मानसिक शैक्षिक विकासको लागि आवश्यक तालिम सबै प्रदेशमा दिने व्यवस्था गर्नुपर्दछ भन्ने कुराहरु म राख्न चाहन्छु महिला अधिकारका कानुनलाई एकीकृत र परिमार्जित गरी छाता ऐन ल्याउनुपर्दछ भन्ने कुराहरु म राख्न चाहन्छु। ५१ प्रतिशतमा रहेका महिलाहरूको

आयआर्जन र रोजगारीको लागि ग्रामीण क्षेत्रमा कक्षा पदार्थको उपलब्धताको सुनिश्चित गर्दै साना मझौला उद्योगहरु महिलाहरु सहभागी हुने गरी खोल्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। महिला विरुद्धका भेदभाव अन्त्य गर्ने कार्यक्रम खै? बालबालिकाका अधिकार कार्यान्वयन गर्ने कार्यक्रम खै? अपाङ्गका अधिकारको कार्यान्वयन गर्ने कार्यक्रम खै? अल्पसंख्यक पिछडिएको क्षेत्र वर्ग जातिहरूको विकास गर्ने कार्यक्रम खै? राउटे चेपाङ जस्ता अल्पसंख्यक जातिहरुको संरक्षणको कार्यक्रम खै? भूमिपुत्र थारु मधेसी दलितहरुको उत्थानको कार्यक्रमहरु खै? र सरकारले १८ वटा कानुन बनाउने भनेर कानुनी व्यवस्था गर्नेछौं भनेर ल्याएका यहाँ व्यवस्थाहरू छन्। यसमा गर्नैपर्ने कानुनहरु ल्याउनै पर्ने कानुनहरू हामीले अगाडि बढाउने छौ र सरकारले यति धेरै कानुनहरू बनाउन कोसिस गरेको छ। १८ वटा कानुनको मसँग लिस्ट छ। त्यो १८ वटा कानुन कहिले भन्ने हुन् कहिले लागू गर्ने हुन् र यो आजको नीति कार्यक्रम लागू हुने हो। यो कुरा एउटा प्रश्नको रूपमा खडा भएको छ। प्राथमिकताको बुँदा भनेर विद्यालय शिक्षामा देखिएका चुनौतीलाई समाधान गर्न कानुन बनाउने विद्यालय कर्मचारीको समस्या अहिले उहाँहरूले आन्दोलनको रूपमा उठाउन खोजिराख्नु भएको छ र यो विद्यालय शिक्षासँगै जोडेर हामीले लेखापाल, ड्राइभर, विद्यालय सहयोगीहरूलाई पनि त्यहाँ व्यवस्था गर्नुपर्छ अथवा छुट्टै कानुन ल्याउनुपर्छ। त्यो कुरा छुटेको छ भने व्यवस्था गरेर अगाडि बढाउनुपर्छ भन्ने कुराहरु राख्न चाहन्छु। वित्त परिचालन सम्बन्धी विधेयक ल्याउने भनेर भनेको छ सरकारले कहिले ल्याउने हो? कहिले व्यवस्थित गर्ने हो ? नीति तथा कार्यक्रम व्यवस्थित गरी Digital Bank व्यवस्था गरिनेछ भनेर भनेको छ। भूमि सम्बन्धी विधेयकलाई यसै अधिवेशनमा ल्याउने भनेको छ ल्याउनुपर्छ त्यसलाई पास गर्नुपर्छ र भुमिहीनहरूलाई जग्गाको व्यवस्था हुने गरी बसोबासको व्यवस्था हुने गरी पास गर्नुपर्छ र यी विभिन्न कानुनहरु समयमा ल्याए समयमा पास गरोस् र सम्बन्धित पक्षले यसको यसबाट लाभ उठाउन सकोस् भन्ने कुराहरु म राख्न चाहन्छु। यस्तै गरेर सङ्घीय स्वास्थ्य सेवा ऐन ल्याउने भनेर भनेको छ यो जरुरी छ र यसलाई एकीकृत गरेर ल्याउनुपर्छ भन्ने कुराहरु राख्दै मेरो भनाइलाई यहीं अन्त्य गर्छु। हस्त धन्यवाद।

(१३:३३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कृष्ण बहादुर रोकाय। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य गोमा देवी तिमल्सिना ।

(१३:३३ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय नेपाल सरकारद्वारा २०८२ वैशाख १९ गते संसदमा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथि सम्मानित संसदमा छलफल गरिराखेका छौं। यसपटक सरकारद्वारा प्रस्तुत नीति

तथा कार्यक्रम विगतका नीति तथा कार्यक्रमभन्दा फरक ढङ्गले आएको मैले महसुस गरेको छु। विगतमा नीति तथा कार्यक्रम अत्यन्त ठुलो र महत्वाकांक्षी भएर आउने गर्दथ्यो भने यसपटक त्यसलाई चिरेर शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने विकास निर्माणको ठोस कार्यदिशा अघि सार्ने र नागरिकमा रहेको निराशालाई आशा जगाउने गरी नीति तथा कार्यक्रम आएको छ। सम्माननीय अध्यक्ष महोदय सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम १५५ बुँदामा आएको छन्। नीति तथा कार्यक्रमले खासगरी ११ वटा विषयलाई जोड दिएको छ।जसमध्ये संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने गरी संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने यसका विरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी र पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने भनिएको छ। त्यस्तै १० वर्षमा संविधानलाई पुनरावलोकन गर्ने भनिएकोले संविधानको समीक्षा गर्ने यसको सबल पक्षलाई सुदृढ गर्ने र कार्यान्वयन गर्ने क्रममा देखिएका कमीकमजोरीलाई सच्याउन सहमतिको आधारमा संविधानको प्रक्रिया अगाडि बढाउने भनिएको छ।

त्यस्तै राजनीतिक स्थायित्वका लागि स्वस्थ प्रतिस्पर्धमा आपासी संवाद सहकार्य र सहस्तित्वको नीतिमा राजनीतिक स्थायित्वलाई निरन्तरता दिँदै नीतिगत स्थिरता सुनिश्चित गर्ने भनिएको छ। विकास निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाउन विकासको ढाँचा गति र संस्कृति फेर्न विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका पूर्वाधार क्षेत्रका सबै परियोजनाका पुन प्राथमिक गर्ने परियोजनाहरुलाई वर्गीकरण गर्ने आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न हुने र यस संसदको अवधिभित्र सम्पन्न हुने गरी समय तालिका निर्धारण गर्ने भनिएको छ। र त्यसपछि निर्माण तथा निर्माणमा गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आकलन गरी सम्पन्न हुने सम्भावना नभएको परियोजना स्थापना गरेर त्रुटी गर्ने परियोजनालाई खारेज गर्ने समेत भनिएको छ। त्यस्तै शिक्षा क्षेत्रको सुधार र गुणस्तरीय शिक्षाको लागि विद्यालय शिक्षामा देखिएका चुनौती समाधान गर्न नीतिगत तथा कानुनी प्रबन्ध गर्ने भनिएको छ। यस्तै उद्यमशीलता मैत्री शिक्षाको नीति अपनाई कानुन श्रम क्षेत्रमा रहेको सीपयुक्त श्रम शक्ति अभाव र सीपविहीन श्रम शक्ति जगेडा रहने अवस्थाको अन्त्य गर्ने भनिएको छ। सार्वजनिक सेवालाई प्रभावकारी बनाउन फेसलेस सेवाको विस्तार गर्ने नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणको रूपमा विकास गरी सम्भव भएसम्मका सबै सेवा अनलाइन गर्ने लगायतका महत्वपूर्ण व्यवस्था गरिएको छ। सम्माननीय अध्यक्ष महोदय संविधानमै स्वास्थ्य नागरिकको मौलिक हकको रूपमा उल्लेख गरिएको छ। तर सबै नागरिकले संविधान बमोजिम स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न नसकिरहेको अवस्थामा यस पटकको नीति तथा कार्यक्रममा सरकारले स्वास्थ्यलाई प्राथमिकता दिएको छ। जसमा छरिएर रहेका सामाजिक सुरक्षा कोष कर्मचारी सञ्चयकोष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम एकीकृत गरी बीमा बोर्डमार्फत संचालन गर्ने भनिएको

छ। स्वास्थ्य प्रणालीको विकास जनसङ्ख्या भूगोलको आधारमा गर्ने भनिएको छ। संघीय स्वास्थ्य सेवा ऐन स्वास्थ्य सेवा गुणस्तर नियमनका लागि राष्ट्रिय गुणस्तर प्रत्ययन प्राधिकरण ऐन तर्जुमा गर्ने भनिएको छ। सातवटै प्रदेशमा सघन जलन उपचार र मुटु सेवा विस्तार गर्ने भनिएको छ।प्रत्येक वर्षको फागुन महिनालाई नसर्ने रोग Screen महिना घोषणा गर्ने भनिएको छ। क्यान्सर तथा मृगौला प्रत्यारोपण उपचार प्रदेश स्तरमा विस्तार गर्ने भनिएको छ।पाठेघरको मुखको क्यान्सर विरुद्धको HPV खोप र १४ वर्ष मुनिका बालबालिकाका उपचारका लागि निशुल्क क्यान्सर उपचार गर्ने भनिएको छ। मस्तिष्क मेरुदण्ड मानसिक र स्नायु रोगको उपचारका लागि काठमाडौंमा अत्याधुनिक राष्ट्रिय न्युरो साइन्स केन्द्र स्थापना गर्ने महत्वपूर्ण कुरा यो नीति तथा कार्यक्रममा छ। सबै सरकारी अस्पताललाई एउटै Online सेवामा आबद्ध गर्ने गरी नागरिक एपलाई सुधार गर्ने भनिएको छ। आधारभूत तथा अत्यावश्यक औषधि उत्पादन गर्ने भनिएको छ। सम्माननीय अध्यक्ष महोदय संघीयतालाई कार्यान्वयन गर्ने गरी ३ वटा महत्वपूर्ण संघीय निजामती विधेयक, विद्यालय शिक्षा विधेयक, नेपाल प्रहरी सशस्त्र प्रहरी विधेयक यसै अधिवेशनबाट पारित गर्ने नीति सरकारले लिएको छ जो अत्यन्त महत्वपूर्ण छ।

सम्माननीय अध्यक्ष महोदय म अन्त्यमा सम्मानित सदनमा एउटा सुझाव पेश गर्न चाहन्छु। यो नीति तथा कार्यक्रम राम्रो हुँदाहुँदै पनि यसमा अझ सरकारले यो नीति तथा कार्यक्रममा सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी मानव सूचाङ्कमा पछि रहेका प्रदेशलाई प्राथमिकता दिइनेछ भन्ने नीति तथा कार्यक्रममा आउन सकेको भए अझ राम्रो हुन्थ्यो। अझ ठोसमा भन्ने हो भने कर्णालीको जडिबुटी र जलस्रोत र मधेशको जमिनलाई उपयोग गर्ने गरी अझै ठोस ढंगले आउनपर्थ्यो भन्ने कुरा म यहाँ सुझाव राख्न चाहन्छु। जस्तै सम्माननीय अध्यक्ष महोदय अहिले पनि कर्णाली प्रदेशको मानव सूचाङ्कलाई हेर्ने हो भने सन् २०२२ मा कर्णाली प्रदेशको HDI ०.५७५ रहेको छ। जुन सातै प्रदेश मध्य छैठौं स्थानमा पर्दछ। त्यस्तै प्रकारले सन् २०२४ मा कर्णाली प्रदेशको साक्षरता दर ७६.६% रहेको छ र कर्णाली प्रदेशमा आज पनि ५१.७ % जनसङ्ख्या बहुआयामिक गरिबीको अवस्थामा छन्। जुन राष्ट्रिय रूपमा उच्चतम दर हो। त्यसकारण सम्माननीय अध्यक्ष महोदय म सरकारलाई आग्रह गर्न चाहन्छु। यो नीति तथा कार्यक्रममा छुट हुन गएका विषयहरू यसमा कमी भएका विषयहरूलाई सरकारले जुन अब आउने बजेटको सिद्धान्त र प्राथमिकता जुन सरकारले संसदमा पेश गर्छ र त्यसपछि बन्ने जुन बजेट हुन्छ। जुन बजेटको निर्माण हुन्छ, त्यो बजेटमा यस्ता क्षेत्रलाई प्रमुख प्राथमिकता दिईयोस् भन्ने कुरा पनि म सुझाव राख्न चाहन्छु। र सँगसँगै यसलाई यहाँ माननीयज्युहरुले उठाउनुभएको छ। कतिपय माननीयज्युहरुले यसमा कार्यान्वयनको कुरालाई अलि बढि जोड दिनुभएको छ। वास्तवमा कार्यक्रम जति राम्रो भए पनि नीति जति राम्रो भए पनि मुख्य पार्ट भनेको मुख्य पाटो कार्यान्वयन नै हो। त्यसकारण कार्यान्वयनको पाटोलाई सरकारले विशेष

हिसाबले जोड दिनुपर्छ भन्ने कुरा म आग्रह राख्न चाहन्छु। र सँगसँगै थुप्रै यस्ता विषयहरु हामीले पहिले पनि भन्दै आइरहेका छौं। र यसपटकको बजेटमा सरकारले यही नीति तथा कार्यक्रमलाई टेकेर जुन हिजो पछि परेका जति प्रदेशहरू छन् र त्यो प्रदेशलाई कमसेकम सन्तुलित विकासको जुन आत्मसाथ गरेर त्यसलाई बजेटलाई प्राथमिकतामा राख्ने गर्न सरकारले ल्याउनुपर्छ भन्ने कुरा पनि म आग्रह गर्न चाहन्छु र यसमा यो नीति तथा कार्यक्रम विगतमा भन्दा अत्यन्त एउटा सकरात्मक ढंगले आएको छ र यसलाई हामीले त्यही रूपमा बुझ्नुपर्छ र जुन कुराहरूमा यसमा कमी भएका छन् कतिपय कुराहरु छुटेका छन् यसलाई सरकारले कार्यान्वयन गर्ने क्रममा र भोलि मैले भनें बजेटको सिद्धान्त र प्राथमिकता र सँगसँगै हुने बजेटमा बजेट निर्माणको प्रक्रियामा यसलाई समेटेर आउनेछ भन्ने कुरा पनि मैले विश्वास गर्दै र सरकारले त्यसरी नै ल्याउनेछ भन्ने आग्रह गर्दै म यो आफ्नो विचार आफ्नो भनाई यहीं अन्त्य गर्न चाहन्छु। धन्यवाद जय नेपाल।

(१३:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोमा देवी तिमल्सिना । समय ६ मिनेट। त्यसपछाडि माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव ।

(१३:३९ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय हामी ०८२/८३ सालको नीति तथा कार्यक्रममा छलफलमा छौं। कार्यक्रम अत्यन्तै राम्रो आएको छ। सबैजनाले राम्रो भन्नुभएको छ। सुझाव आएको छ। मलाई के लाग्यो भने अहिले यसो सुन्दै जाँदाखेरि साँच्चै नै राम्रो सुझावसँग अहिले कृष्ण माननीयज्युले राखेर जानुभएको छ। आफ्नै पार्टीको भएपनि नत्र यहाँ के आयो भने प्रतिपक्षले खोट मात्रै देखाउने अनि सत्ता पक्षले नराम्रो भने राम्रो छ राम्रो छ राम्रो छ।यो गलत हो। किनभने यो कार्यक्रम बनिराख्दाखेरी राम्रो बन्न सकेन भने हामी सत्ता न प्रतिपक्ष कसैको हितमा पनि हुँदैन। हामीले जनताको हितमा ल्याउने कार्यक्रम भएको हुनाले हामीले आँखा नचिम्लीकन छलफल गरेर यसलाई पास गर्न जरुरी हुन्छ। अनि मनमा दुविधा राखी राखी मनमा एउटा कुरा छ। सत्ता पक्ष भएकोले यो त समर्थन गर्नै पर्‍यो भन्ने कुराहरु नगर्नुस्। मेरो यो यहाँहरु सबैलाई अनुरोध छ। राम्रा कुरालाई राम्रो भनम नराम्रो कुरालाई यो हुन सकेन यो फेर्नुपर्छ भनेर भन्न सक्ने आँट हामी सबैले गर्नुपर्छ भन्ने मलाई लागेको छ। यो अत्यन्तै राम्रो छ कार्यक्रम तर कार्यक्रम राम्रो हुँदाहुँदै पनि कहीं कहीं नुन र अमिलो नपुगेको अचार जस्तो हो कि जस्तो लाग्यो मलाई। कहिँ कहिँ त्यस्तो भएको छ। अमिलो र नुन थप्नु स्थिति भएको हुनाले हामी अमिलो र नुन थपेर अचारलाई टक्क मिठो बनाउन खोजेका हौं। यसमा अरु फरक केही हैन। यहाँ एक नम्बर बुंदामै कस्तो राम्रो कुरा लेखिएको रहेछ। यहाँ उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको

प्रतिपादन कार्यान्वयन गर्ने भनेर। कस्तो राम्रो कुरा? हामीले यो खोजेकै थियौं। यहाँ नआएको भए पनि यो खोज्थे मैले। तर यो ०४८ सालदेखि जो जो उच्च ओहोदामा हुनुहुन्छ। उहाँहरुको सबैको सम्पत्ति छानबिन गर्नुपर्यो। अनि क-कसको सम्पति हिजो के थियो आज के छ भोलि के छ यो यति वर्षमा कति सम्पति आय आर्जन हुन्छ। यसलाई लेखाजोखा हुनुपर्छ भन्ने कुरा हामीलाई लागेको थियो यो यहाँ आएछ यसलाई म धन्यवाद दिन चाहन्छु। राम्रो कुरालाई धन्यवाद दिनु परेन? पर्‍यो नि। त्यसो भएको हुनाले अब मैले यो अरु सबै कुरा मैले छोडे मेरो विषय त अरू नै हुन्छ हजुरहरूलाई थाहै छ।

हजुरहरूले यो कुरामा पनि साँच्चै कुरालाई साँचै भन्दिनुस्। हामी छलफल गरिरहेका छौं। यहाँ औद्योगिक क्रान्ति नै ल्याउने जस्तो गरी आएको छ नि कति राम्रो, म खुशी थिएँ। अनि औद्योगिक कुरा आएको छ। औद्योगिक क्षेत्रका कुरा। अनि त्यसपछि कृषिका कुरा। चक्लाबन्दीका कुरा। अनि त्यहाँ सामुहिक खेती बाली गर्ने रोजगारको सिर्जना गर्ने। तर केही पनि छैन। हामी यहाँ छलफलमा छौं। आज हामी यो विषयमा छलफल गर्दैछौं सातवटा उद्योग निजीकरणमा लाने निर्णय गर्न हुन्छ कि हुँदैन सरकारले? यो कुराको जवाफ दिन पर्छ कि पर्दैन सरकारले? जनताले स्वास्थ्य शिक्षा रोजगार अनि गाँस बास कपास खोजेको हुन्छ। अब रोजगारको सिर्जना गर्ने भनेको यिनै उद्योगहरु सञ्चालन गर्ने हो। उद्योगलाई हामी छलफलमै थियौं। छलफल गर्दा गर्दै के के सुझाव आउँथ्यो। राम्रै सुझाव आउँथ्यो होला नि। सातवटा उद्योग आज निजीकरणको फेहरिस्तामा राखेर बिहान न्युज सुनेको हो मैले। यो गर्न हुन्छ कि हुन्न? सरकार कति सच्चा कसरी गर्छ सरकारले भन्ने कुरा तपाईंहरू विश्वास गर्नुहुन्छ? हामी जिम्मेवार मान्छे हौं। हामीसँग छलफल गर्न पर्दैन? म त हरेक दिन औद्योगिक क्षेत्रको बारेमा हरेक दिन उद्योगलाई बचाऔं रोजगारको सिर्जना गर भनेर हरेक दिन बोल्ने मान्छे हो। अनि सरकारले यस्तो कुरा ल्याउँछ। यो नाटकीय हिसाबले किन ल्याएको हो? यहाँ यो नीति तथा कार्यक्रममा यो नाटकीय हिसाबले ल्याएर केही अर्थ छैन। के अर्थ छ? एउटा कमा पनि फरक हुँदैन। अस्ति भर्खरै हामीले राखेको कुराहरु केही आएका छैनन् त? त्यसो भएको हुनाले सरकारले आफै विश्वास गुमाउने काम गरेको छ। सरकारका पक्षधरहरुलाई उहाँहरुलाई पनि विश्वास छैन तर भन्न नमिलेर उहाँहरुले यो सरकार पक्षधर भइयो भन्नेपर्‍यो भन्ने कुराहरु राख्नुभएको छ। व्यक्तिगत हामी पनि छलफल गर्छौं। त्यसो भएको हुनाले चक्लाबन्दीका कुराहरु छन्। कहाँ छ चक्लाबन्दी? अनि हामी किसानको कुरा हेरौं त। हाम्रो देशमा दुध दही घिउ फलफूल तरकारी आत्मनिर्भर छ। माछा मासु। खै त आज के छ उनीहरुको बारेमा सरकारले के सोंच्यो, के दियो। आज सडकमा दुध घोप्टयाएका छन्। सडकमा तरकारी फ्याँकेका छन्। सरकारले यो बारेमा चिस्यान केन्द्र बनाउनुपर्ने। स्थानीय तहबाट त्यो खरिद गरेर बिक्रीवितरण गर्ने सरकारले लिनुपर्ने। खोई गर्‍यो? छ कहीं? हामी सबै किसान क्षेत्रबाट आएका छौं। आज हामी यहाँ माननीयबाट फर्केर जाँदा हामी त्यही किसानका छोराछोरी घर

परिवारमा बस्छौं। अनि खोइ यो हामीलाई लागेको छ? सरकारले गर्छ। गरिरहेको छ भन्ने लागेको छ। आज विदेश गए गए भन्ने। अब सरकारले गर्न सक्दैन योजना बनाउँदैन। अनि नगएर के गर्ने। समय सकियो धन्यवाद।

(१३:४८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य सुरेश कुमार आले मगर।

(१३:४८ बजे) <u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय सभामुख महोदय यो कार्यपत्र नीति तथा कार्यक्रम सबै साल सरकारले ल्याउने परम्परा छ र त्यसै अनुसार यो साल पनि आएको हो। सबैभन्दा नीति जस्तोसुकै होस्। नियत ठिक भयो भने जस्तै सुकै नीति पनि काम लाग्दैन। त्यसैले त्यहाँ त नियतमै कुरा उठिरहेको छ आज यो शासक वर्गहरूको एकजना हाम्रा बडा अनुभवी माननीयजीले हिजो भन्नुभाथ्यो। यो नीति तथा कार्यक्रम सरकारको आँखा हो। आँखामा दुईटा दृष्टि हुन्छ। एउटा नजिकको एउटा टाढाको। तर यो आँखामा टाढाको जुन दृष्टि छ जो पावर छ त्यो अलि कम छ। यही सरकारको मात्रै होइन पहिलेदेखिको सरकार सबै सरकारहरूको। दूरको जो टाढामा छन्। त्यसरी आदिवासी, जनजाति, दलित, मधेसी, थारु, मुस्लिम। यो यी वर्ग सधैं टाढा भए सत्ताबाट सधै टाढा भयो। अहिले पनि यो नीति कार्यक्रममा पनि दलित जसको जनसङ्ख्या ६० लाख जति छ। कुल जनसंख्याको १४% हो। तर एक ठाउँमा मात्रै दलित जो पिछडिएको छ जो पछाडि परेको वर्गहरू छ। तिनीहरूको लागि कार्यक्रम ल्याउनुपर्ने हो। तिनीहरूलाई अगाडि उठाउनुपर्ने हो। तर त्यो किसिमको कार्यपत्रमा त्यस्तो कार्यक्रम आएको छैन। अब सरकारले निश्चित रूपमा अब आउँदो बजेट आउँदै छ त्यसमा विचार पुऱ्याउनेछ भन्ने म आग्रह पनि गर्न चाहन्छु विश्वास पनि लिएको छु कि निश्चित रूपमा बजेटमा पछाडि परेको वर्गलाई। जो जो क्षेत्र पछाडि परेको छ मानवीय सूचकाङ्कमा पछाडि छ। त्यस क्षेत्रलाई त्यस वर्गलाई बढी प्राथमिकता दिनेछ भन्ने विश्वास लिएको छु। अर्को अध्यक्ष महोदय यो बजेट पनि आउँदैछ। यही नीति कार्यक्रमको आधारमा नै आउने हो। हुन त नीति कार्यक्रम एकातिर हुन्छ बजेट फेरि अर्कातिर जान्छ त्यस्तो पनि बढी त्यस्तै नै भएको हो। तर आशा गरौ यो सरकारले नीति कार्यक्रम अनुसार नै जे त्रुटिहरु छ। पिछडिएका वर्गहरु पिछडिएका क्षेत्रहरुलाई बढी प्राथमिकता दिनेनै छ। त्यसरी मधेस मधेश भनेको मधेश प्रदेश मात्रै भनेको होइन। यो २० २१ वटा जिल्ला। त्यसको जनसङ्ख्या लगभग ५३.४%। तर प्रत्येक वर्षको बजेट हेरूँ भने त्यो त १२% १३% भन्दा बढी जाँदैन। यो त अन्याय भएन? अन्याय नै हो। त्यसैले जहाँ जनसंख्या बढी छ निश्चित रूपमा त्यहाँ स्कुल बढी चाहिन्छ। त्यहाँ शिक्षकको दरबन्दी

बढी चाहिन्छ। सबै थोक बढी चाहिन्छ।स्वास्थ्य संस्था बढी चाहिन्छ। डाक्टर वेशी चाहिन्छ।नर्स वढी चाहिन्छ। त्यसैले त्यो त्यसलाई जनसङ्ख्याको आधारमा बजेटको वितरण हुनुपर्छ। बजेट एलोकेसन हुनुपर्छ भने आग्रह गर्न चाहन्छु। र यो केरे राष्ट्रिय गौरवका योजनाहरु। अब २४-२४ वटा राष्ट्रिय गौरवको योजना र कुनै पनि पुरा हुँदैन। कुन योजना कति जनसङ्ख्यालाई लाभान्वित गर्नेछ त्यो हिसाब पनि हेर्नुपर्यो।एकैचोटी २४-२४ वटा गर्ने कुनै पनि पूरा हुँदैन। खन्दियाछ रोड खन्दियाछ जो पुल थियो त्यसलाई पनि भत्काइदिएको छ। जनताले सास्ती पाइरहेको छ र कोही पनि पूरा भएको छैन। हुलाकी राजमार्ग जो मधेशको लाइफलाईन जस्तो। तर ०६४/०६५ सालदेखि नै उसको कारोबार सुरु भएको अहिलेसम्म ७१% मात्रै काम पूरा भएको छ अरु भएको छैन। धेरै ठाउँमा खन्दिया छ त्यसै छोडेको छ। ठेकदारले पेमेन्ट पाएको छैन भन्छ। ती त्यस किसिमले योजनाले लथालिङ्ग पार्नु भएन। राष्ट्रिय गौरवको योजना भन्छौ र त्यो त्यस किसिमको प्राथमिकता पनि दिनुपर्छ त्यो सरकारले त्यतातिर पनि ध्यान दिने नै छ। र अन्त्यमा म यो सरकार अब सत्ता पक्षमा भएपछि सबै राम्रो मुक्त कण्ठले प्रशंसा गर्नुपर्छ यो नीति तथा कार्यक्रमको। अनि प्रतिपक्षमा गयो भने यो छैन। यथास्थितिवादी भयो यो छैन त्यो छैन भनेर त्यो किसिमले हेर्नुभएन। सत्ता पक्ष यही पहिलेकै सरकारमा एमाले एउटा ठुलै हिस्सेदार नै हुनुहुन्थ्यो। त्यो पहिले केही थिएन पहिले त्यो बेला पनि त अब तपाईंहरूकै सरसल्लाहबाट नै कार्यपत्र आएको होला। त्यतिखेर त्यसैले त्यो कार्यक्रमहरु के पहिलेको थियो। धन्यवाद।

(१३:५६ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य सुरेश कुमार आले मगर।समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य जीत जंग बस्नेत।

(१३:५६ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू हामी सम्माननीय राष्ट्रपतिज्युले दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधन जसलाई नेपाल सरकारको नीति तथा कार्यक्रम भन्ने गरेका छौं। का सन्दर्भमा आफ्ना धारणा राखिरहेका छौं र यहि सन्दर्भमा सबभन्दा पहिले म के भन्न चाहनुछु भने कुनै पनि चिजका दुइवटा पक्षहरु हुन्छन्। सार र रुप। Essence and form. समुच्च र अंश. Whole and Part. अंश र रूपलाई हेरेर होइन। सार र समुच्चालाई हेरेर कुनै पनि चिजको मूल्यांकन गरिन्छ त्यसको समीक्षा गरिन्छ। हो यसरी हेर्दा, समुच्च र सारलाई हेर्दा Essence र Whole लाई हेर्दा खेरि यो कार्यपत्र यो नीति तथा कार्यक्रम मलाई कस्तो लाग्छ भन्दाखेरि यस दिसाबोधविहीन गन्तव्य विहीन। सरकार छ झन्डैझन्डै २ तिहाई बहुमतको तर नीति र कार्यक्रम यस्तो। सरकार हात्ती हो भने नीति तथा कार्यक्रम मुसा जस्तो मलाई लाग्यो। हात्तीजस्तै नीति कार्यक्रम पनि आउनुपर्थ्यो नेपाली जनताको

अपेक्षा त्यस्तो थियो तर यस्तो भएन यो यो जुन नीति कार्यक्रम छ यसले जनतामा जनतालाई झन् निराश बनाउने कोशिस गरेको छ। जनतामा जुन एउटा अपेक्षा थियो। त्यो अपेक्षालाई पुरा गर्ने किसिमबाट यो आएको छैन भन्ने मलाई लाग्दछ। र कतिपय कुराहरु यसमा सबै बेठिक छन् भन्ने हैन। कतिपय ठिक पनि छन्। किनकी कतिपय कुराहरुको रुप पक्ष र अंश पक्ष हेर्दा राम्रो पनि देखिन्छन्। निरंकुश तानाशाही निर्दलीय पञ्चायती व्यवस्थाको पनि एउटा उद्देश्य के थियो भन्दा खेरि शोषणरिहत समाजको सिर्जना गर्ने। त्यो अंशलाई हेरेर के हामीले निर्दलीय निरंकुश तानाशाही निर्दलीय पञ्चायती व्यवस्थालाई ठिक छ भन्यौं त? भनेनौं।त्यसका विरुद्ध लगातार संघर्ष गऱ्यौं। ३० वर्षको संघर्ष पछि त्यसलाई गर्ल्याम्म ढाल्यौं। हो यसरी हेर्दा खेरि यो नीति र कार्यक्रम मलाई त्यस्तो लाग्दछ- यसले नेपाली जनता सिंगो देश जुन यो राजनीति आर्थिक संकट र दुष्चक्रमा फसेको छ त्यसबाट निस्कने किसिमको उपाय यसमा केही देखिँदैन। केही शब्दहरु छन्। केही योजना र कार्यक्रमहरु छन्। तर ती अंश मात्रै हुन् रूप पक्ष मात्रै हुन्। सार होइनन्। ती समुच्च Whole हैनन्। एकातिर पनि अर्कोतिर यतिबेला राज्यको नेतृत्वको बागडोर। कस्तो हातमा छ त भन्दा खेरि त्यो व्यक्तिको हातमा छ। जुन व्यक्तिले २/२ पटक प्रतिनिधिसभाको विघटन गर्नुभएको थियो। हो त्यसैले हामीले नियतमा शंका देख्दछौं। चिन्तनमा त्रुटि देख्दछौं। त्यसकारणले पनि यो नीति तथा कार्यक्रममा केही राम्रा कुरा रहेछन् भने पनि त्यो कार्यान्वयन हुन्छ जस्तो हामीलाई लाग्दैन।

सम्माननीय अध्यक्ष महोदय सुशासन कुराहरू गर्दाखेरि हामी के देख्छौं भने जस्तो अब सुशासन Good Governance सरकारको एउटा महत्वपूर्ण पक्ष हो तर त्यो दिशातर्फ हेर्दा खेरि हामी त्यस्तो देख्दैनौं। झन् राम्रो काम गर्ने मान्छेलाई कुलमान घिसिङको मैले पनि चर्चा गर्न चाहन्छु कुलमान घिसिङलाई जसले लोडसेडिङलाई अन्त्य गरे। ती व्यक्तिलाई जबर्जस्ती निकालेर कसलाई ल्याइयो जो लोडसेडिङ हुन्छ गरिन्छ भनेर भन्दै हुनुहुन्छ। लोडसेडिङ हुनेवाला छ यो देशमा। लोडसेडिङ हुँदैन भनेर ग्यारेन्टी गर्ने मान्छेलाई निकालियो। लोडसेडिङ हुन्छ गर्न खोज्ने मान्छेलाई ल्याईयो। कहाँ हो यो सुशासन? त्यसैगरी त्रिभुवन विश्वविद्यालयलाई सुधार गर्ने भनेर Open Competition मा आउनुभएको एक जना व्यक्ति प्राध्यापक डा. केशरजंग बराल मगरलाई पनि पद त्याग्न बाध्य बनाइयो। हुँदा हुँदा आफ्नो पार्टीको शिक्षा मन्त्री जसले यो शिक्षकको आन्दोलनलाई समस्या सम्बोधन गर्न उद्यत हुनुहुन्थ्यो र शायद गर्नुपनि हुन्थ्यो होला। उहाँलाई समेत राजीनामा दिन बाध्य बनाइयो। र उहाँको बारेमा के भन्दै हुनुहुन्छ भने योग्यता र क्षमता नभएको भनेर भन्दै हुनुहुन्छ। हामी प्रतिपक्ष व्यक्तिको हिसाबले हेर्दा खेरि पनि हामीलाई त्यस्तो लाग्ने थिएन। भनेपछि सुशासन कहाँ होला? कसरी होला? हामीलाई त्यस्तो लाग्दैन। त्यसैगरी उदयपुर सिमेन्ट

कारखाना, हेटौंडा सिमेन्ट कारखाना जनकपुर चुरोट कारखाना लगायत गोरखकाली रबर उद्योग कारखाना लगायतका महत्वपूर्ण औद्योगिक क्षेत्र उद्योगहरुलाई निजीकरणमा दिने भनिएको छ। के यसले Good Governance ल्याउला? यसलाई त झन् राज्यले नै संचालन गर्नुपर्थ्यो। त्यस्तो हुने हामी देख्दैनौं। त्यसकारणले गर्दा खेरि यो सरकारले जुन सुशासनको कुरा गर्छ हामी यसो गर्छौं भनेर भन्छ। मलाई के लाग्छ भन्दा खेरि। हो हजुर खुट्टी देखेर पत्याइयो। र यसै सन्दर्भमा यहाँ सुरुमै के भनिएको छ भने नेतृत्व गर्ने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। मलाई राष्ट्रपतिले राष्ट्रपति भनेको Head Of the State. राष्ट्रपतिले व्यक्ति अग्रजहरूप्रति सम्मान गर्ने कुरा त्यति ठिक लाग्दैन। असमान गर्ने होइन अपमान गर्ने होइन राष्ट्रपतिले। तर सम्मान गर्छु भनेर भन्ने कुरा यो ठिक छ जस्तो मलाई लाग्दैन। त्यसैगरी विकास निर्माणको ढाँचा गति संस्कृति फेर्ने भनिएको छ। के फेर्ने हो? त्यो पनि प्रष्ट छैन। अनि सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने भनिएको छ। यहींनेर हामीलाई शंका लागेको छ। यो प्राथमिकीकरण गर्दा प्रतिपक्षले अरूले ल्याएका राम्रा योजनाहरु प्राथमिकरणमा नपर्ने आफुले ल्याएका आफ्नो मान्छेले ल्याएका विशेष गरेर बिचौलियाहरुले ल्याएका योजनाहरु कार्यक्रमहरु प्राथमिकतामा पर्ने हो कि? भन्ने हामीलाई शंका लागेको छ। त्यसैगरी अब यो एउटा सुझाव यो पृष्ठ ५ मा पनि अनावश्यक संरचना खारेज गर्ने। गाभ्न हस्तान्तरण गर्ने भनेर भनिएको छ। त्यसैगरी ७ पृष्ठमा पनि त्यही कुरा दोहोरिएको छ। यो कुराहरु सच्याउनुपर्ने हामी देख्दछौं र आठौं पृष्ठमा जुन यहाँ भनिएको छ। यो रणनीति सूचना प्रविधि पर्यटन कृषि ऊर्जा औद्योगीकरणलाई आदि जो भनिएको छ। यदि यो सामान्य लेखाइ हो भने त्यो ठिकै छ। तर प्राथमिकताका आधारमा भनिएको भने त्यो गलत छ भन्ने मलाई लाग्दछ। सूचना प्रविधि आर्थिक वृद्धिका लागि नेपालको एउटा महत्वपूर्ण आधार बन्न सक्दैन। एउटा आधार त बन्न सक्छ। तर पहिलो आधार बन्न सक्दैन। पहिलो आधार ऊर्जा वा पर्यटन हुनसक्छ भन्ने मलाई लाग्दछ तर यहाँ त्यस्तो लेखेको छ। त्यसैले यहाँ त्यति मात्र हैन। राष्ट्रपति चुरे मधेश परियोजना भनी जुन भनिएको थियो। यहाँ तराई मधेश गायब भयो। राष्ट्रपति चुरे आयोजना मात्र भनिएको छ। त्यति मात्र हैन आदिवासी जनजाति दलित एक ठाउँमा लेखिएको छ। तर अरु कतैतिर लेखिएको छैन। यसरी कुरा गर्दा खेरि सामन्ती ब्राह्मणवादको गन्ध पहाडिया अहंकारवादको गन्ध पनि हामीलाई आउँछ। अन्तमा यो समग्रमा हेर्दा खेरि होलमा हेर्दा खेरि (समय सकियो)...

(१४:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जित जंग बस्नेत। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य साबित्री मल्ल।

(१४:०३ बजे) **मानननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय म र मेरो पार्टीको तर्फबाट नेपालको नीति कार्यक्रम २०८२/०८३ का लागि श्री सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलद्वारा संसदमा प्रस्तुत गर्नुभएको म समर्थन गर्न चाहन्छु। साथै ०८२/८३ को लागि जुन नीति तथा कार्यक्रम सरकारको आएको छ। त्यसको म सकारात्मक र राम्रा पक्षहरू मैले पाँच ठाउँमा विभाजन गरेको छु। त्यसलाई म वाचन पनि गर्न चाहन्छु। अध्यक्ष महोदय एक नम्बर बुँदा समावेशी र दिगो आर्थिक विकासमा जोड दिएको छ। उत्पादनशील क्षेत्रको प्रबर्धन गर्ने योजना छ। विशेषगरी कृषि पर्यटन ऊर्जा क्षेत्रमा लगानी बढाउने भनिएको छ। सरकारी निजी क्षेत्र र सरकारी तर्फबाट सहकार्य गरी उत्पादन वृद्धि गर्ने भनिएको छ। दुई नम्बर बुँदामा पूर्वाधारमा जोड दिएको छ सडक विद्युत खानेपानी डिजिटल पहुँच जस्ता आधारभूत पूर्वाधारको विस्तार गर्ने योजना उल्लेखन गरेको छ। गरिबी निवारण ग्रामीण विकासका लागि स्थानीय समन्वयन गरी पूर्वाधार निर्माण गर्ने भनिएको छ।तीन नम्बरमा सामाजिक न्याय र समावेशीता, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुसलमान तथा विपन्न समुदायको उत्थान कार्यक्रम राखिएको छ। शिक्षा स्वास्थ्य रोजगारमा पहुँच विस्तार गर्ने प्रतिबद्धता पनि जनाएको छ। ४ नम्बरमा उर्जा र जलवायु जलवायु उत्पादन बढाउने लक्ष्य वैकल्पिक ऊर्जा प्रवर्दन गर्ने भनिएको छ। त्यसैगरी जलवायु अनुकूल विपद् व्यवस्थापन पूर्व तयारीलाई प्राथमिकता दिने पनि भनिएको छ। ५ नम्बर सुशासन र सेवा प्रवाह डिजिटल प्रविधिको प्रयोग गरेर सेवा प्रवाह छरितो बनाउने र भ्रष्टाचार नियन्त्रण गर्ने योजना उल्लेखन गरिएको छ। सामाजिक सेवा प्रणालीमा पारदर्शी र उत्तरदायी बनाउने प्रयास गरेको देखिन्छ। सम्मानीय अध्यक्षज्यू साथसाथै नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को लागि नीति तथा कार्यक्रमका प्रमुख १५ वटा लक्ष्यहरु छन्।यी १५ वटा लक्ष्यहरु मैले यहाँ उल्लेख गर्न चाहन्छु। एउटा संविधान, संघीयता र शासन प्रणाली। संघीयता र लोकतन्त्रको रक्षा। प्रदेश स्थानीय सरकार बिच समन्वय। संघीयता कार्यान्वयन सुदृढीकरण।सेवा प्रवाहमा प्रभावकारी बनाउन संघ प्रदेश प्रदेश स्थानीय तहबीच सहकार्य। प्रदेश स्थानीय सरकारबिच समन्वय। संघीयता कार्यान्वयन सुदृढीकरण। दुई, शिक्षा र विज्ञान गुणस्तरीय शिक्षा सुधार, शैक्षिक बैंक स्थापनाको घोषणा। प्राविधिक शिक्षा प्रयोगात्मक तालिममा जोड राष्ट्रिय आयुर्वेदिक विश्वविद्यालय प्राविधिक अनुसन्धान केन्द्र स्थापनाको योजना। तीन, स्वास्थ्य र जनसङ्ख्या सेवा सहकारी अस्पताल विस्तार, डिजिटल स्वास्थ्य सेवा सबैको कार्यक्रमहरूलाई स्वास्थ्य बिमामा एकीकृत गर्ने गर्भवती महिला उद्दार र टेलिमेडिसिनको विस्तार।चार सामाजिक सुरक्षा र समावेशीता-बालकालिका, महिला, अपाङ्गता भएका र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु सामाजिक सूरक्षा प्रणालीको सुधार र समन्वयन बाल हेल्प लाइन सेवाको एपसँग एकीकरण। पाँच, रोजगारी र उद्यमशीलता प्रवर्धन। युवा उद्यमशीलता स्टार्टअप अनुदान। सीप विकास वैदेशिक रोजगारमा श्रमिकहरूको सुरक्षामा जोड। श्रम बजारको आधुनिकीकरण। कृषि र खाद्य आत्मनिर्भरता अभियान।

मल बीउ व्यवस्थापन। सिँचाई भण्डारमा सुधार। कृषकको सशक्तीकरण व्यवसायिक कृषि, चुरे क्षेत्र संरक्षण र भूमिसुधार। त्यसैगरी अध्यक्ष महोदय ७ नम्बर ऊर्जा र जलस्रोत जलविद्युत् उत्पादन विस्तार। वैदेशिक लगानी प्रवर्धन ऊर्जा खपत वृद्धि। मानक युरो ६ मानक जलसाययुक्त आयोजना र बहु उद्देश्यीय जलस्रोत परियोजना। आठ, पूर्वाधार विकास सडक यातायात आवास। सडक सञ्जाल विस्तार साना सहर विकास सहरी संरचना र नवीन प्रविधि डिजिटल नेपालको निर्माणमा जोड दिएको छ। र नौ, सुरक्षा न्याय आपतकालीन व्यवस्थापन राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन नेपाली सेनाको आधुनिकीकरण न्यायिक प्रणाली सुधार संक्रमणकालीन न्यायको प्रभावितकारिता विपद् व्यवस्थापन र स्थानीय प्रदेशको सङ्घको एकता। दश, सूचना प्रविधि र डिजिटल प्रशासन आफ्नै भूउपग्रह स्थापना तयारी। डिजिटल सेवा साइबर सुरक्षाको मजबुतीकरण सार्वजनिक सेवामा डिजिटल परिचयपत्रको प्रयोग। एघार, वातावरण जलवायु र दिगो विकास। सगरमाथा संवाद आयोजना जलवायु वित्तमा पहुँच हरित पूर्वाधार वायु शुद्धता अभियान युरो ६ सवारी नदी संरक्षण जलवायु अनुकूल खेती। बाह्र, विदेश नीति र कुटनीतिक बहुपक्षीय संस्थाहरूको नेपाल भूमिका सशक्त बनाउने आप्रवासी नेपालको क्षमतालाई प्रयोग गर्दै कुटनैतिक क्षेत्रमा सशक्त बनाउने। राष्ट्रहित आधारित क्षेत्रीय सहकार्य। तेह्र, सांस्कृतिक पर्यटन र राष्ट्रिय गौरव राष्ट्रिय गढी र किल्ला संरक्षण सांस्कृतिक सम्पदाको प्रवर्धन पर्यटन पूर्वाधारको विस्तार। चौध, योजना अनुगमन र पारदर्शिता आर्थिक गणना निजी सार्वजनिक सेवाको सर्वेक्षण योजनाको प्रभावकारी मुल्यांकन नीति निर्माण डेटा आधारित निर्माण प्रणाली भनिएको छ। पन्ध्रमा, नीति कार्यक्रमको मार्गचित्र - समृद्ध नेपाल सुखी नेपालको लक्ष्य केन्द्रिकृत छ। राष्ट्रिय सहमति सहभागी र पारदर्शिता नीति छ नीति कार्यक्रम सम्पूर्णमा सहकारी संयन्त्रको एकता भनिएको छ। म यी बुँदाहरु प्रस्तुत गर्दै के भन्न चाहन्छु भने नीति तथा कार्यक्रम सम्पूर्ण यो किताबमा सम्पूर्ण कुरा हुँदैन। एउटा मार्गचित्र हो नीति र कार्यक्रम भनेको सरकारको आगामी दिनका बजेट र सरकार कसरी जान सक्छ भन्ने एउटा मार्गचित्र देखाएको छ। यसमा राम्रा कार्यक्रमहरु पनि आएका छन्। केही कमी कमजोरीहरु पनि छन्। यहाँ हाम्रो प्रतिपक्षी बेञ्चमा हुनुभएका माननीयज्युहरुले ती कमीकमजोरीका विषयहरु उठाउनुभएको छ। आगामी बजेटमा ती कमी कमजोरीहरु देखिएका कमी कमजोरीहरुलाई पनि समेटेर बजेटमा निर्माण गर्नुपर्छ भन्ने मैले जोड दिएको छु। यो नेपाली कांग्रेस र एमाले बीच भएको सम्झौता अनुरूप ७ बुँदे सम्झौता अनुरुपै अहिले नीति तथा कार्यक्रममा आएको छ। यो नीति र कार्यक्रमले नेपालको राष्ट्रिय एकता, संविधान संघीय लोकतन्त्रलाई मजबुत र मजबुतीकरण बनाउँछ सबलीकरण बनाउँछ भन्दै म यसपटक यहाँबाट बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

(१४:११ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य साबित्री मल्ल। समय ५ मिनेट। त्यसपछाडि माननीय सदस्य तारामान स्वाँर ।

(१४:११ बजे) <u>माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्युबाट सम्वत् २०८२ साल बैशाख १९ गते सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८२/०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमको छलफलमा आफ्नो धारणा राख्ने अनुमति चाहन्छु। सम्माननीय अध्यक्ष महोदय आजको आवश्यकता समाजवाद उन्मुख नीति हो। तर नीतिगत पक्षहरु धेरै छन्। कार्यान्वयन पक्ष कमजोर देखिएका छन्। उक्त नीति कार्यक्रमहरु ५६ वटा पेजहरूमा समेटिएका छन्। जम्मा १५५ बुँदामा उल्लेख गरिएको नीति तथा कार्यक्रममा केही सुझावहरू सहित आलोचना पनि गर्न चाहन्छु। समर्थन पनि गर्न चाहन्छु। दिगो विकासका लक्ष्यहरु १७ वटा समेटिने गरे नीति कार्यक्रममा आएको देखिएन। साथै १६औं पञ्च वर्षीय योजनालाई आत्मसात गर्ने गरी नीति कार्यक्रम आएको देखिएन। राष्ट्रिय गौरवका आयोजना उदाहरण जस्तै बुढी गण्डकी आयोजना सम्पन्न भइसकेको छैन। अहिले पनि १८ हजार योजनाहरु अलपत्र रोकिएका छन् तर नीति तथा कार्यक्रममा गौरवका आयोजनाको विषयमा नीति कार्यक्रम मौन रहेको देखियो। गणतन्त्र प्राप्त पछि देशमा व्यवस्था बदलियो तर जनताको अवस्था बदलिएन। आजको आवश्यकता गरिबी निवारण शिक्षा स्वास्थ्य गाँस बास कपास तथा स्वरोजगार र सुरक्षा हो। तर रोजगारी उच्च शिक्षा प्राप्त र आयआर्जनको लागि विदेश पलायन हुने युवा जनशक्तिलाई स्वदेश फर्काउने कार्यक्रम र व्यवस्थापन गर्नको लागि स्पष्ट रूपले नीति निर्माण गर्नेतर्फ कार्यक्रम समावेश गरेको देखिएन। आत्मनिर्भर रोजगारी सिर्जना गरी अर्थतन्त्र निर्माण गर्न सक्ने अहिलेको परिस्थितिलाई सम्बोधन गर्न टेवा पुऱ्याउने खालको नीति केही देखिएन। नेपालको अर्थतन्त्र ग्रेलिस्टमा परेको छ। भ्रष्टाचार व्याप्त छ भ्रष्टाचार न्यूनीकरणको लागि सदाचार नीति स्पष्ट यो नीति कार्यक्रममा खै? देशको ७ वटा प्रदेश ७५३ स्थानीय तहहरूमा स्थानीय स्रोत साधनको उत्पादन उपभोग र परिचालन गरी प्रदेश तथा स्थानीय सरकारलाई आत्मनिर्भर गराउनेतर्फ कुनै किसिमको ठोस नीति कार्यक्रम आएको छैन। नेपालको संविधान २०७२ को धारा ४० मा दलित समुदायको हक अधिकारको विषयमा उल्लेख भएको भएता पनि देशमा ४० लाख दलितको जनसङ्ख्यालाई समेट्ने गरी प्रष्ट रूपमा नीति कार्यक्रममा कुनै विषय समेटिएको देखिएन। साथै नीति कार्यक्रम बुँदा नम्बर २२ मा दलित भन्ने तिनटा शब्द मात्र लेखिएको तर दलितको पक्षमा कुनै ठोस कार्यक्रम उल्लेख नभएको। जातीय छुवाछुत लैङ्गिक विभेद, महिला हिंसा, घरेलु हिंसा, बाल चरम बालविवाह छाउपडी प्रथा सबै प्रकारका भेदभाव विरुद्ध प्रभावकारी स्पष्ट नीति तथा कार्यक्रम उल्लेख भएको देखिएन। भौगोलिक विकट कर्णाली प्रदेशलाई गरिबीको सूचाङ्कबाट हटाउने गरी नीति कार्यक्रम

र बजेटमा समावेश गरियोस्। दैलेख जिल्लामा उत्खनन भई अनुसन्धानको चरणमा रहेको पेट्रोलियम पदार्थलाई उत्पादन भण्डार क्षमता विस्तारको लागि कार्यक्रम तथा बजेटमा व्यवस्थापनको लागि नीति तथा कार्यक्रम नै समेटिनुपर्छ। शिक्षा ऐन, सङ्घीय निजामती सेवा ऐन, प्रहरी नियमावली तथा ऐन यसै १८ औं अधिवेशनबाट निर्माण भई लागु गर्नेतर्फ पहल गर्न सरकारको ध्यान आकर्षित गर्न चाहन्छु। यसको साथसाथै सरकारी पीडित मिटर ब्याजी पीडितहरूको दिनहु आन्दोलनमा भइरहेको छ आफ्ना मागहरूको लागि चिकित्सकहरू शिक्षा तथा विद्यालय कर्मचारी अहिले असन्तोष जनाइराख्नुभएको छ। उल्लेखित सबै पक्षहरुको उचित मागको सम्बोधन गर्नको लागि कार्यक्रममा नीति र बजेटको समावेश गरिनुपर्छ भन्ने म नेपाल सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। अध्यक्ष महोदय नीति विकास र बजेट प्रतिपक्ष र सत्तापक्ष कहिले पनि हुँदैन। हुनुहुँदैन। यो सबैको साझा विषयवस्तु हो। गत आ.व. २०८१/८२ मा नीति कार्यक्रममा प्रधानमन्त्री छोरी कार्यक्रम समावेश भएकोमा जुन संविधान ७२ धारा ३८ लाई समेटेको थियो। उक्त कार्यक्रम यस नीति कार्यक्रममा निरन्तरता भएको देखिन्नँ। लोकतान्त्रिक प्रणालीमा सरकार परिवर्तन हुनु स्वाभाविक हो हुनुपर्छ। तर महिला तथा जनसरकारका विषयसँग प्रत्यक्ष सरोकार राख्ने नीति नै परिवर्तन हुनु राम्रो पक्ष हो? यो सदाचार नीतिमा पर्दछ। अन्त्यमा सदन समक्ष प्रस्तुत नीति तथा कार्यक्रमहरू (समय सकियो)...

(१४:१७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तारामान स्वाँर। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य कमला पन्त।

(१४:१७ बजे) **माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८२/०८३ को लागि सरकारको नीति तथा कार्यक्रममाथि हामी छलफलको क्रममा छौं। म आफ्ना धारणा र केही विषयवस्तुहरु राख्न चाहन्छु। हुन त सरकारले आफ्नै दृष्टिकोण र प्राथमिकता अनुसार नीति तथा कार्यक्रम ल्याउने हो। तर त्यसले देशको आवश्यकता सबै नागरिक र सरोकारवालाहरूको हित र अपेक्षालाई प्रतिनिधित्व गरेको हुनुपर्दछ। यो नीति तथा कार्यक्रममा यसको नितान्त अभाव देखिन्छ। संविधानका मूल्य मान्यता समावेशी समानुपातिक उत्पीडित वर्ग समुदाय क्षेत्र र प्रादेशिक सन्तुलन तथा समाजवाद उन्मुख नीतिबाट भड्किएर विगतको भन्दा कमजोर र राजनीतिक स्वार्थबाट प्रेरित भएर केही व्यक्ति वा समूहको हित हुने र सामाजिक असमानता बढाउने गरी नवउदारवादको नयाँ रूपमा यो नीति तथा कार्यक्रम आएको छ। यसले ११ वटा लक्ष्य निर्धारण गरेको छ तर तिनीहरू कसरी हासिल गर्ने भन्ने ठोस कार्ययोजना र समयसीमा स्पष्ट छैन। वित्तीय स्रोत व्यवस्थापन कसरी गर्ने भन्नेबारे स्पष्ट खाका छैन। वैदेशिक सहायता

र आन्तरिक राजस्व परिचालनका समस्या त छँदैछन्। भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिने भनेता पनि त्यसका लागि ठोस र प्रभावकारी उपायहरु स्पष्ट रूपमा उल्लेख नहुनुले यो गफै त हो नि सम्धी भन्ने जस्तो भएको छ। सम्माननीय अध्यक्ष महोदय नीति तथा कार्यक्रमको पृष्ठ ३ को ख मा संविधानको समीक्षा र संशोधनको कुरा गरिएको छ। विधायन व्यवस्थापन समितिले संविधानहरू बन्नुपर्ने बाँकी कानुनहरूबारे अध्ययन प्रतिवेदन यस सभाले पारित गरिसकेको लामो समय भइसकेको छ। ती कानुनहरुको निर्माण गर्नु र संविधानको पूर्ण कार्यान्वयन गर्नु सरकारको पहिलो दायित्व हो। त्यसपछि मात्र संविधानको समीक्षा गर्ने विषय आउँछ। संविधानका प्रगतिशील मूल्य मान्यतालाई थप परिमार्जन र सुदृढ गरी अग्रगमनका लागि संसोधनको प्रक्रिया अघि बढाइनु पर्दछ। हतारमा संशोधन गर्दा संविधानका सकारात्मक प्रगतिशील पक्षहरू ओझेलमा पर्न सक्छन् भन्नेमा सबै सचेत हुनुपर्दछ।

घ मा अमूर्त रूपमा विकासको ढाँचा गति र संस्कृति फेर्ने कुरा गरिएको छ। म यो सदनमा आएदेखि सुरुदेखि यो विकासको ढाँचा फेर्नुपर्छ भन्ने पक्षमा उभिएको हो। तर त्यो मूर्त रूपमा यो उदारवादी र जुन विकासको ढाँचा छ त्यसलाई समाजवाद उन्मुख गर्नुपर्छ भन्ने मेरो मान्यता हो। तर यहाँ स्पष्ट छैन। हामी कुन ढाँचामा जाने हो? उदारवादको अझै तल्लो स्तरमा जाने हो कि? समाजवाद उन्मुखको मोडेलमा जाने हो कि के मोडेलमा भन्ने कुरो यहाँ स्पष्ट गरिएको छैन। त्यसैले यस सम्बन्धमा मूर्त रूपमा आउन जरुरी छ। गति बढाउने भन्नाले कुन क्षेत्रमा कति प्रतिशत वृद्धि हासिल गर्ने लक्ष्य राखिएको हो। र त्यसका लागि के कस्ता रणनीति अपनाइने छन्? तथा विकासको संस्कृति फेर्ने कुरा मूर्त रूप दिन कस्ता कार्यक्रमहरु हुनेछन् भन्ने पनि स्पष्ट छैन। त्यसकारणले ति कुराहरु उल्लेख हुनुपर्छ भन्ने म राख्न चाहन्छु। बुँदा नम्बर ७ मा १६औं योजनाको रणनीतिअनुरूप भनेता पनि १६औं योजनाले परिकल्पना गरेका महत्वपूर्ण विषयहरू समावेश गरिएका छैनन्। यो विरोधाभासपूर्ण छ। मुख्य लक्ष्य उद्देश्य र प्राथमिकतालाई प्रतिविम्वित नगरेर १६औं योजनाको रणनीति अनुरूप भन्नु औपचारिकता मात्र हो। १६औं योजनाप्रति सरकारको जिम्मेवारी र जवाफदेहीता के हो? बुँदा नम्बर दशमा उल्लेख गरिएको सार्वजनिक संस्थाहरू निजी क्षेत्रलाई हस्तातरण गर्ने अर्थात् निजीकरणको विषय गम्भीर छ। हाम्रो जस्तो देशमा निजीकरण गर्दा नकारात्मक परिणामहरू देखिन सक्छन्। सरकारले राज्यको भूमिका सीमित गर्दै निजी क्षेत्रलाई प्राथमिकता दिई ऐन र नीति बनाउँछ र निजीकरणलाई अगाडि बढाउँछ भने यो नवउदारवाद नभए के हो ? त्यसैले सार्वजनिक संस्थाहरु निजी क्षेत्रलाई हस्तान्तरण गर्दा संविधानको मर्म नागरिकको हित र देशको सामाजिक आर्थिक अवस्थालाई ध्यानमा राखिनुपर्दछ। हतारमा वा निश्चित समूहलाई फाइदा पुग्ने गरी निजीकरण गरिएमा यो संविधानको मर्म विपरीत र नवउदारवादको विकृत संस्करण बन्ने खतरातर्फ सरकारलाई सजग गराउन चाहन्छु। बुँदा नम्बर ११ मा ल्याइएको एकीकृत समाजिक सुरक्षाको अवधारणा सकारात्मक भएता पनि यसका ठोस कार्यक्रमहरु मोडालिटी बजेट र स्रोत व्यवस्थापन कानूनी आधार र अनुगमन नियम मूल्यांकनका सम्बन्धमा उल्लेख छैन। त्यसैले अब यो

कार्यान्वयनमा समस्या आउने र यसको अपेक्षित लाभ नागरिकसम्म पुग्न नसक्ने हुन्छ। बुँदा नम्बर १३ देखि २१ सम्म कृषि क्षेत्रका लागि धेरै नीतिहरू उल्लेख गरिएका भएपनि तिनीहरूलाई कार्यान्वयन गर्ने स्पष्ट कार्यक्रम बजेट समय सीमा र मोडालिटी आदिको अभावले अपेक्षित परिणाम दिन सक्दैन। कृषि भूमिमा आधारित हुन्छ। र सिँचाइ यसको अपरिहार्य तत्व हो।यी दुई महत्वपूर्ण पक्षलाई हेर्ने मन्त्रालयहरू कृषि मन्त्रालयसँग प्रत्यक्ष रूपमा नजोडिएकाले नीतिगत विरोधाभास समन्वयको कमी र दोहोरोपना हुनुको साथै प्रभावकारी रूपले कार्यान्वयनमा समस्या देखा परिरहेको छ। त्यसरी कृषि क्षेत्रको विकास र नीतिहरु कार्यान्वयनका लागि ठोस कार्यक्रम एकीकृत कृषि कानुन हुनुपर्दछ र कृषि क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरू अलग अलग हुनुहुँदैन। बुँदा नम्बर ५२ मा कालोबजारी सिन्डिकेट कार्टेलिङ गरी बजारलाई स्वच्छ र उपभोक्तामैत्री बनाउने सरकारको प्रतिबद्धता सुन्दा त राम्रो छ तर यही सरकारले त्यसलाई त्यसमा सहयोगी हुने ऐन जसले २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने र लिएमा जेल वा जरिवाना वा दुवै सजाय हुने मूल ऐनको प्रावधानलाई संशोधन। (...समय सकियो।)

(१४:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कमला पन्त।समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य घनश्याम रिजाल।

(१४:२५ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रममा हामी छलफलमा जुटेका छौं। सम्मानीय राष्ट्रपतिज्यूमार्फत वैशाख १९ गते संसदको संयुक्त बैठकमा सरकारको आगामी वर्षको नीति कार्यक्रमको तस्वीर हामीलाई दिनुभएको छ। त्यसको सम्बन्धमा म केही कुराहरु राख्न चाहन्छु। हामीले स्वास्थ्य सम्बन्धी सुरुमै म स्वास्थ्य सम्बन्धी सङ्कल्प प्रस्ताव हामीले यही सदनबाट पास गरेका छौं। कोही पनि नेपाली कुनै पनि नागरिक स्वास्थ्य उपचार गर्न नपाएर मर्न नपरोस् भनेर त्यो सरकारले मध्यनजर गर्नेछ आगामी बजेटमा भन्ने मैले विश्वास लिएको छु। सिद्धान्त र प्राथमिकता म सुरुमै अघिल्लो वर्षहरूमा सरकारको बजेटको सिद्धान्त र प्राथमिकताका बारेमा पहिला छलफल भएर त्यसपछि नीति कार्यक्रम आउने गर्थ्यो। तर अहिले पहिला नीति कार्यक्रम आएको छ। सिद्धान्त र प्राथमिकता आउँदैन की आउँछ हामीलाई थाहा छैन। त्यसले गर्दा के हो यो सरकारले स्पष्ट पार्नेछ भन्ने मैले विश्वास लिएको छु र सम्माननीय अध्यक्ष महोदय, अहिलेको राष्ट्रिय आवश्यकता आर्थिक सामाजिक रूपान्तरण दीर्घकालिन राजनीतिक स्थिरता, सुशासन र न्यायपूर्ण समाज र नतिजामुलक आर्थिक विकासलाई संशोधन गर्ने प्रयत्न यस दस्तावेजले गरेको छ जुन विगतमा परम्परागत एउटा परिपाटी थियो त्यसलाई केही

संशोधन गरेको छ। दिगो विकासको लक्ष्य हामी २०२५ मा छौं। अब पाँच वर्षपछि हामी दिगो विकासको लक्ष्यमा पुग्नु छ। र यसलाई दिगो विकासको लक्ष्य पुरा गर्ने दृष्टिले पनि यो नीति र कार्यक्रम समृद्ध स्पष्ट देखिएको छ। विशेषगरी जलवायु परिवर्तन, वातावरण संरक्षण, प्राकृतिक सम्पदा र स्रोतहरूको सदुपयोगलाई यसले प्राथमिकता दिएको छ। म यसलाई सकारात्मक रूपमा मैले लिएको छु। नेपालको पञ्चवर्षीय योजना हामी आवधिक योजना पनि भन्ने गर्छौं। आवधिक योजनाको बारेमा नीति कार्यक्रमले व्यवस्था गरेको पाइन्थ्यो। यस वर्षको नीति कार्यक्रममा आवधिक योजनालाई पनि मध्यनजर गरेको छ। र यसले १६ औं योजनालाई फलो गरेको हामीले पाएका छौं। सामाजिक न्याय र समुन्नतिको दिशामा योजनाबद्ध रूपबाट अघि बढ्ने बाटो यो नीति कार्यक्रमले लिएको छ। नेपालको संविधान २०७२ ले स्वीकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको राष्ट्रिय आकांक्षा पूरा गर्न प्रणालीमा समय सापेक्ष सुधार र सुदृढीकरण सहमतिको बाटो खोज्ने संकल्पले नीति कार्यक्रमको ओझलाई अझै बढाएको छ। सहमतिको संस्कृतिको विकासको निम्ति यसले बोलेको छ।यस नीति कार्यक्रमले मूलतः तीनवटा रणनीति अंगीकार गरेको छ। रोजगारी सिर्जना, सुशासन एवं प्रणालीगत सुदृढीकरण, सामाजिक न्याय र समावेशीकरण। हाम्रो विशेष लक्ष्य पनि यही हो र अहिलेसम्म अहिलेको विशेष मुद्दा पनि यही हो। यसलाई कार्यगत रूपमा अगाडि सार्यो भने नीति कार्यक्रम ठिक छ भन्ने मैले महसुस गरेको छु। २०२६ भित्र अर्थात अब LDC Graduation मा हामी जाँदैछौं। भोलि २०२६ बाट जाँदैछौं भने यो नेपाललाई अल्पविकसित मुलुकबाट विकसित मुलुकमा जाँदै LDC Graduation हुँदा खेरि मुलुकले क्रमशः मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने राष्ट्रिय लक्ष्य लिएको छ। यसले सहयोग पुर्‍याउन सक्छ कि सक्दैन बजेटबाट हामीले हेर्न बाँकी छ। नेपालको आर्थिक विकासको मूल आधारको रूपमा निम्न कुरालाई जोड दिएको छ। स्टार्टअप र इनोभेसन नव प्रवर्तन मार्फत युवा उद्यमशीलता विकास गर्ने हामी अहिले अत्यन्त कठिन घडीमा छौं। हामी युवाहरू विदेशीएका छन्। हाम्रो ४२% युवा भएको यस मुलुकमा मैले पटकपटक भनेको छु अब १० वर्षपछि बुढाहरूको देश हुँदैछ यसबाट कसरी हामी जोगिन सक्छौं। यो पनि सरकारले भोलि बजेटबाट अथवा केबाट यो नीति कार्यक्रमले केही हदसम्म समेटेको छ। तर हामी यसबाट कसरी जोगिन सक्छौ भन्ने कुरा संवेदनशील हुनको निम्ति पनि म निवेदन गर्छु। कृषि बीमा, बिउ उत्पादन, यान्त्रिकीकरण र बजारको पहुँच विस्तारमार्फत कृषिको आधुनिकीकरण गर्ने कुरा लिएको छ तर मैले अघिल्लो वर्ष पनि भने सधै भनें सँधै भन्ने गरेको छु। यदि उत्पादनमा वृद्धि गर्ने हो भने राज्यले एउटा बन्दा मात्रै किसानले उत्पादन गर्‍यो भने पनि त्यसको बजारीकरण हुनुपर्‍यो। म छु है तिमीले उत्पादन बढाउ बजारको चिन्ता गर्नुपर्दैन भन्ने कुरा त्यो अठोट सरकारले लिन सक्नुपर्छ। लिन्छ कि लिँदैन हेर्न बाँकी छ। शिक्षा,

स्वास्थ्य र सेवामा प्रविधिको प्रयोग, साइबर सुरक्षा, डिजिटल बैंकिङ, नागरिक एप, फेसलेस सेवा मार्फत सुशासन र पूर्वाधारको विकास यो अत्यन्त नौलो नयाँ र अत्यन्त उत्तम प्रविधि कुरामा हामी जान लागिरहेका छौं। बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, जनजाति र सीमान्तकृत समुदायको न्याय र सुरक्षित जीवनस्तरका लागि समाजिक सुरक्षाको दायरा फराकिलो पार्दै एकीकृत सामाजिक सुरक्षाको सञ्चालन गर्ने कमिटमेन्ट गरेको छ यो प्रतिबद्धताको लागि म हार्दिक धन्यवाद दिन चाहन्छु तर कार्यान्वयन हेर्न बाँकी छ। उद्यमशीलतामैत्री शिक्षा सीप र प्रविधिलाई जोड्ने शैक्षिक सुधार विद्यालयदेखि विश्वविद्यालय तहसम्म संरचनागत गुणस्तरीय हामी आज यहाँसम्म पुगेको यो हामीले यो अवस्थामा पुगेको खाली गुणस्तरीय शिक्षाको अभावमा हो। हामीले गुणस्तरीय शिक्षा दिन सक्यौं भने अग्रगामी दिशातिर लाग्ने छौं र म नैतिक शिक्षा सरकारले नीति कार्यक्रममा नबोले पनि नैतिक शिक्षाको व्यवस्था गर्छ भन्ने कुरामा म आश्वस्त छु तर यी धेरै कुराहरू हुँदाहुँदै पनि हामीसँग चुनौती छ। धेरै चुनौती छ। सबैभन्दा पहिले र महत्वपूर्ण कुरा भनेको कार्यान्वयनमा चुनौती छ। हामीले कार्यान्वयन कति गर्‍यौं। बजेट छुट्याएको हुन्छौं बजेट खर्च हुन सक्दैन। पूँजीगत खर्च हुन सक्दैन। खर्च गर्ने क्षमतामा कसरी वृद्धि गर्न सकिन्छ। र सरकारको तीनै तहमा समन्वय गरेर जाने भन्ने जुन प्रतिबद्धता आएको छ। हामी अहिले संघीयतामा छौं। तीन तहको सरकार छ। एउटा सरकारलाई थाहा भएको कुरा अर्कालाई थाहा हुँदैन। अर्कोले काम गर्न लागेको कुरा अर्कोलाई थाहा हुँदैन। यसबाट हामी जोगिनु पर्छ जस्तो मलाई लागेको छ। राजनीतिक नीति निर्माताले कर्मचारी, सबभन्दा ठूलो चुनौती सम्माननीय अध्यक्ष महोदय, मैले देखेको चुनौती भनेको सरकार र निजामतीसँग हार्दिकता छैन। सरकारसँग निजामती कर्मचारी डराउने कर्मचारीसँग सरकार तर्सिने यो कस्तो वातावरणको सिर्जना भएको खै विश्वसनीयता? यस्तो जस्तो नीति कार्यक्रम आए पनि यस्तो परिस्थितिमा हामी हाम्रो चुनौती स्वीकार गर्न समाधान गर्न सक्छौं। त्यसैले विश्वासका कर्मचारीले सँधै असुरक्षित महसुस गर्ने वातावरणमा सुधार ल्याउने हो भने राम्रो नीति कार्यक्रम भएर मात्र पनि केही हुँदैन। हामीले नतिजा दिनको निम्ति यसमा सुधार ल्याउनुपर्‍यो सम्माननीय अध्यक्ष महोदय। म यो कुरामा विशेष ध्यानाकर्षण गर्न चाहन्छु सरकारलाई। कुनै वर्ष कुनै योजना घोषणा गर्ने ठुलो धनराशि खर्च गर्ने अनि अर्को वर्ष अर्को योजना घोषणा गर्ने यो कस्तो परिपाटी हो? हामीले विगतका योजनाहरुलाई हैन आगामी योजनाहरुलाई खर्च गर्छौं भनेको यो गलत कुरा हो। यो यस्तो यता खर्च भएको हिजो खर्च भएको योजनाहरुलाई के गर्ने यो चुनौतीको बीचमा सरकारले के गर्छ? त्यसले गर्दा विकास र समृद्धिमा राजनीतिक आग्रह पूर्वाग्रह राख्नु भएन। विकास र समृद्धि भनेको जनताको हो कुनै पार्टी विशेषको पनि होइन कोही व्यक्ति विशेषको पनि हैन। जनतालाई हामीले केन्द्रबिन्दुमा राखेर

हाम्रो नीति कार्यक्रम अनुसारको बजेट भोली आउनपर्‍यो। फेरि पनि म दोहोर्‍याएर भन्छु सरकारको सिद्धान्त र प्राथमिकता आउने हो कि हैन। आउँदा खेरि हामीले राखेका कुराहरु छिर्न सक्छन् कि सक्दैनन्? यति कुरा राख्दै मेरी भनाई यहीँ अन्त्य गर्छु। धन्यवाद।

(१४:३४ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य घनश्याम रिजाल।समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य भुवन बहादुर सुनार।

(१४:३४ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, हामी सम्माननीय राष्ट्रपतिज्यूबाट प्रस्तुत भएको आर्थिक वर्ष २०८२ /०८३ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं। केही साना दलहरूसहित २ ठूला दलले सञ्चालन गरेको झण्डै २ तिहाइको शक्तिशाली सरकारले देशलाई आर्थिक, सामाजिक र सुशासनका क्षेत्रमा स्पष्ट दिशा निर्देश गर्ने गरी ऐतिहासिक र नमुना नीति कार्यक्रम पर्खेर बसेका हामी सांसद र अर्थतन्त्रमा आएको सिथिलताका कारण निराश आम जनतामा उत्साह जगाउने कुनै कार्यक्रम घोषणा गर्न नसक्ने सरकारको क्षमता माथि नै प्रश्न उठेको छ भने प्रतिगामीहरू उत्साहित भएका छन्। परिवर्तन र अग्रगमनका पक्षमा रहेको जनतामा थप निराशा चुलिएको छ। सम्माननीय अध्यक्ष महोदय, यस नीति तथा कार्यक्रमले सरकारले प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य, १६ औं पञ्चवर्षीय योजना र हालसालै आर्थिक सुधार सुझाव आयोगले सिफारिस गरेको लक्ष्यहरूलाई समेत ध्यान दिएको देखिँदैन। उत्पादन उत्पादकत्व र रोजगारी वृद्धिको लागि ठोस योजना देखिँदैन। योजनाको प्राथमिकरण, समावेशीकरण र सुशासन प्रवर्धनका लागि कुनै खास कार्यक्रम छैन। कृषि क्षेत्रको रुपान्तरण, ऊर्जा क्षेत्रको विकास, पर्यटन प्रवर्धन, उद्यमशीलता औद्योगिकरण, खेलकुद क्षेत्रको विकासका लागि कुनै ठोस नीति कार्यक्रम आएको छैन। रणनीतिक महत्वका बूढी गण्डकी र तामाकोसी ३ जस्ता जलविद्युत आयोजना, निजगढ विमानस्थल लगायत ठुला परियोजना सरकारको नीति कार्यक्रममा अटाएको छैन भने बनिसकेका तर प्रभावकारी ढंगले सञ्चालन हुन नसकेका प्रतिफल दिन नसकेका पोखरा र भैरहवा विमानस्थल सञ्चालनका लागि कुनै योजना प्रस्तुत गरेको देखिदैन। विकास र मानव सुचाङ्कको हिसाबले पछि परेको कर्णाली र मधेस प्रदेशका बारेमा यो नीति कार्यक्रममा कहीं कतै उल्लेख गरेको पाइदैन।

सम्माननीय अध्यक्ष महोदय, सरकारले विकास खर्च गर्न सकिरहेको छैन। गत वर्ष यस वर्ष पनि १० महिनामा जम्मा ३२ प्रतिशत मात्र पुँजीगत खर्च भएको छ। पुँजीगत खर्च बढाउने कुनै नीति कार्यक्रम प्रस्तुत गर्न सकेको छैन। सरकारले स्रोतमा परेको चापका कारण नयाँ योजना तथा कार्यक्रम

घोषणा नगरिएको तर्क गरिरहेको छ। स्रोत नपुगेर पुगेन भनेर काम नै नगर्ने हो कि स्रोत बढाउने तर्फ सोच्ने हो। विकास नै नगर्ने हो कि? विकासका लागि स्रोत परिचालनमा मेहनत गर्ने हो? म सरकार सरकारलाई प्रश्न गर्न चाहन्छु। सरकारले साधारण खर्च घटाउन अनावश्यक संरचना खारेज गर्ने गाब्ने र हस्तान्तरण गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। तर एक दर्जन भन्दा बढी संस्थान एवम् निकाय स्थापना गर्ने कार्यक्रम प्रस्तुत गरेको छ। यो आफैमा विरोधाभास पूर्ण छ। देश Financial Action Task Force को ग्रे लिस्टमा परेको छ। यसबाट बाहिर निस्किनका लागि नीति प्रस्तुत भएको छ तर कुनै ठोस कार्यक्रम ल्याउन सकेको देखिँदैन यो असाध्यै डर लाग्दो विषय हो। आगामी वर्षदेखि देश विकासी मुलुकमा स्तरउन्नति हुँदैछ। तत् पश्चात नेपालले पाउने वैदेशिक अनुधान देखि सहुलियत र पहुँच कटौती हुनेछन्। त्यो चुनौती सामना गर्न कुनै ठोस कार्यक्रम सरकारले प्रस्तुत गर्न सकेको छैन। सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानले आत्मसात र पुनर्जागरणको स्वर्णिम अवसर प्रदान गरेको छ। संविधानको धारा ४० र धारा ४२ मा सामाजिक न्याय र हक सम्बन्धी व्यवस्था आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि पारेका दलित सीमान्तकृत समुदाय तथा आर्थिक रूपले विपन्नलाई समानुपातिक समावेशि सिद्धान्तका आधारमा राज्यले राज्यका निकायहरूमा सहभागिताको हक हुने व्यवस्था छ। तर सरकारको नीति, कार्यक्रममा कुनै कार्यक्रम प्रस्तुत गरिएको छैन। यो नेपालको संविधानको मर्म र भावना विपरीत यसले दलित, मुस्लिम तथा अल्पसंख्यकलाई आन्दोलनका लागि सडकमा आउन निम्ता दिएको मात्रै छैन। मुठभेडका लागि चुनौती दिएर दिगो शान्ति र राजनीतिक स्थिरता माथि नै हमला गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, सरकारको नीति तथा कार्यक्रममा श्रम गर्ने संस्कृतिको विकास गर्दै श्रमलाई सम्मान गर्ने परिपाटी बसालिने भनिएको छ। मुक्त कमैयाको २५ वर्ष, हलिया मुक्तिको दश वर्ष, हरुवा चरुवा मुक्तिको घोषणा भएको २ वर्ष बितिसक्दा समेत उनीहरुको पुनर्स्थापनाको लागि कुनै नीति कार्यक्रम नल्याइएकोले सरकारले कसका लागि समृद्ध नेपाल र कसलाई सुखी नेपाली बनाउने हो भन्ने गम्भीर प्रश्न उठेको छ। तसर्थ म आगामी १० वर्षमा मुलुकलाई शिक्षा, स्वास्थ्य, खेलकुद, रोजगारी, कृषि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, खानेपानी तथा सरसफाई, ऊर्जा तथा विद्युतिकरण, सूचना तथा प्रविधि वन तथा भूसंरक्षण, वैदेशिक रोजगारी तथा विप्रेषण, खाद्यसुरक्षा तथा पोषण र सामाजिक सुरक्षाका क्षेत्रमा एकीकृत गुरुयोजना बनाएर राष्ट्रिय सहमति कायम गर्ने गरी नीति तथा कार्यक्रमलाई पुनर्विचार गर्नका लागि सम्माननिय अध्यक्षज्यू मार्फत सरकारलाई अनुरोध गर्दै अन्त्यमा सरकार पक्षका एकजना माननीयज्यूले यहाँ भन्नुभो गत वर्षको नीति कार्यक्रमलाई निबन्ध, कथा र कविता भनेर यहाँ टिप्प टिप्पणी गर्नुभयो। माननीयज्यूलाई म नम्र निवेदन गर्न चाहन्छु। गरिब, दलित र सीमान्तकृत जनताका लागि ल्याइएको नीति कार्यक्रमलाई

निबन्ध भन्नुहुन्छ भने त्यहीँ निबन्ध नै नेपाली जनताले खोजेका छन्। वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उद्यमी बनाउने गरी ल्याइएको नीति कार्यक्रमलाई कथा भन्नुहुन्छ भने त्यही कथा नेपाली जनताले सुन्न चाहेका छन्। दाइजो प्रथाको कारण जिउँदै जल्नु पर्ने मधेसका छोरीहरूलाई सम्बोधन गर्ने गरी ल्याइएको कार्यक्रमलाई कविता भन्नुहुन्छ भने त्यहीँ कविता नेपाली जनताले सुन्न चाहेका छन्। यसतर्फ सरकारले ध्यान दिओस् भन्दै म आफ्नो भनाई यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

(१४:४० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य भुवन बहादुर सुनार। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य युवराज शर्मा।

(१४:४१ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):**- सम्माननीय अध्यक्षज्यू, यहीँ २१ गते राष्ट्रिय सभाबाट दलित समुदायको सवालमा प्रस्तुत प्रतिवेदन माथिको गम्भीर छलफल र पारित भएकोमा सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू र सभापतिज्यू लगायत सम्पूर्णमा राष्ट्रिय दलित सांसद मञ्चको तर्फबाट कृतज्ञता प्रकट गर्दछु। हो हामी क्रमशः यो आर्थिक वर्ष ०८२ /०८३ को नीति तथा कार्यक्रम माथि छलफल गरिरहेका छौँ। तर पक्कै पनि यो नयाँ परिस्थिति सृजना गर्ने भनेर होला। हामीले हिजोका दिनमा पहिला सिद्धान्त र प्राथमिकता त्यसपछि नीति र कार्यक्रम प्रस्तुत हुन्थ्यो। तर अहिले अगाडिनै नीति र कार्यक्रम प्रस्तुत भएको छ। यसले उहीँ गोरु पछाडि गाडा अगाडि भने यस्तो बनाएको छ। र यो छलफल र हामीले प्रि बजेटमाथिको बहस छलफल र यसलाई अगाडि लाने क्रममा यो नीति र कार्यक्रमले के निर्देश गरेको छ हामी अब कता जाँदै छौं। र हाम्रो देश अब कति समृद्ध हुने हो? भन्ने यसले ओरेन्ट गरिरहेको छ। यो हेर्दा फगत उहीँ कर्मकाण्डी भन्दा केहीँ देखिएको छैन। यो नीति तथा कार्यक्रमले एउटा कर्मकाण्डी बनाएर कुरा गर्ने मात्र अवस्था देखिएकोले गर्दा हामीले त्यस्तो सोचेका थिएनौं। र सम्पूर्ण नेपालीले पक्कै पनि यो शक्तिशाली सरकार छ। अनि बेजोडका नीति योजनाहरू आउँछन् र हाम्रो देश अब समृद्धी तिर जाने होला भनेर सोचेका थिए र सुनिरहेका थिए राष्ट्रपतिले यहाँबाट सिंहदरबारबाट अथवा बानेश्वरबाट बोलिरहँदा सारा नेपालीहरुले सञ्चार माध्यममा सुनिरहें र लास्टमा उनीहरूमा आशाभन्दा निराशा पैदा बनाइदियो। हामीले सुन्न त सुन्यौं हामीले हिजो हिजो गतका वर्षहरूमा शव्द् जाल फूर्काहरू जोडेर आउँथे। अहिले गर्न सक्ने विषयहरू मात्र आएको छ भनिएको छ। अझैं हामीले हेर्नें छ यो एक वर्ष कति गर्न सकिने भएर आएको रहेछ भनेर। र हामीले किन त्यसो गऱ्यौं? जनतालाई निराशा पार्ने किन त्यस्तो गर्नु पऱ्यो? र गर्न सक्ने कुराहरुलाई गर्न सकिन्छ भनेर जनतालाई आशा किन नदेखाउने? जनतालाई सपना किन नदेखाउने? सपनै नदेखिकन कसरी

विपद आउँछ? त्यसले गर्दा हामीले यि कुराहरूलाई अगाडि बढाउन मुख्य ध्यान दिनुपर्छ। अझ यो पछि मैले अझ अगाडि नै भन्न खोजे। समय अभावले धेरै छुटिरहेको देखिन्छ तर यो सरकारको नीति तथा कार्यक्रममा दलितका सवालमा प्रस्तुत सङ्कल्प प्रस्ताव लेख्ने ठाउँ नै पाएन। त्यस्तै उत्पीडित समुदायलाई किन बिर्सियो? यी पनि यी समुदायहरू खासै त्यस्ता एउटा फुर्काहरू त थिएन होला। वास्तविक वास्तविक उत्पीडनमा परेका वास्तविक समस्याग्रस्त जनता थिए। हामीले जति नीति तथा कार्यक्रम ल्याउछौं। तिनै वर्ग समुदायको हितमा, तिनै पछाडि परेका क्षेत्र र वर्गको हितमा हामीले यस्ता कार्यक्रमहरू ल्याइरहेका छौं भने ल्याउछौं भने हामीले तिनलाई किन भुल्ने? र सारमा भन्ने हो भने यो बिचौलीयाहरूको चगुँलमा त छैन सरकार? र उनैका हितमा यो पहुँचवाला कै हितमा शक्तिशालीहरूकै हितमा मात्रै हामी लाग्यौं कि? यसको बारेमा गम्भीर रुपले समीक्षा गरोस् भन्ने पनि मेरो अनुरोध हो।

त्यसका साथै यो सरकारले जनतामा देखाएको यो जुन किसिमको निराशा छ। जुन किसिमले जनताले अपेक्षा गऱ्या छन्। यसलाई पुरा गर्न मलाई जहाँसम्म लाग्छ यो सरकार शक्तिशाली छ। यसले ड्याम ड्याम ति जनताको पक्षमा निर्णय गर्नुपर्छ। र अहिलेसम्म भएको भ्रष्टाचारलाई कडाईका साथ हामीले नियन्त्रण गरेनौं भने यसैलाई ढाकछोप गर्यो सरकारले भने हाम्रो देश ग्रे लिष्टबाट बाहिर निस्कन सक्छ? मैले अहिलेसम्म सबैका कुरा सुनिरहँदा खेरिमा सबैले पीर चिन्ता मानेकै छन्। र यो पिर चिन्ता मान्नु भनेको सरकारको लागि राम्रो सुझाव हो। र यो सुझावलाई मनन गरिनेछ र यसरी यो आइरहेको नीति तथा कार्यक्रमले भोलि बजेट पनि यहीं अवस्थामा आयो भने हामीले दुःख मान्नु भन्दा अरू सिवाय के रहन सक्छ? र यिनैलाई लिएर सरकार गम्भीर रहोस्। र नीति र कार्यक्रम भन्दा पनि आगामी बजेट लक्षित वर्ग, समुदाय र देश जनताको हितमा आउने र भन्ने अपेक्षाको साथ मेरो भनाई यहीं अन्त्य गर्छु। धन्यवाद।

(१४:४८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य युवराज शर्मा। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य जगत बहादुर पार्की।

(१४:४८ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, संवत् २०८२ बैशाख १९ गते राष्ट्रपति महामहिम राष्ट्रपतिद्वारा प्रस्तुत नीति कार्यक्रममा आफ्नो धारणा प्रस्तुत गर्दछु। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि सहादत प्राप्त गर्नु भएका अग्रज, आन्दोलनका नेतृत्व कर्ता प्रति उच्च सम्मान व्यक्त गर्दै तिव्र विकास र सुशासन

प्रवर्द्धनको भरोसा दिलाई प्रस्तुत भएको छ नीति कार्यक्रम। त्यस्तै संविधान व्यवस्था विरुद्ध अराजकता सृजना गर्ने पक्ष विरुद्ध लक्षित नीति र कार्यक्रमले ठुलो सन्देश बोकेको छ। सायद त्यसैले संविधान र गणतन्त्र विरोधी तत्वले यसलाई राम्ररी बुझेका छन्। अझ त्यसमाथि संविधानको समीक्षा र संशोधनका कुराले झस्केर नीति र कार्यक्रममा थप आक्रामक भइ विवेक गुमाई अभद्र रुपमा प्रस्तुती दिँदै गरेका देखिन्छन्। त्यसैले प्रथम दृष्टिमा नै यो नीति कार्यक्रम स्वागतयोग्य ठान्दछु।

दोस्रो कुरा मलाई पनि समाजवाद अत्यन्तै प्रिय छ। र त्यसको भाव त अझैं बढी। किनभने मेरो विचार वि.पी. को सानिध्यमा हुर्केको हो। भर्खर समाजवादी चिन्तक आचार नरेन्द्र देवको विचार बढी प्रभावित पनि थिए। वि.पी. प्रधानमन्त्री छँदा योजनाकारलाई एउटा अत्यन्त गरिब किसानको फोटोलाई मध्यनजर गरी योजना तथा नीति कार्यक्रम गराउन दिएको निर्देशन र पछि प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले खानेपानी नपुगेको गाउँमा खानेपानी पुऱ्याउनु, विद्यालय नपुगेको गाउँमा विद्यालय निर्माण गर्नु। टुकीको ठाउँमा बिजुली पुऱ्याउनु, समाजवाद हो भनेको सुन्दा म classical वा शास्त्रीय समाजवादको सिद्धान्त बोकेको व्यक्तिको अहि माथि ठुलो चोट पुगेको थियो। तर आजको नेपाली काँग्रेस सहितको वर्तमान सरकारले यथार्थमा आधारित भइ यो नीति र कार्यक्रम ल्याउनुलाई उचित ठानेको छु। एमाले पार्टीले पनि यसलाई व्यवहारिक, यथार्थवाद र जनमुखी भनी व्याख्या गरिसकेको अवस्था छ। त्यस्तै भ्रममा नपरौं। आज पनि स्वच्छ खानेपानीको अभाव छ। रोजगार कम छ। खेतीयोग्य सबै जमिनमा सिँचाइ पुगेको छैन। उद्योगधन्दामा २४ घण्टा विद्युत पुग्दैन। नीति र कार्यक्रमले यस्ता त्यस्ता समस्यालाई समाधान सम्वोधन गर्न खोजेको छ भने त्यो निश्चित पनि स्वागतयोग्य ठान्दछु। समाजवाद भनेको उत्पादन र उत्पादकत्व बृद्धिमा केन्द्रित हुँदैन र? त्यसले प्रचुर उत्पादन र आवश्यकता अनुसारको अनुसारको वितरणमा केन्द्रित हुँदैन र? समाजवाद केन्द्रित हाम्रो संविधानले सांस्कृतिक र सामाजिक रूपान्तरणलाई अङ्गालेको छैन र? नीति र कार्यक्रमले संघीयता कार्यान्वयनका लागि कानुन बनाउने प्रतिबद्धता पनि व्यक्त गरेकै छ। यसरी संविधान र नीति निर्देशक तत्वका बुँदामा टेकेर आएको नीति र कार्यक्रमलाई समाजवाद उन्मुख कार्यक्रम नभनि के भन्ने? मैले अहिलेको नीति र कार्यक्रमलाई समय रुपी घोडामा सवार भएको पनि ठानेको छु। बजेटका कार्यान्वयनले त्यसलाई गति दिने नै छ। मेरो धारणा त अझ "एकै साध्य सबसदे सबसाध्य एक जाय" भन्ने छ। सबभन्दा उच्च प्राथमिकतामा शिक्षालाई राखे पनि कृषिलाई राखे पनि ऊर्जा र जल स्रोतलाई राखे पनि त्यसको सर्वतो भ्रहरी विकासलाई चिन्तन र प्रयोग गर्दा सबै क्षेत्र आफै तानिएर आउँछन् र विकसित हुन थाल्दछन् भन्ने मेरो धारणा छ। नीति र कार्यक्रममा लेखिएको एकीकृत विकास र

जलस्रोतको बहुपक्षीमा उपयोगले यस धारणा थोरै भए पनि अंगालेको देख्दछु। आयात प्रतिस्थापन र निर्यात प्रवर्धनको नीतिलाई सम्पूर्ण एकीकृत रुपमा कार्यान्वयन गर्न सके आत्मनिर्भरता प्राप्त निश्चित नै हुनेछ। सम्माननीय अध्यक्ष महोदय, साँप र सिढीको खेलमा साँपलाई कुशासन र भ्रष्टाचारको प्रतीकको र सिढिलाई सुशासनको रूपमा बुझ्ने गरेको छु। नीति तथा कार्यक्रमले भ्रष्टाचारमा सुन्य सहनशीलता र सुशासनको कुरा गरेको छ। सरकार हित कुरा पूरा गर्न बाध्य पनि छ। किनभने मुलुक ग्रे लिस्टमा परेको छ। २०३० को दिगो विकासको लक्ष्य हासिल गर्न अघि बढ्नुपर्ने सरकारको बाध्यता पनि छ। नीति र कार्यक्रममा त्यसैले पनि मेरो र मेरो दलको समर्थन रहेको छ। प्रस्तुत नीति र कार्यक्रमले शिक्षक, विद्यार्थी, मजदूर, किसान, उद्योगी, स्वास्थ्य क्षेत्र, यातायात, कर्मचारी, पर्यटन क्षेत्र सबैको समस्यालाई पहिचान गरेको सम्झिन्छु। तदनुसार बजेट र त्यसको कार्यक्रमले यसलाई आकार दिने नै छ। सम्माननीय अध्यक्षज्यू, कहिले कहिले म छटपटिन्छु, चिन्तित हुन्छ नागरिकको लगानीमा सञ्चालित बैंकले सी.ई.ओ. लाई ४ करोड वार्षिक पारिश्रमिक दिन्छन् र सामान्य कर्मचारीलाई २०/३० हजार। उता जीवनदान दिने डाक्टरलाई ४०/ ५० हजार मासिक पारिश्रमिकको लागि सङ्घर्ष गर्नुपर्दछ असमानता त छ। नियमन आवश्यक छ। निजीलाई आज सार्वजनिकमा convert गर्ने ठाउँमा सार्वजनिक संस्थानलाई निजी तिर लग्ने उत्पन्न परिस्थितिले हामी सबैलाई दोषी सिद्ध गरेको छ। विसौं गुना मुनाफा कमाइ सकेको उद्योगमा मजदूरले पनि स्वामित स्थापित मजदूरको पनि स्वामित्व स्थापित किन नगर्ने? तर विज्ञ र विद्वानहरूको सल्लाहद्वारा निर्मित नीति तथा कार्यक्रमलाई मेरो समर्थन भने छ। अल्पज्ञ भएकोले पनि होला। नीति र कार्यक्रममा परियोजनाको पुनर्प्राथमिकरण कमाउँदै पढ्दै लक्षित नीति का सहकारीमा आधारित उद्योग कृषिमा पाइलट प्रोजेक्ट सरकारकी क्षेत्रको समस्या समाधान विकास योजनाको समन्वय डिजिटेलाइजेसन विद्युतीकरणका साथै फिजुल खर्च रोक्ने जस्ता कार्यक्रम राम्रा छन्। समग्रमा भन्नुपर्दा प्रस्तुत नीति र कार्यक्रम गतिशील र सन्तोष सन्तोषजनक छ र व्यवहारिक पनि। विदेश नीतिमा भन्नुपर्दा "कविराखडा बजारमे सबती माखे खैर नाकाहुसे दोस्ती नाकाहुँ सेबेर" को नीति नै हाम्रा लागि ठिक हुने सम्झिन्छु। अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमलाई सही ढंगले कार्यान्वयन गर्न सके यसले विद्यमान वर्तमान सङ्कटसँग जुध्ने मात्र होइन, पछार्ने ल्याकत पनि राख्छ भन्ने धारणा राख्दै बिदा लिन्छु। धन्यवाद।

(१४:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जगत बहादुर पार्की। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य दुर्गा गुरुङ।

(१४:५५ बजे) <u>माननीय श्री जगत बहादुर पार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रपतिद्वारा यही २०८२ साल वैशाख १९ गते शुक्रबारको दिनमा संसदको दुवै सदनलाई सम्बोधन गर्दै नीति तथा कार्यक्रम प्रस्तुत भएको थियो र नेपाल सरकारको तर्फबाट प्रस्तुत भएको उक्त नीति तथा कार्यक्रममा म संक्षिप्त रूपमा आफ्नो धारणाहरू राख्न चाहन्छु। सम्मानीय अध्यक्षज्यू, यो नीति तथा कार्यक्रमले वास्तवमा भन्ने हो भने जनतामा कुनै उत्साह छैन। यसले जनताको निराशालाई चिर्न सकेको छैन। लाखौं युवाहरू विदेशमा गएका छन्। उनीहरुलाई स्वदेशप्रति एउटा माया जगाउन सकेको छैन। दलितहरुलाई यो नीति तथा कार्यक्रममा कुनै स्थान दिएको छैन। त्यस्तै गरेर मधेसीहरु, मुस्लिम लगायत पिछडिएका क्षेत्रहरूलाई सुदूरपश्चिम र कर्णाली जस्ता क्षेत्रहरुलाई यो नीति तथा कार्यक्रममा कुनै स्थान दिएको छैन। हामीलाई मलाई के विश्वास थियो भने यो नीति तथा कार्यक्रम प्रस्तुत भइ सके पछि सदनमा छलफल होला र सांसदहरूले राखेको धारणालाई पनि समेटेर पुनर्लेखन गरेर यो नीति तथा कार्यक्रम आउला भन्ने हामीलाई विश्वास थियो किनभने विगतमा त्यो अभ्यास गरिएको थियो। र अहिलेको सरकारले यो संसदलाई र सांसदहरुलाई विश्वास गरेको देखिएन।

सम्माननीय सभाध्यक्षज्यू, यो नीति तथा कार्यक्रममा के कुरा उल्लेख गरिएको छ भने योजनाको प्राथमिकरण गर्ने कुरा यहाँ उल्लेख गरिएको छ। मलाई के लाग्छ भने योजनाको प्राथमिकीकरण होइन कि समस्याको प्राथमिकरण गर्नुपर्छ। आज हाम्रो देशको विशिष्ट अवस्थामा हाम्रो समस्या के हो मुलुकको समस्या के हो र राज्यले लिनुपर्ने नीति के हो? त्यसको आधारमा नीति तथा कार्यक्रम आउनुपर्थ्यो। हामी सबैलाई थाहा छ। यो सरकार बनिसकेपछि विगत १० महिना झन्डै १० महिना भयो सरकार बनेको र यो सरकार बनिसकेपछि हामीले निरन्तर रूपमा एउटा कुरा के उठाउँदै आयौं भने यो भन्दा अघिल्लो प्रचण्ड नेतृत्वको सरकारले जुन सुशासन, समाजिक न्याय र आर्थिक समृद्धिको जुन अभियान चलाएको थियो। त्यो अभियानलाई ब्रेक लगाउनको लागि यो सरकार गठन भएको थियो। र हामीले त्यतिबेला पटक पटक रुपमा संसदमा संसद बाहिर हामीले सार्वजनिक कार्यक्रमहरूमा आफ्ना अभिव्यक्तिहरू दिँदै गर्दाखेरी हामीले के भनेका थियौं भने यो सरकार जनताको सरकार होइन। संख्यात्मक रूपमा दुई तिहाई सदनमा संसदमा भएपनि तर यो जनताको सरकार होइन यो दलाल र बिचौलियाहरुको प्रतिनिधि यो सरकारले गर्छ। हामीले त्यति कै भनेका थिएनौं। त्यसका तथ्यहरू अहिले यो सरकार गठन भइसकेपछि घटनाक्रमहरूलाई हामीले हेर्दै जाने हो भने उक्त हाम्रो भनाइलाई पुष्टि गरेको छ। किनभने पछिल्लो चरणमा नेपाली काँग्रेसका महामन्त्री गगन थापाले नै एउटा सार्वजनिक कार्यक्रममा के कुरा भन्नु भयो भने बिचौलियाहरूको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्म छ भनेर उहाँले भन्नुभयो। त्यो भन्दा पहिले हामीले भन्यौं। हामीले पटक पटक भन्दै आयौं।

कसैले सुनेन। महामन्त्रीज्यूले भन्नुभयो। र त्यसको केही तपाईंको नि व्यवहारिक रूपमा सरकारका एक्टिभिटीहरूलाई हेर्ने हो भने पनि त्यो कुरालाई पुष्टि गरेको छ। जस्तै हामी म के कुरामा विश्वास गर्छु भने नीति कार्यक्रम जति सुकै राम्रो ल्याए पनि वा दस्तावेजमा जति सुकै राम्रो ल्याएपनि त्यसलाई लागु गर्न एउटा कुशल व्यवस्थापकको आवश्यकता पर्छ। जस्तै हामीले विगतमा हेर्यौं एउटा मात्रै उदाहरण हेर्यौं भने पनि यदि देशको समस्यालाई यहाँको राजनीतिक नेतृत्वले सत्तामा रहेको नेतृत्वले इमान्दारपूर्वक हल गर्न चाहने हो भने हामीले धेरै टाढा जानु पर्दैन। कुलमान एउटा उदाहरण। कुलमानलाई हेरे पछि एउटा उदाहरण पुग्छ। किनभने त्यो भन्दा पहिले १८ घण्टा लोडसेडिङ थियो। कुलमान आउनु भयो र २४ सैं घण्टा उहाँले बत्ती बाल्नु भयो। के उहाँले तुरुन्तै रातारात विजुली उत्पादन गरेको हो त? विद्युत उत्पादन गरेको होइन। उहाँले भएको विद्युतलाई नेपाली जनताको पक्षमा, राष्ट्रको पक्षमा जुन चुहावट भएको त्यसलाई सहीँ ढङ्गले उहाँले मेनेजमेन्ट गर्नु भो र चौबिस घण्टा लोडसेडिङ जुन १८ घण्टा लोडसेडिङ भइराखेको थियो। त्यसको अन्त्य गर्नुभयो। आज त्यस्तो मान्छेलाई अपमानपूर्ण तरिकाले तपाईंको बर्खास्त गरिएको छ। उहाँलाई हटाइएको छ। त्यो एउटा मात्रै उदाहरण हो। नीति कार्यक्रममा भनिएको छ देशलाई आत्म निर्भर बनाउने। आत्मनिर्भर बनाउनलाई धेरै कुरा गर्नै पर्दैन्। तपाईं एउटा मात्रै हामीलाई के विश्वास छैन भने सरकारका यि क्रियाकलापहरू र घटनाक्रमहरूलाई हेर्दा खेरी सरकार इमान्दारीता पूर्वक राष्ट्र र जनताको पक्षमा काम गरिराखेको कुरा छ भन्ने कुरा हामीलाई विश्वास लागेको छैन। त्यसकारणले गर्दा खेरी हामीले यो नीति कार्यक्रमको पनि हामीले विरोध र आलोचना गरिराखेका छौं। यदि इमान्दारितापूर्वक राज्यले चाहने हो भने म एउटा मात्रै उदाहरण दिन चाहन्छु। धेरै उत्पादन गर्नै पर्दैन। काठ नेपालमा प्रसस्त मात्रामा छ। तर हामी विदेशबाट काठ आयात राखेका छौं। नेपालको भएको काठलाई यहाँको वन मन्त्रालयले राम्रोसँग सदुपयोग गर्ने हो भने हामी काठलाई निर्यात गर्न सक्छौं। पटक पटक छलफल भएका छन्। समितिमा छलफल भएका छन्। मन्त्रालयमा छलफल भएका छन्। विज्ञहरूले त्यो धारणाहरू राखेका छन्। नेपालमा त्यति काठ छ हामी हाम्रो देशलाई पुग्ने गरी काठको व्यवस्थापन गरी हामी निर्यात गर्न सक्छौं र काठबाट हामी डलर भित्र्याउन सक्छौं। के राज्यले त्यता तिर ध्यान दिएको छ? धेरै उत्पादन नै गर्नु पर्दैन। अरू कुरा त उत्पादन गर्नु पर्छ। विजुली उत्पादन गर्नु पर्छ। कृषिमा उत्पादन गर्नु पर्छ। होइन पर्यटन भित्र्याउँन पर्यटकीय स्थलहरूको त्यहाँ पूर्वाधार निर्माण गर्नुपर्छ। तर काठको तत्काल विरूवा लगाएर उ गर्नु पर्दैन नि। हाम्रो भएको जङ्गललाई सहीँ ढङ्गले सदुपयोग गर्ने हो भने देश आत्मनिर्भर बन्ने प्रक्रिया सुरुवात हुन्छ त्यहाँबाट। अहिले हामीले लाज मान्नु पर्छ तपाईंको हामी प्याज देखि लिएर तपाईंको लसुन देखि लिएर होइन सामान्य सामान्य कुराहरू हामीले विदेशबाट आयात

गरिराछौं। राज्यले सहीँ management गर्ने हो। सहीँ नीति र योजना तर्जुमा गर्ने हो र त्यसलाई कार्यान्वयन गर्ने नेतृत्व तहको एउटा दृढता हुने हो भने हामी कृषिमा भोलि एक वर्ष नै आत्मनिर्भर बन्न सक्छौं। के त्यो दिशातिर नीति तथा कार्यक्रम आएको छ? आएको छैन। मैले भने नेपालको सबैभन्दा नीति तथा कार्यक्रमले के कुरालाई समेट्ने हो भने सबैभन्दा समस्या कहाँ छ? त्यो कुरालाई address गर्नु पर्ने हो। आज दलितहरू संविधान बनेको झण्डै दश वर्ष भइसक्यो। संविधानको धारा ४० मा भएको व्यवस्थाहरू आजसम्म लागु भइराखेका छैनन्। राज्यले के त्यो कुरालाई address गर्नु पर्दैन? राज्यले के त्यो कुरालाई ध्यान नगएको हो? अहिलेको नीति कार्यक्रममा त्यो कुरा समावेश हुनु पर्दैन? के दलितहरू माथिलाई दलितहरूलाई यो राज्यले यो सरकारले दोस्रो दर्जाको नागरिकको व्यवहार गर्न खोजेको हो? के दलितहरूलाई अझै अपमानित गर्न खोजेको हो? के दलितहरूको कुनै पनि आन्दोलन दलितहरूको सहभागिता छैन? के गर्नु पर्ने हो दलितहरुले? अहिले पनि यो नीति कार्यक्रममा उहाँहरूको विषय समेट्न सकेको छैन त्यसकारणले गर्दा समय छोटो भएको हुनाले यो नीति कार्यक्रममा समग्र जनतालाई उत्साह दिन सकेको छैन ..... (समय सकिएको)

(१५:०३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य दुर्गा गुरुङ। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१५:०३ बजे) <u>माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, यहीँ बैशाख १९ गते सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपतिज्यूले आर्थिक वर्ष २०८२/०८३ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ। सम्माननीय अध्यक्षज्यू, जनतामा पैदा भएको निराशा चिर्ने राज्यप्रतिको भरोसा बढाउने आर्थिक गतिशीलतालाई बढावा दिने, भ्रष्टाचार नियन्त्रण गर्दै दण्डहिनताको अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको तथा नीति कार्यक्रममा उल्लेख छ। यसका साथै सरकार गठन गर्ने समयमा भएको गठबन्धन दलहरूबिचको साझा प्रतिबद्धता र प्राथमिकतालाई केन्द्रमा राखी साझा संकल्पसाथ सुशासन प्रबर्धन र तीव्र आर्थिक विकास हासिल गर्ने लक्ष्य समेत सरकारको नीति तथा कार्यक्रममा देखिन्छ। ५६ पेज र १५५ बुँदा नीति तथा कार्यक्रममा छन् जसले समग्र क्षेत्र समेट्ने कोसिस पनि गरेकै छ।

सम्माननीय अध्यक्षज्यू, तर आम नेपाली नागरिकले खोजेको सुशासन रोजगारी सुलभ सेवा प्रवाह भ्रष्टाचार नियन्त्रण गुणस्तरीय विकासको पक्षमा बजेट कसरी आउँछ बजेटको आकार कत्रो हुन्छ

भन्ने कुराले निर्धारण गर्ला र बजेट हेरेर नै धारणा बनाउनु उपयुक्त होला। अहिले अहिले भन्ने म समयलाई मध्यनजर गर्दै दुईवटा विषयमा मात्र कुरा राख्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यो नीति तथा कार्यक्रमले सरकारले थालनी गरेका पुराना आयोजनाहरुलाई सम्पन्न गर्ने कुरामा विशेष जोड दिएको छ। देखाउ देखाउनको निमित्त धेरै नारा र महत्वकांक्षी कार्यक्रम नीति तथा कार्यक्रममा देखिँदैन तथापि शिक्षा क्षेत्रमा भने केही नयाँपन नीति तथा कार्यक्रमले दिन खोजेको छ। सम्माननीय अध्यक्षज्यू, लगभग महिनादिन चलेको शिक्षक आन्दोलनले उठाएका नयाँ शिक्षा ऐन लगायतका केही माग र शिक्षक महासंघसँगको सहमतिलाई यसले सम्बोधन गर्ने प्रयत्न गर्न खोजेको देखिन्छ। सम्माननीय अध्यक्षज्यू, शिक्षा क्षेत्रको समग्र पक्षमा सुधार प्रारम्भिक तथा बालविकास शिक्षा प्रणालीमा परिमार्जन प्रविधि मैत्री शिक्षण प्रणालीको प्रबन्ध पाठ्यक्रमको ढाँचामा परिमार्जन शिक्षक व्यवस्थापन सुधार र शिक्षक बैंक शैक्षिक गुणस्तरीय सुधार गर्न संस्थागत र सामुदायिक विद्यालयबीचको साझेदारी लगायतका धेरै कुराहरु नयाँ देखिन्छन्। शिक्षा नै मूल समृद्धिको मूल आधार हो भन्ने कुरालाई ख्याल गर्दै नीति तथा कार्यक्रममा आएका सबै कुराहरुलाई सम्बोधन गर्ने गरी बजेट आउनेछ भन्ने कुरामा म आशावादी बन्न चाहन्छु। र बजेट निर्माण गर्दा यो नीति तथा कार्यक्रमलाई अगाडि राख्न र सङ्घ प्रदेश र स्थानीय तहबीचका सहकार्यको निम्ति आवश्यक कानुनी व्यवस्था समेत गर्ने गरी अगाडि बढ्नको लागि अध्यक्षज्यू मार्फत सम्बन्धित मन्त्री तथा मन्त्रालयलाई अनुरोध गर्दछु। सम्माननीय अध्यक्षज्यू, यो नीति तथा कार्यक्रममा शान्ति प्रक्रिया बारे एउटा बुँदा र मात्र एउटा वाक्य आएको छ। संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउने र भनिएको छ तर कसरी त्यसको जवाफ नीति तथा कार्यक्रममा पाइँदैन। सायद आएको क्षेत्राधिकार भित्र पर्ने विषय भनेर पनि हुन सक्ला म आफै द्वन्द पीडित महिला भएकोले पनि विशेष रूपमा सरकारलाई खबरदारी गर्न चाहन्छु। कि सङ्क्रमणकालीन न्यायशान्ति प्रक्रियाबारे सरकार उदासीन नहोस् र अब अविलम्ब उजुरी र घटनाको छानबिन उचित दण्ड क्षतिपूर्ति र परिपूरणको व्यवस्थासहित शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने काम यही सरकारकै पालामा हुन सकोस्। सम्माननीय अध्यक्षज्यू, हाम्रो सरकारले बसालेको परम्परा यति राम्रो छैन चाहे श्री ५ लेख्ने सरकार होस् या त्यसपछि ठुलाठुला आन्दोलन र सङ्घर्षले ल्याएको परिवर्तनपछि बनेका सरकार हुन्। नीति तथा कार्यक्रम राम्रै देखिन्छ तर बजेट त्यही अनुसार आउँदैन आउँदैनन् कुराले चिउरा भिज्दैन भन्ने कुरालाई सरकारले गम्भीरतापूर्वक लिने काम गरोस् यति कुरा राख्दै बिदा हुन्छु हस्त धन्यवाद। जय नेपाल।

(१५:०९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:०९ बजे) **मानानीय श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूबाट संयुक्त सदनमा बाचित सरकारले ल्याएको नीति र कार्यक्रमप्रति आफ्नो संशोधन सहितका धारणा राख्न धारणा र सुझाव राख्न चाहन्छु। सुशासन सामाजिक न्यायसहितको विकास समृद्धिमा गुणात्मक परिणाम ल्याउन शिक्षा स्वास्थ्यका आधारभूत वर्गको पहुँच र रोजगार सिर्जना गर्नको लागि कृषि, जलस्रोत, उर्जा, पर्यटन, पूर्वाधार, प्रविधि र आइटीका क्षेत्रमा प्रष्ट देखिने गरी स्रोत सुनिश्चितता सहित नीति र कार्यक्रमको खाका जसरी प्रस्तुत हुनुपर्ने थियो। यो नीति कार्यक्रमले त्यसरी मूर्त खाका दिन सकेको छैन यो नीति कार्यक्रमको अन्तरवस्तुमा जाँदा जनता, पार्टी सत्तारुढ दलकै माननीयहरू र प्रतिपक्ष कसैलाई मनैदेखि खुसी बनाउने कार्यक्रम अपेक्षाकृत कार्यक्रम आउन सकेको छैन। बरु तिनै प्रतिगामीहरूले टाउको उठाउन उत्साहित पार्न मलिलो भूमि तयार पार्नेतिर यो नीति र कार्यक्रम सोझिएको देखिन्छ। कार्यक्रमको समग्र पक्षमा सत्ता पक्षकै माननीयज्यूहरू अन्तरमनदेखि खुसी हुन नसक्नु भएको हामीले हेरेका छौं। तसर्थ यो नीति र कार्यक्रममा समर्थन गर्न सक्ने कुनै आधार छैन। पूर्वबर्ती सरकारले ल्याएको कृषि उत्पादनलाई प्राथमिकतामा राखी कृषि लगानी दशक किसान परिचय गण्डकी त्रिभुज परियोजना लुम्बिनीलाई बर्थिङ्ग हब र जनकपुरलाई विवाह गन्तव्य बनाउने निजगढदेखि ढल्केबरसम्मको क्षेत्रलाई नेपाली गलैंचा करिडोरको रुपमा विकास गर्ने, महिला उद्यमीलाई प्रोत्साहन गर्दै कोसेली घर स्थापना गर्ने रिटर्नी उद्यमशीलता कार्यक्रम हिमाल समृद्धि उद्यमशीलता कार्यक्रम सात प्रदेशमा विद्यालय तहका लागि मेघा भान्छ कार्यक्रम साथीबाट सिक्ने र साथीलाई सिकाउने कार्यक्रम १ पालिका एक डाउन टाउन कार्यक्रम लोकल मदिरा ब्रान्डिङ र गाँजाको व्यवसायी उत्पादनलाई कानुनी मान्यता दिने कार्यक्रम बुढी गण्डकी जलासय निर्माण थाल्ने बुटवल-नारायगढ सडक सम्पन्न गर्ने सूचना प्रविधि पार्क सञ्चालन गर्ने नेपाल एयरलाइनलाई रणनीति साझेदार गर्ने सार्वजनिक सम्पतिको मौद्रिकीकरण गर्ने राष्ट्रिय दलित आयोग प्राधिकरण गठन गर्ने लगायतका स्वरोजगार सिर्जना गरी आत्मनिर्भर राष्ट्रिय अर्थ आय उपार्जन गर्ने दर्जनौ राम्रा कार्यक्रमहरूलाई यो सरकारले पूर्वाग्रह बस लत्याएको छ। ती कार्यक्रमलाई नीति र कार्यक्रममा समेट्न म सुझाव राख्न चाहन्छु। नव उदारवाद दलाल पुँजीवाद बिचौलिया स्वार्थ समूहको जगमा लगामको घोडा चढेर आएको यो कर्मकाण्डी नीति र कार्यक्रमले महिला दलित मुस्लिम थारु सीमान्तकृति उत्पीडित विपन्न वर्ग समुदायको माग, मुद्दा र आवश्यकताप्रति आँखा चिम्लेको छ। समाजवाद उन्मुख संविधानका अन्तर्वस्तुलाई इन्कार गरेको छ। योजना बैंक राष्ट्रिय योजना आयोगलाई मिनिमाइज गरेर अर्थमन्त्रालयले नै सर्वेसर्वा सिलिङ्ग तोक्ने प्रकृया अमूर्त कार्यक्रमको भाषा बोलेर स्वार्थ समूह अनुकूल बजेट आउने खतरा तिर यसले उन्मुख गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, म सरकारसँग निम्न विषयमा संशोधनका लागि ध्यान आकर्षण गर्न चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जनयुद्ध जनआन्दोलन मधेस आन्दोलन लगायतका आन्दोलनमा अमूल्य जीवन उत्सर्ग गर्नु हुने सहिदहरूप्रति हार्दिक श्रद्धा अर्पण गर्दछु भन्ने शब्द राख्दा आन्दोलनप्रतिको न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कदर र सहिदहरूप्रति सम्मान पुग्छ। बुँदा (ख)' मा संविधानको समीक्षा गर्ने जो भन्नुभन्दा अगाडि निर्माण हुन बाँकी सङ्घीय कानुनहरूको निर्माण संविधानको पूर्ण कार्यान्वयन गर्दै संविधानको समीक्षा गरिनेछ भन्ने शब्द राख्नुपर्छ। आजको मूल आवश्यकता भनेको संविधानको मूल मर्म भाव र यसको अन्तर वस्तुका आत्मसाथीकरण हो। अक्षरशः कार्यान्वयनको प्रतिबद्धता हो। समीक्षाको औचित्यता संविधानको पूर्ण कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। बुँदा (घ) मा निर्माणाधीन राष्ट्रिय गौरवका महत्वपूर्ण योजनादेखि बाहेकका सम्भावना रहेका परियोजनाहरू स्थगन गर्ने। १६ औं पञ्चवर्षीय योजनाले अगाडि सारेका सबै परियोजनाहरू आवश्यकता र आर्थिक रुपान्तरणका हिसाबले महत्वपूर्ण छन्। यसलाई सम्पन्न गर्ने प्रतिबद्धता आउनुपर्दछ। बुँदा नम्बर १४ मा रहेको भूमि बैंकको अवधारणा नव उदारवादी नीतिमा आधारित छ। समाजवादको अन्तर्वस्तुसँग यसको साइनो छैन। भूमि बैंक मार्फत जमिनको उपलब्धता सुनिश्चित गर्नुको अर्थ किसानले भूमि बैंकमा जग्गा जम्मा गर्नु पर्ने। परियोजना चलाउनेले बैंकबाट जमिन लिनुपर्ने प्रक्रियाले अर्को एउटा बिचौलिया दलालको जन्म हुन्छ। वास्तविक जमिनवाला किसान र परियोजना सञ्चालक व्यवसाय ठगिने हुन्छ। यसमा विचार गर्न म अनुरोध गर्दछु। बुँदा ५८ मा श्रम प्रोत्सहान अभ्यासलाई निरन्तरता दिने शब्दपछि अर्को हरफ थपी कम्तिमा १२ कक्षासम्मका विद्यार्थीलाई देश भित्रै श्रम गर्ने आदत गराउन भारत र खाडी लगायतका देशहरूमा एन.ओ.सी. दिने प्रक्रिया रोकिनेछ भन्ने कार्यक्रम राख्न आवश्यक छ। त्यसै गरि बुँदा ११२ मा डिजिटल नेपालको फेर्मवर्क कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सूचना प्रविधि पार्क निर्माण गरिनेछ भन्ने शब्द राख्नु आवश्यक छ। १४४ मा देखिएको देखाएको बुँदामा थपी २०४६ साल यता सामाजिक प्रतिष्ठा र राजनीति पदीय अहोदामा रहेका सबैको सम्पति छानबिन गर्न अधिकार सम्पन्न उच्च सम्पत्ति छानबिन आयोग गठन गर्ने कुरा नीति र कार्यक्रममा आउनु पर्दछ। त्यसैगरी नीति कार्यक्रम बुँदा नम्बर १४७ मा रहेको वि.सं. २०८३ साल भित्रलाई हटाएर वि.सं. २०८२ साल भित्रै सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूर्ण पालना गरी नेपाल ग्रे लिष्टबाट हट्ने छ भन्ने प्रतिबद्धता आउनुपर्दछ। धन्यवाद।

(१५:१६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य नरबहादुर बिष्ट।

(१५:१७ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, २०८२/०८३ को बजेटमा आउने कार्यक्रम र बन्ने विषयमा जोड दिएको विषयलाई लागेका र मैले ठम्याएको विषयवस्तुमा यहाँ राख्न चाहन्छु। म खुशी व्यक्त गर्न चाहन्छु पहिलो कुरा। डिजिटल बैंक स्थापना गरी स्थापनाको नीति अवलम्बन गर्नु, कृषि मल कारखाना उत्पादन र उत्पादनकत्व सृजनाको नीति लिनु, कृषि क्षेत्रको उद्यमशीलता गर्न चाहनेलाई पाइलट प्रोजेक्टको नीति लिनु, यो अघिल्लो सरकारको निरन्तरता अघिल्लो सरकारले ल्याएको नीतिलाई फोटोकपी गरेर टक्क राखेकोमा म यो सरकारले धन्यवाद दिन चाहन्छु। आई.टी. प्रणाली, स्टार्टअप उद्यम, बौद्धिक सम्पत्तिको संरक्षण गर्न र प्रवर्धन आदि, जलस्रोतको उद्योगको नीति जलपुनरभरण ताल संरक्षण, जलाशय निर्माण साथै वंकरदेखि ब्यारेकसम्मको कार्यक्रम पनि अघिल्लो सरकारको फोटोकपी गऱ्या हुनाले यो सरकारलाई म धन्यवाद दिन चाहन्छु। राष्ट्रपति महिला उत्थान कार्यक्रम, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, यी नामबाट राष्ट्रपति शब्द मात्र किन हटाइयो? मनपरेका मान्छे राष्ट्रपति हुँदा खुसी हुने। तर मन नपरेका मान्छे राष्ट्रपति हुँदा दिक्क क्षण किन? यो वेथिति भएन र? सम्माननीय अध्यक्ष महोदय, २०८२/०८३ को नीति कार्यक्रम आएको भनेका छौं तर नीति कार्यक्रममा जोड दिएको विषयवस्तु मात्रै आएका छन्। नं. क सुरु हुन भन्दा अगाडिको शब्दले यो पुष्ट्याई गर्दछ। त्यसैले जोड दिने कुरा आयो तर नीति कार्यक्रम आएकै छैन। यस्तो अपुष्ट र कर्मकाण्डी पुलिन्दा बनाउन जोड दिनुको कारण भोलि मनपरी गर्ने छिद्र राखिएको त होइन? सङ्का लागिरहेको छ। पहिलेका पूर्वाधार योजनाको पुनःप्राथिमिकिकरण गरिनेमा विशेष जोड दिएको छ। अब झापाको भ्युटावर। ठुलाठुला सिटीहलहरू आदि अनुत्पादक क्षेत्रहरूमा अर्बौं रकम नष्ट भएको छ। यसबारे सरकार आत्माहर्षित हुन्छ त? कमिसनको खेलमा अर्बौं रकम अनुत्पादित क्षेत्रमा खर्च गरिनु, दिगो विकासका क्षेत्रलाई बेवास्ता गरिन्छ र भ्रष्टाचार किटान भइसकेकाहरु मन्त्रालयभित्र घुस बाढ्ने भ्रष्टहरूलाई मन्त्री बनाएर देशको चाबी सुम्पिनुले यो देश ग्रे लिष्टमा जाँदैन र?

सम्माननीय अध्यक्ष महोदय, विडम्बना संसारबाट हावा खाइसकेको असफल सिद्ध भइसकेको उदारीकरणलाई हाम्रो सरकारले अझ तल झरेर विकृत बिचौलियाको उदारिकरणको बाटोमा जान विशेष जोड दिएको छ। अनि हामी सबै यसै विकृत रूपलाई नयाँ कतै नदेखिएको नीति कार्यक्रम आयो भनेर खुशी छौं। खुशी व्यक्त गरिरहेका छौं। पुराना फाइलहरुका भ्रष्टाचारीहरू र नौला कुख्यात भ्रष्टाचारीहरूलाई जेल नहालीकन सम्पत्ति शुद्धिकरण नगरिकन अबको दुई वर्षपछि देश कालो सूचीबाट ग्रे लिष्टबाट बाहिर आउने त कुरै छाड्नु। कालो लिस्टमा जानकोलागि कसैले रोक्न सक्ने

छैन। त्यसपछि "सुखी नेपाली र समृद्ध नेपाल" को नारा फेरिनेछ र "सुखी कमिसन खोर र समृद्ध बिचौलिया" रहनेछ। सम्माननीय अध्यक्ष महोदय, के साँच्चै प्रचण्डको पालाको सरकारले लिएको हो। लोकप्रिय कार्यक्रमबाट सरकार डराएकै हो त? किन हटायो यी कार्यक्रमहरु? किन अटाइएन यो नीतिमा? दलित प्राधिकरण २० करोड बजेट कता फेकियो? किन आएन? दलित समुदायको लागि निःशुल्क स्वास्थ्य, शिक्षा, छुवाछुतको अन्त्य कार्यक्रम खै? जनता आवास, सुकुम्बासी ५ लाखले लालपूर्जा वितरण किन अटाएन? कर्णाली करिडोर, भेरि करिडोर, कृषि लगानीय दशक, सूचना प्रविधिको दशक एकीकृत प्रणाली सिँचाइ कार्यक्रम समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम खै? किन आएन यो कार्यक्रममा? उत्पीडित क्षेत्र र वर्गलाई छरितो विकास र पहुँचमा लैजान कार्यक्रमहरु हुम्लाको लिमी र डोल्पाको घ्यो उपत्यकालाई पर्यटकीय नमूना बनाउने कार्यक्रम किन आएन? राष्ट्रिय गौरवका आयोजनाहरूको त नामै लिन नसक्नु बिडम्बना नै मान्नु पर्छ। के उत्पीडित क्षेत्र समुदाय र वर्गको मुक्तिदाता प्रचण्ड मात्रै हुन् भन्ने पुष्टि भएन र? यो सरकारले पनि जस लिन किन नसकेको? उद्योग बेच्ने, उद्योगले चर्चेको जग्गा बिक्री गर्ने कमिसन कुम्ल्याउनेमा जोड दिएको छ। सरकार बिचौलियाको निर्देशक पालक बन्ने र देशलाई उँधोगतितिर लैजाने जोड दिएको छ यो कर्मकाण्डी र नीतिमा जोडिएकोले देश अब निराशा र आवेग सिर्जना गर्ने बाहेक केही हुने पाउने छैन। अध्यक्ष महोदय, बुँदा नम्बर ११५, बुँदा नम्बर १२२, बुँदा नम्बर १३६ मा राष्ट्रिय हित राष्ट्रिय सुरक्षा र प्रतिरक्षाको नीति आएको छ। यो धेरै राम्रो कुरा हो। तर छिमेकी देश भारतले दिन दिनै नेपाली सीमाना मिचिरहेको छ। विरोध गर्ने जनतालाई कुटपिट गरिरहेको छ। विरोध गर्ने नेपाली प्रहरीलाई धम्काउने थर्काउने शक्तिको आड देखाउने गरिरहेको छ। तर हाम्रो सरकार भने कानमा तेल हालेर टुलुटुलु हेरिरहेको छ। अब त अति भैसक्यो। सीमाना मिचिएको फिर्ता ल्याउनको लागि क्षतिपूर्तिको लागि संयुक्त राष्ट्र संघमा क्षेत्रिय सार्क समितिमा उजुरी दिने नीति लियोस् साथै नेपाल आर्मी र सशस्त्रको प्रहरीको संयुक्त सिमाना फोर्स निर्माण गरी सीमाना पोष्टमा राख्ने। अन्तर्राष्ट्रिय सिमाना राख्ने गरियोस् र अन्तर्राष्ट्रिय सीमाना बन्द गरी नेपालीको यकिन तथ्याङ्क जीवन सुरक्षा बिमा रेमिटेन्स रोजगारीको रक्षा गर्ने नीति अबलम्वन गरियोस्। सत्ता पक्ष माननीयज्यूले भन्नुभो के दलित प्राधिकरण र २० करोड यो उपन्यास हो? कार्यान्वयन गर्न नसकिने। गर्न नहुने। भएर यो नदिएको हो? नअटाएको हो? दलित, महिला, मुस्लिम, थारू, जनजातिको नामै लिन नसकिने कार्यक्रम बनाउन नसकिने भएर हो? यो अनावश्यक हो। आवश्यकता छैन त? यो कथा कविता मात्रै भयो त? त्यसो भए भ्यू टावर, सिटी हल मात्रै कार्यान्वयन गर्न लायक हो? जनयुद्धका कारण ग्रे लिष्टमा गयो रे! यो हास्यास्पद कुरा भएन र? त्यसो भए केपी ओलीको कार्यकाल सर्वश्रेष्ठ कसरी भयो? धन्यवाद। लाल सलाम।

(१५:२४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सदस्य नरबहादुर बिष्ट। समय ७ मिनेट। त्यसपछाडि माननीय सदस्य सुमित्रा वि.सी.।

(१५:२४ बजे) <u>**माननीय श्री नरबहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी आज नेपाल सरकारको संयुक्त सरकारको ०८२ /८३ को नीति तथा कार्यक्रममाथि छलफल गरिराखेका छौं। थुप्रै माननीयज्यूहरूले यसको बारेमा आ-आफ्नो व्याख्या गरिसक्नुभएको छ। त्यसैले म मेरो उसबाट मैले हेर्दाखेरि यो नीति तथा कार्यक्रम एकदमै बरालिएको जस्तो देखियो। मेरो अध्ययनमा। यसको न उद्देश्य छ न यसको लक्ष्य छ। यो लेख्दाखेरि सायद सुतेको जस्तो लाग्यो मलाई। सुतेर लेखेको जस्तो त्यसैले उद्देश्य बिहीन जस्तो देखिने। लक्ष्य नीति छ। तर कार्यक्रम त यहाँ छदै छैन।

र अर्को तिर अहिले राज्यले मैले एउटा संशोधन प्रस्ताव राखेको छु। जो देश ग्रे लिष्टमा पर्दैछ। २०८३ मा गर्ने भन्ने छ। २०८३ मा किन गर्ने होला। त्यसलाई किन उक्साउने त भन्दा त्यति बेला नेपाली काँग्रेसको सरकार हुन्छ भन्ने उद्देश्यले त्यो प्रेरित छ। त्यसैले यसको बारेमा म सक्षिप्त केहीं भन्न चाहन्छु कि नेपाल ग्रे लिष्टमा पर्‍यो भनेर प्रधानमन्त्रीज्यूले दुईचोटी प्रचण्डको सरकारले गर्दाखेरि पर्‍यो। अर्थमन्त्रीले धेरै ठाउँमा ग्रे लिष्टमा अघिल्लो सरकारले गर्दा पर्यो भन्ने यो गैर जिम्मेवारी अभिव्यक्ति त्यो सोभनीय भएन। किन ग्रे लिष्ट यो पर्यो नेपाल पर्ने हो? कोहि एमाले पर्दैनन् माओवादी पर्दैन काँग्रेस पर्दैन यहाँ। समग्र देश पर्छ। त्यसैले म के भन्न चाहन्छु त भन्दाखेरि सरकारलाई मेरो संशोधन छ यो २०८३ मा किन २०८२ मा नै ग्रेलिस्टबाट हटाउ। अघिल्लो सरकारले राम्रोसँग काम नगरेको भन्ने जुन खालको भाष्य दियो मैले त्योपनि भनिसके २०१४ देखि २०७० सालसम्म अघिदेखि नेपाल सरकार खतराको सूचीमा थियो। तथा कानुन पनि राम्रोसँग कार्यान्वयन नभएको भनेर एसिया प्यासेफिक ग्रुप अफ ए.पि.जीले प्रतिवेदन दिएको थियो त्यसपछि सबैभन्दा सरकारमा पटक पटक को प्रधानमन्त्री भयो लामो समयसम्म ३/३ वर्षसम्म को प्रधानमन्त्री भयो? भन्ने कुराहरुलाई म के अवगत गराउन चाहन्छु त भने सत्ता पक्षका माननीयज्यूहरुलाई प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री केपी ओली चार पटक प्रधानमन्त्री हुँदाखेरि उहाँ नै हुनुहुन्थ्यो। धेरै समय प्रधानमन्त्री हुनुभयो। यसले दुई हजार जसले राजस्व अनुसन्धान विभाग सम्पत्ति शुद्धिकरण विभाग आफ्नो नियन्त्रणमा लिने कारणले काम उहाँ ७४ सालमा प्रधानमन्त्री भइसकेपछि राज्यको मुख्य शक्ति स्रोतहरू आफ्नो नियन्त्रणमा लिनुभयो। त्यति बेला तपाईंहरूले ग्रे लिष्टबाट किन हटाउनु भएन त? त्यो कसको कमजोरी हो? र ग्रे लिष्टमा भन्ने कुरा जो छ मुख्य कार्यान्वयन गर्ने, निर्णय गर्ने,

सम्पति शुद्धिकरण विभागले कामै गर्न सक्दैन सकेन। त्यो सरासर त्यो सम्पत्ति शुद्धिकरण भनेको कस्तो छ भने तपाईको अर्थमन्त्रीले सबभन्दा जो सम्पत्ति कमाएको छ। त्यो मान्छे सम्पत्ति शुद्धिकरणको डि.जी हुन्छ त्यहाँ। अनि त्यसले सम्पत्ति शुद्धिकरणको बारेमा जफत गर्छ? र त्यहाँ तपाईंको धम्काइ थर्काइकन घुस लिने काम हुन्छ। अनि सम्पत्ति शुद्धिकरण कसरी आउन सक्छ।

त्यसैले यो यसमा मेन गरेर सहकारी ठुलो कारोबार हो। अनुगमन न्युन छ। क्यासिनो, नगद कारोबार हुन्छ। यसको कुनै अनुगमन छैन। सुन चाँदी नगदमा कारोबार हुन्छ। क्रिप्टो करेन्सी क्रिप्टोले ठुलो कारोबार सोह्र खर्ब रुपैयाँ कारोबार भइराखेको छ। त्यसको कानुन खै त बनाएको? कानुन किन ल्याउनु भएन तपाईंहरुले? अरू अध्यादेश ल्याउन हुने। बिचौलीयाहरूलाई राम्रो गर्न अध्यादेश मार्फत ल्याउन हुने। तर सम्पत्ति जफत गरेर यसलाई तपाईंको राम्रो उसमा पार्नको लागि अध्यादेश किन ल्याउनु भएन? त्यसैले म यो क्रिप्टो करेन्सी र झण्डै सात खर्ब रुपैयाँको काठमाडौं जिल्ला अदालतमा सम्पत्तिको बारेमा मुद्दा परेको छ। त्यो सम्पति जफत गर्ने कानुन किन ल्याउनु भएन? सुन तस्करी करिब ४ खर्बको सुन तस्करी हुन्छ। नगद कारोबार भएको छ। यसको उदाहरण उस्ति २५ करोड ट्रकमा राखेर चाइना लिन लाएको उदाहरण त देखियोनित। खै त आज ४५ दिन त्यसको जफत गरेको मान्छे पत्ता नलगाएको किन? र हुन्डी कारोबार हुन्डी कारोबारमा २ खर्ब ४६ अर्ब रुपैयाँ हुन्डी कारोबारबाट गइराखेको छ। र हुन्डी, अनलाइन, जुवा, सट्टेबाजी लगायतका सुन तस्करीमा प्रयोग भएका भएको क्रिप्टो जफत नगरेको अहिलेसम्म जफत गरेको छैन। कसूरजन्य सम्पत्ति जफत गर्ने उदाहरणको लागि भन्न चाहन्छु म। जसले तपाईंको सम्पत्तिलाई अख्तियार दुरुपयोग अनुसन्धानबाट सम्पत्ति जफत गर्ने भनेर नियुक्ति गरेको। मान्नुस् दीप बस्नेत पूर्व प्रमुख। राजन नारायण पाठक अख्तियार प्रमुख। उहाँहरूको सम्पत्ति शुद्धिकरणमा खै त जफत गर्ने कानुन किन ल्याउनु भएन? ललिता निवास प्रकरणमा मुछिएका मान्छेको सम्पति जफत गर्नुपर्छ कि पर्दैन त्यो कानुन ल्याउनुपर्छ कि पर्दैन? र पटकपटक गरेर ३०० भन्दा बढी चाइनिजहरु समातिएको छ। तर तिनको सम्पति जफत पनि छैन कारवाही पनि छैन। ३० किलो सुन, १४ किलो सुन, ८० किलो सुन तस्करहरुलाई समातेर सम्पत्ति जफत गरेर त्यो तपाईंको अन्तर्राष्ट्रिय जुन ठाउँको EPG को उसलाई सफल पार्न हाम्रो राज्यले सम्पति जफत गरेर त्यो जुन प्रकृया छ। त्यो प्रकृयामा ल्याउन सक्नु पर्छ कि पर्दैन त? त्यो कानुन ल्याउने कि नल्याउने त? यो कानुन ल्याउँदैन बिचौलीया र तस्करहरूलाई संरक्षण गरेको छ। तत्कालीन सरकार प्रचण्डको सरकारले गरेका भ्रष्टाचार अभियोगका थुना परेका मान्छेको सम्पत्ति जफत गर्ने कानुन ल्याउने कि नल्याउने? अनि सुशासनको कुरा गरेर दिन बिताउन त भएन त। त्यसैले म सम्माननीय अध्यक्ष मार्फत के भन्न चाहन्छु त भन्दा खेरि

अब यो नीति तथा कार्यक्रम कस्तो आयो भन्दाखेरि अब सत्तापक्षका साथीहरूले नीति तथा कार्यक्रमलाई समर्थन गर्नै पर्‍यो। छातीमाथि ढुङ्गा राखे भन्ने गीत छ। छाती माथि यो नीति तथा कार्यक्रम छातीमाथि राखी समर्थन गर्नु पर्या छ र हेरेको हेरैं हेरेको हेरैं यो नीतिले के गर्छ भने तपाईंहरुले हेरेको हेरै हेरेको हेरै कहिले हुनुहुन्छ भने जब जेठ १५ गते यो बजेट आउँछ। त्यतिबेला एकलौटे एमालेकरण भएन भनेपछि त्यसपछि नेपाली काँग्रेसका माननीय साथीहरू हेरेको हेरै हेरेको हेरै हुनेछ भन्ने कुरा राख्दै आफ्नो कुरा अन्त्य गर्दछु। धन्यवाद।

(१५:२५ बजे) <u>पुनःपीठासीन</u>ः- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१५:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य सुमित्रा वि.सी। समय ७ मिनेट।

(१५:३२ बजे) <u>माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>ः- सम्माननीय अध्यक्ष महोदय, आज २०८२ /०८३ को नीति तथा कार्यक्रम यो सङ्को १८ औं अधिवेशन र छैठौं बैठकमा हामी छलफल गरिरहेका छौं। यो छलफल गर्ने क्रममा थुप्रै २३ जना माननीय ज्यूहरूले बोलिसक्नु भएको छ। र धेरै माननीय केही माननीयज्यूहरूले भविष्यवाणी पनि गरेर जानु भाछ। अब यो भविष्यवाणी सफल नहोस् भन्ने मेरो कामना छ। र अब यहाँ सत्तापक्षले जसरी पनि समर्थन गर्नुपर्ने भन्ने कुरो यहाँहरूलाई पनि पोहोर परार अनुभव भएको कुरा हो। अब यो हामी सबैलाई थाहा छ। नेपाल नेपाल सरकारले यो वर्ष आर्थिक वर्षमा आफ्ना नीति कार्यक्रमहरू ल्याउँछ र जसले नेतृत्व गर्या छ जसलाई जे लाग्छ सबैका सुझाव लिएर त्यो सरकारको त्यो सरकारको नेतृत्वको नेतृत्व अनुसार नीति आउँछ भन्ने कुरो हामी सबैलाई थाहा छ। यहाँ साथीहरुले बोलेर गइसक्नु भएको छ अहिले दुई दलको ठूला दलका सरकार संयुक्त सरकार छ। माननीयज्यूहरूले भनिसक्नुभएको छ। यो हाम्रो सहमति अनुसार ७ बुँदाको सहमति थियो त्यो अनुसारै यो बजेट यो नीति कार्यक्रम आएको छ भनेर भन्नुभएको छ। फेरि पनि प्रतिपक्ष बेन्चमा बस्ने माननीयज्यूहरूले भन्दै गर्नुहुन्छ अलिअलि घ्यू थपेर आगोमा घ्यू थपे जसरी यो राष्ट्रपतिको नाम किन हटाएको? अनि आफ्नो मन परेको कुरा नपरेको कुरा यस्तो कुराहरू म त्यता तिर धेरै जान्न। अब यो प्रधानमन्त्रीको पनि परिवर्तन गर्या छ यहाँहरू अलि मसिनरी हेर्दिनु।

प्रधानमन्त्री कृषि कार्यक्रम, प्रधानमन्त्री आधुनिक कार्यक्रमको पनि नाम परिवर्तन गरेजस्तो मैले महसुस गरें। र यो १५५ बुँदा छपन्न पेज र ११ वटा प्राथमिकतामा आएको यो नीति कार्यक्रम यो हामी सबैले पढिसक्यौ। अस्ति सम्माननीय राष्ट्रपतिज्यूले पढ्दा पनि हामी सुन्या थियौं। र फेरि पनि

हामी फेरि दोहोर्याएर पढ्यौं। अब यो पढेर बुँदा बुँदा जाने हामीलाई टाइम पनि हुँदैन र यो यो गर्छौं र त्यो गर्छौं भनेर ठूलै पुस्तिका ल्याउने भरे केहि पनि गर्न नसक्ने भो हुनुभन्दा जे जति गर्न सक्छौ त्यति मात्रै आएकोमा म यो नीति कार्यक्रमको समर्थन गर्दछु। र सबै कुराहरु हाम्रो नेपाल सरकारको औकात अथवा हाम्रो आफ्नो आर्थिक स्थिति सबै कुरालाई ध्यानमा दिएर के गर्न सक्छौं। यहाँ धेरै कुरा उठ्यो राष्ट्रिय गौरवका योजनाहरू किन पारिएन? २४ वटा राष्ट्रिय गौरवका योजनाहरू थिए। यो भन्दा पहिलाका नीति कार्यक्रममा आएका कार्यक्रमहरु, योजनाहरू पुरा नहुँदाखेरि हामीले सधै भरि त्यसको बारेमा सदनमा बोलि रहने। र समितिमा छलफल गर्ने सुझाव दिने मन्त्रीलाई बोलाउने समितिमा सचिवलाई बोलाउने काम हामी गरिरहेका छौं। र त्यो हुनुभन्दा हामी जे जति गर्न सक्छौं। र त्यसलाई पनि प्राथमिकता तोकेर मैले यो भन्दा अगाडि सदनमा बोल्ने क्रममा पनि प्राथमिकता बरु पूर्वबाट सुरु गरौं अथवा पश्चिमबाट सुरु गरौं एउटा योजना सम्पन्न गरौ कमसेकम रिजल्ट आउने गरी त्यहाँको जनताले त सुविधा पाओस्। र त्यो योजना सम्पन्न भयो भने अर्को चोटी अर्को ठाउँ गरौंला। हरेक ठाउँमा बजेट हाल्ने तर एक ठाउँको पनि योजनाहरु सम्पन्न नहुने गर्दा त्यो वर्षौं वर्षका योजनाहरू पुरा नभएको कुरो हामीसँग अनुभव ताजै छ। माननीयज्यूहरु सबै जानकार हुनुहुन्छ। आफ्नो पालामा पनि त्यस्तै गर्या हो। नेपाली जनताको सरकार अब यहाँ धेरै कुराहरु आयो बरालिएको के के शब्द यो म अलिकति भन्न अप्ठ्यारो लाग्छ। यत्रो अब नेपाली कांग्रेस पनि पुरानै पार्टी हो के रे यहाँहरु सबैलाई थाहा छ।

नेकपा एमाले पनि २००६ सालदेखि स्थापना भएको कम्युनिष्ट पार्टी हो भन्ने मलाई लाग्छ र त्यसले जनताकै निम्ति थुप्रै योगदानहरू थुप्रै बलिदानहरु थुप्रै त्यागहरु गरिसकेको त्यसमध्येको छ सालदेखि नभए पनि केरे बत्तीस सालदेखि सुमित्रा बि.सी. पनि यो आन्दोलनमा संलग्न छ। र अब यो यो नीति कार्यक्रममा थुप्रै कुराहरु छुटेका हुन सक्छन् थुप्रै कुराहरु हामीले गर्न नसकेको हुनसक्छ। तर यो जे आएको छ यसलाई भरोसा गर्नुपर्छ भन्ने मेरो अनुरोध हो। अब यो भन्दा अगाडिको नीति कार्यक्रम मैले हेरें। २१७ बुँदा रहेछ। अब अहिलेको भन्दा ६६ बुँदा बढी थियो। कतिवटा बुँदा कार्यान्वयन भयो त? हामी सबैले भोगेकै होला। त्यसकारणले अब यो र त्यो अब जनता निराश भए भन्ने कुराहरू धेरै आयो। जनतालाई निराश हामीले नै पार्या छौ कि जस्तो मलाई लाग्छ। यो ४६ साल यता विकास निर्माण हेर्नका निम्ति माननीयज्यूहरू आफ्नो ठाउँतिर मात्र नजाउँ पूर्वपश्चिम सबैतिर जाउँ। के यस्तै बाटाहरु चिल्ला बाटाहरू थिए त? त्यसकारणले यो मेरो सरकारले मात्रै गर्‍यो भन्ने पक्षमा म छैन। जतिबेला जुन जुन सरकार थियो जसको जसको कति कति योगदान छ हामी सबै जानकार छौं। त्यो भएर हामीले सदनमा आएर यो भएन त्यो भएन भन्नुभन्दा पनि यो गरौं त्यो गरौं भनेर राम्रो ढंगले सल्लाह गरेर जनतालाई उत्साहित बनाउने धेरै भएको छ गर्न अझैं बाकीं छ। र भन्ने कुरो सन्देश ..... (समय सकिएको)

(१५:३९ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संवत् २०८२ साल बैशाख १९ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष, २०८२/०८३ का का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने र सम्माननीय प्रधानमन्त्रीज्यूबाट जवाफ दिने गरी निर्धारण गरिएको व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल वैशाख २८ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल वैशाख २८ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित भयो)।

**स्थगितः १५:४० बजे।**